# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## इरानको न्यायपूर्ण प्रतिरोधप्रति मोर्चाको ऐक्यबद्धता



काठमाडौं । अमेरिका र इजरायलले इरानमाथि गरिरहेको क्रुर हमलालाई इरानले कडा प्रतिरोध गरिरहेको छ । राष्ट्रिय क्रान्तिकारी मोर्चाले इरानको न्यायपूर्ण प्रतिरोधलाई ऐक्यबद्धता प्रकट गरेको छ । राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालको बाँकी ७ पेजमा


वर्ष १० अङ्क ३७ पूर्णाङ्क ४६३ | २०८२ चैत ९ गते सोमबार | Monday 23 March; 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।–


# भारतले फेरि हेप्यो नेपाललाई : लिपुलेक पास हुँदै चीनसँग व्यापारको तयारी

काठमाडौं । पटक पटक नेपाल र नेपालीलाई हेप्दै आएको र नेपालमाथि आफ्नो विस्तारवादी प्रभुत्ववादी नीति लाद्दै आएको भारतको मोदी प्रशासनले एकपटक फेरि नेपाललाई हेपेको छ । नेपाली भूमि लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्रमा पर्ने लिपुलेक पासबाट नेपाललाई नसोधी, अनुमति नलिई भारतले चीनसँग व्यापार गर्ने अन्तिम तयारी गरेको छ । यसबारेमा राष्ट्रिय र भारतीय मिडियाहरूमा विभिन्न समाचारहरू प्रकाशित भए पनि नेपाल सरकारले हालसम्म कुनै प्रतिक्रिया जनाएको छ । जेनजी विद्रोहपछि भएको चुनावबाट आएको नयाँ राजनीतिक शक्तिले सरकार बनाउने गृहकार्य गरिरहेको बेला भारतले नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि पुनः धाबा बोलेको छ । यसबारेमा आगामी रास्वपा तथा बालेन शाह नेतृत्वको सरकारले कस्तो रुख अपनाउँछ, त्यो भने हेर्न बाँकी छ । तर नागरिकस्तरमा तथा राजनीतिक तहमा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूले यसको कडा रूपमा आवाज उठाउँदै आएका छन् र, राज्यलाई पनि




निरन्तर रूपमा खबरदारी गर्दै आएका छन् ।

भारतीय विस्तारवादको तयारी

नेपालको विरोधका बाबजुद भारतले लिपुलेक पास हुँदै चीनसँग व्यापारको तयारी गरेको छ । लिपुलेक पास नेपालको पश्चिमी सीमा लिम्पियाधुराबाट ५६ किलोमिटरभित्रको भूमि हो । यो भूमि हुँदै व्यापार सञ्चालनका लागि भारतको विदेश मन्त्रालयले अनुमति दिइसकेको भारतीय समाचार एजेन्सी पीटीआईले जनाएको हो । 'विदेश मन्त्रालयले नो अब्जेक्सन लेटर जारी गरेपछि सीमा व्यापार पुनः सुरु गर्ने प्रक्रिया अगाडि बढेको छ,' पीटीआईको समाचारमा भनिएको छ, 'विदेश सचिव विक्रम मिस्रीले उत्तराखण्डका मुख्यसचिव आनन्द बर्द्धनलाई पत्र लेखेर लिपुलेक पासबाट व्यापार पुनःस्थापित गर्न भनेका छन् ।' समाचारमा पिथौरागढका जिल्ला अधिकारी (डिस्ट्रिक्ट मजिस्ट्रेट) आशिष भटगाईंलाई उद्धृत गर्दै केन्द्रको निर्देशनपछि व्यापारको तयारी सुरु भएको भनिएको छ । लिपुलेक पास हुँदै सामान्यतया जुनदेखि सेप्टेम्बरसम्म व्यापार सञ्चालन हुने सिजन मानिन्छ ।

नेपालले आफ्नो आधिकारिक नक्सामा महाकाली नदीपूर्वको लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समेटेको छ । तर, यसलाई बेवास्ता गर्दै उत्तर र दक्षिणका छिमेकी दुई राष्ट्रले नेपाली भूमि भएर कहिले व्यापार गर्ने त, कहिले कैलाश मानसरोवर यात्रा खुलाउने सम्झौता गर्दै आएका छन् । गत २ र ३ भदौमा चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका बेला भारतीय समकक्षी एस जयशंकरसँगको वार्तामा दुई देशबीच सीमा व्यापारखोल्ने सहमति भएको थियो ।

भारत र चीनबीचको उक्त सम्झौताप्रति नेपाल सरकारले तत्काल आपत्ति जनाएको थियो । परराष्ट्र मन्त्रालयले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको दोहोऱ्याएको थियो । नेपालले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण-विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न पटक-पटक आग्रह गर्दै आएको छ । भारत र चीन दुवै देशलाई यस विषयमा कूटनीतिक 'नोट' पठाएर पनि नेपालले आफ्नो पक्ष राखिसकेको छ ।

लिपुलेक पास हुँदै चीन र भारतले व्यापार गर्ने सहमति गरेपछि परराष्ट्र मन्त्रालयले ४ भदौमा जारी गरेको 'प्रेस नोट'मा सीमाका विषयलाई कूटनीतिक माध्यमबाट समाधान गर्न आग्रह गरिएको थियो । नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रही आएको जारी 'प्रेस नोट'मा उल्लेख थियो ।

नेपालको विरोध र कूटनीतिक माध्यमबाट समस्या समाधान गर्नुपर्ने आग्रहलाई भारतले बेवास्ता गरेको छ । हिमाली मार्गबाट व्यापार पुनः खोल्न भारतको विदेश मन्त्रालयले अनुमति जारी गरेसँगै त्यहाँको गृह र बाँकी ८ पेजमा

## साम्राज्यवादी युद्धको संयुक्त विद्यार्थी संगठनको विरोध प्रदर्शन





काठमाडौं । साम्राज्यवादी युद्धको विरोधमा विद्यार्थी संगठनहरूले विरोध प्रदर्शन गरेकाछन् । २०८२ चैत्र ६ गते काठमाडौं माइतीघरमा दिउँसो १ बजे जम्मा भएर विद्यार्थी संगठनहरूले प्रदर्शन गरेका हुन् ।

उनीहरूले अमेरिका -इजरायल र इरान युद्धको प्रभाव परेका देशहरूबाट नेपालीहरूको जीवन सुरक्षा गर्न तथा उनीहरूको उद्धार गर्न माग गरेका छन् । इरानमाथि भएको अमेरिकी-इजरायली आक्रमणको विरोध तथा मध्यपूर्वमा कार्यरत नेपाली नागरिकहरूको सुरक्षाको सुनिश्चितताका लागि युद्ध तथा हिंसात्मक हस्तक्षेपको विरुद्ध आवाज उठाएका छन् ।

उनीहरूले सुर्खेतमा इनिशा बि.क.को हत्या प्रकरणमा पीडित पक्षले न्याय पाउनुपर्ने, महंगी नियन्त्रण हुनपर्ने बाँकी ७ पेजमा

## २८ औं सांस्कृतिक प्रतिरोध दिवस काभ्रेको अनेकोटमा भव्य रुपमा सम्पन्न






काभ्रे । अखिल नेपाल जनसांस्कृतिक महासंघ, केन्द्रीय समितिको आयोजनामा काभ्रेको अनेकोटमा बिहीबार साँस्कृतिक प्रतिरोध दिवस भव्य रूपमा सम्पन्न भएको छ ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य एवम् प्रवक्ता हेमन्तप्रकाश ओलीको प्रमुख बाँकी ७ पृष्ठमा

## २८औं सांस्कृतिक प्रतिरोध दिवस चितवनमा सम्पन्न




चितवन । अखिल नेपाल जनसाँस्कृतिक महासंघ , जिल्ला समिति चितवनको आयोजनामा सम्पन्न साँस्कृतिक प्रतिरोध दिवश सम्पन्न गरिएको छ । उक्त कार्यक्रमको अध्यक्षता रविकिरण निर्जीवले गर्नु भएको थियो ।

विरेन्द्र बहुमुखी क्याम्पसमा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका पोलिटव्यूरो सदस्य तथा ११ नं. व्यूरो इञ्चार्ज अटल र अतिथि क्रान्तिकारी महिला संगठन नेपालका संयोजक अम्बिका मुडभरी हुनुहुन्थ्यो । मन्तव्य अटलले राख्नु भएको थियो,अनुभुति फणिन्द्र आचार्य अनलर अम्बिका मुडभरीले राख्नुभएको थियो । कविता वाचन इश्वरी ओझा, प्रकाश बाबू खनाल ,अशोक शर्मा , बाबुराम पाण्डे, हरिकृष्ण खनाल , रविकिरण निर्जीव , नारायण शर्मा बिपिनले गर्नु भएको थियो ।

## ६१औं जातिभेद उन्मूलन दिवस सम्पन्न





काठमाडौं । २०८२ चैत्र ७ गते (२०२६ मार्च २१) मा चार दलित संगठनहरूले एक अन्तरक्रियाको आयोजना गरी ६१ औ जातिभेद उन्मुलन दिवस मनाएकाछन् । "वर्तमान राजनीतिक परिस्थितिमा दलित मुक्तिको सवाल" विषयक अन्तरक्रिया कार्यक्रम बाँकी ७ पृष्ठमा

## 'कम्युनिस्टहरूको पत्तासाफ' होइन, अवसरवादको पत्तासाफ

संसदीय निर्वाचन ०८२ को मत परिणाम सार्वजनिक भई रास्वपाको सरकार गठनको प्रक्रिया शुरु भएको छ । ०७९ को निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी संसदमा ७८ सिट प्राप्त गरेको एमाले ०८२ को निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी २५ मा झरेको छ भने नेपाली कम्युनिस्ट पार्टी (तत्कालिन माओवादी) ले ०७९ को निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी ३२ सिट हात पारेको थियो भने ०८२ को निर्वाचनमा १७ मात्र प्राप्त गरेको छ । यो आँकडाका आधारमा नेपालमा "कम्युनिस्टहरू" को "पत्ता साफ" भयो भनेर दलाल पुँजीवादी पार्टीहरू खुशीयाली मनाएका छन् । खुशीयाली पनि किन नमनाउन् र ? वास्तविकता पनि त्यही हो ।

के "कम्युनिस्टहरू" "पत्ता साफ" भएकै हुन त , प्रथम कुरो, त के हो भने आज जसलाई पुँजीवादीहरूले कम्युनिस्ट पार्टी बताइरहेका छन्, उनीहरू कम्युनिस्ट नै होइनन् । एमाले (पूर्व माले कालमा )ले जब जनताको बहुदलीय जनवादको संशोधनवादी नीति पारित गऱ्यो, त्यति बेलैदेखि कम्युनिस्ट नामबाट पतन भैसकेको थियो । उसले पुँजीवादी बाटो समातिसकेको थियो । तर सर्वहारा वर्गलाई धोका दिन र उनीहरूको मतबाट प्रतिक्रियावादी राज्यसत्तामा पुग्नका लागि हँसिया हथौडाको झण्डा र नाम यथावत राखेर लामो समयदेखि देशविदेश सबैतिर भ्रम पाऱ्यो । नयाँ जनवादको प्रस्ताव मोहनचन्द्र



● सन्तबहादुर नेपाली ●

अधिकारीले महाधिवेशनमा राखे पनि उनलाई धेरैले साथ दिएनन् । साथ दिनेहरू पनि जबज तिरै गए । अहिले बाँकी ७ पृष्ठमा

## सम्पादकीय

### साँस्कृतिक प्रतिरोध दिवसको सन्देश

२०५५ साल चैत ५ गते काभ्रेको अनेकोटमा भएको बीभत्स हत्याकाण्ड हो । र, राज्यको फासिवादी दमनको साहस, सौर्य र बलिदानीपूर्वक निःशस्त्र जनकलाकारहरूले प्रतिरोध गरेको एउटा रक्तरञ्जित इतहास हो । विचारको तागत कति हुन्छ भन्ने कुरा ती जनकलाकारहरूहरूले सान्दार रूपमा प्रस्तुत गरे, जो बरु गोली खान र जिउँदै आगोमा जल्न तयार भए तर वर्गवैरीसँग आत्मसमर्पण गर्न र झुक्न कदापि तयार भएनन् । अनेकोटमा जनकालाकारहरूले देखाएको यी वीरता, सौर्यता र उच्च क्रान्तिकारी आदर्शलाई 'साँस्कृतिक प्रतिरोध दिवस'को रूपमा जनयुद्ध कालदेखि नै माओवादी तथा कम्युनिस्ट क्रान्तिकारीहरूले मनाउँदै आएका छन् । र, यसपटक पनि मनाए । विशेषगरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेता कार्यकतारुले घटनास्थलमै गएर- सहिदहरूको सपना अझै पूरा भएका छैनन् भन्दै ती महान सपना पूरा गर्ने संकल्पबद्ध प्रतिबद्धता व्यक्त गरे । र, छरिएर रहेका र बाटो बिराएका कम्युनिस्टहरूलाई एकताबद्ध भएर सहिदहरूको सपना पूरा गर्ने क्रान्तिको मार्ग कोर्न आव्हान पनि गरे ।

अनेकोटमा सहादत प्राप्त गर्ने कलाकारहरू चाङवा लामा, चिनिमाया लामा, गुम्बासिंह तामाङ, निर्मला देवकोटा, डम्बर श्रेष्ठ, शुभद्रा सापकोटा, मञ्जु कुँवरले बगाएको रगत निरन्तर क्रान्तिको एउटा एउटा उद्घोष र उत्प्रेरणा हो । क्रान्ति केवल बन्दुकले मात्र होइन, विचार र संस्कृतिले पनि लडिन्छ । क्रान्तिकारीहरूमा आफ्नो विचारप्रति कति अटल विश्वास हुनुपर्छ भन्ने प्रमाण अनेकोटले दिएको छ । वर्गवैरीहरू कति क्रूर, आततायी र नुशंसक हुन्छन् भन्ने कुरा यो घटनाले साबित गरेको छ र कम्युनिस्टहरूमा फलामे अनुशासन किन चाहिन्छ भन्ने कुरालाई यो र जनयुद्धमा घटित तमाम घटनाहरूले अमूल शिक्षा प्रदान गरेको छ । क्रान्तिकारीहरूले दुश्मनको क्रूरतालाई कहिल्यै नजरअन्दाज गर्नु हुँदैन । शान्तिपूर्ण समयमा होस् वा युद्धमा, शत्रुको प्रहार जुनसुकै बेला हुन सक्छ भन्नेमा सधैँ सजग रहनुपर्छ ।

अनेकोट हत्याकाण्डले नेपाली कम्युनिस्ट आन्दोलनलाई त्याग र समर्पणको पाठ सिकाएको छ । आजका क्रान्तिकारीहरूले सत्ता र सुविधाको लोभमा फसेर ती सहिदहरूको आदर्शलाई बिर्सनु उनीहरूप्रतिको ठूलो अपमान हुनेछ । विचारमा स्पष्टता, संगठनमा अनुशासन र जनताप्रति उत्तरदायित्व नै अनेकोटले दिएको वास्तविक सन्देश हो । यो दिवसमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य तथा प्रवक्ता सुदर्शले दिएको वक्तव्य पनि निकै सन्देशमूलक थियो । उहाँले भन्नुभएको थियो- 'सेना नभएको जनतासँग आफ्नो भन्नु केही पनि हुन्न । सत्ता बदल्नका निम्ति गरिएका आन्दोलन, युद्ध र संघर्षहरू सरकार बदल्न वा व्यक्ति बदल्नमा सीमित भयो । सत्ता भनेको सेना, पुलिस, कर्मचारी तन्त्र, अदालत, कारागार लगायतका अवयवहरू हुन् । ती सबैलाई यथावत राखेर केवल सरकार मात्रै परिवर्तन गरेर सत्ता परिवर्तन हुँदैन । पुरानै सत्ता कायम राखेर पुरानै व्यवस्थामा जानु प्रचण्डको सबैभन्दा ठूलो कमजोरी भयो । अझै पनि सच्चिने र सच्याउने ठाउँ छ । प्रचण्डजी, रास्वपाको गुलामीतिर नलाग्नुस्, क्रान्तिकारी कित्तामा उभिनुस् । अहिले राष्ट्रिय स्वाधीनताको प्रश्न प्रमुख भएको छ । सम्पूर्ण देशभक्त, वामपन्थी, जनवादी शक्ति, क्रान्तिकारी शक्तिलाई संयुक्त मोर्चा निर्माण गरी सर्वपक्षीय सम्मेलनमार्फत् निकासका लागि स्वाधीन संयुक्त सरकार गठन गरेर अगाडि जानुपर्छ । यो निर्वाचनपछि बन्दै गरेको रास्वपाको सरकारले देशमा विद्यमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान गर्न सक्दैन, देशमा अझ ठूलो भयावह स्थिति पैदा हुन सक्छ । त्यसका निम्ति सम्पूर्ण देशभक्त, कम्युनिस्ट क्रान्तिकारी तथा वामपन्थी शक्तिहरू वृहत संयुक्त मोर्चा निर्माण गरेर अगाडि बढ्न जरुरी छ । सांस्कृतिक सहिदहरूले नै जनयुद्धको जग बसालेका हुन् सहिदहरूका सपना पूरा गर्न क्रान्तिको कार्यभारलाई नयाँ ढंगले अगाडि बढाउने प्रतिबद्धता सबैले गर्नुपर्दछ ।' यही सन्देश र शिक्षा नै आजको सन्दर्भमा अनेकोट हत्याकाण्ड तथा साँस्कृतिक प्रतिरोध दिवसबाट सबै कम्युनिस्ट क्रान्तिकारीहरू लिनुपर्ने अमूल्य निधि हुन् ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं ।

www.moolbato.com

# विभिन्न पार्टीहरूमा संगठन सुधारको प्रश्न



● डा. केशव देवकोटा ●

**नेपालमा पूर्ब माओवादी केन्द्र र एमालेकाबीचमा बेलाबखत हुने एकता र फुटको लुकामारीले धेरै कुराहरू स्पष्ट गरेका छन् । नेपालमा कम्युनिस्टहरू एक हुन नसक्नुको मुख्य कारणनै निजी स्वार्थ हाबी हुनु होभन्ने धेरैको निचोड रहेको छ । संसदवादी कम्युनिस्ट नेताहरूमा निजी स्वार्थ यति धेरै बढ्योकि प्रधानमन्त्रीमा पुगेपछि पैसा कमाइने, पैसा कमाएपछि फेरि चुनाव जितिने भएकाले चुनावदेखि चुनावसम्म र प्रधानमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको शोचले बिभिन्न पार्टी र शक्तिहरूलाई एक हुन दिइरहेको छैन ।**

नेपालमा पछिल्लो समयमा सबै पार्टीमा संगठन सुधारको आवाज उठ्न थालेको छ । नेपाली कांग्रेसको गगन थापा समूहले त पार्टी सुधारका लागि नेता तथा कार्यकर्ताहरूबाट सुझावनै मागेको छ । त्यसैगरी गत फागुन २१ गतेको निर्वाचनपछि संसदवादी कम्युनिस्ट पार्टीहरू एमाले र नेपाली कम्युनिस्ट पार्टीमा पनि संठन सुधारकै प्रश्न उठेको देखिएको छ । एमालेका नेता सुरेन्द्र पाण्डेले पार्टीलाई पहिलेकै लयमा फर्काउन र अझ शक्तिशाली बनाउन तीनवटा प्रस्ताव अघि सार्नुभएको छ । सामाजिक सञ्जालमा लेख्दै उहाँले पार्टी रूपान्तरणका लागि अब केवल राजनीतिक शक्तिमात्र नभई देशका जटिल समस्या समाधानगर्ने विज्ञता र प्रविधिसहितको गतिशील संस्था बन्नुपर्नेमा जोड दिनुभएको पाइन्छ । उहाँले पार्टी संगठनको सुधारका लागि विज्ञतामा आधारित राजनीतिमा जोड दिनुभएको छ । त्यसैगरी उहाँले व्यक्तिगत पहुँचका आधारमा जिम्मेवारी दिने प्रथा अन्त्यगर्दै डिजिटल मेरिटोक्रेसी लागूगर्नुपर्ने, जसका लागि आधुनिक प्रविधि र पारदर्शी मूल्यांकन प्रणालीमार्फत् हरेक कार्यकर्ताको क्षमता र योगदानको निष्पक्ष मापन हुनुपर्ने तथा संरचित पुस्तान्तरणको मोडल बनाइनुपर्ने अघि सार्नुभएको छ । अनुभवी नेताहरूको ज्ञानलाई प्रयोगगर्दै नयाँ पुस्तालाई नेतृत्वमा ल्याउन को-लिडरसिप र मेन्टरसिपको वैज्ञानिक प्रणाली शुरु गर्नुपर्ने उहाँको भनाइ रहेको पाइन्छ । हुन त संसदवादी र क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूका पार्टी संगठनसम्बन्धी आआफ्ना अलल, अलग प्रणालीहरू रहेका छन् ।

भौतिकवादी दर्शनमा आधारित कम्युनिस्ट पार्टीका पार्टी संगठन सम्बन्धी आफ्नै बिश्वब्यापि नीतिहरू पनि छन् । जसको स्मरण आजको प्रमुख आवश्यकता भएको छ । नेपालको राजनीतिक सन्दर्भ हेर्दा, बिचारधारात्मक विभाजन, नेतृत्व विवाद, गुटबन्दी, र जनतासँगको दूरी बढ्दै जानु मुख्य चुनौती रहेका छन् । जसको समाधानगर्न केही व्यावहारिक कदमहरू आवश्यक हुन्छन् । जस्तो पार्टी संगठनमा आन्तरिक लोकतन्त्र सुदृढ बनाउने कुरा धेरै महत्वपूर्ण हुन्छ । त्यसैका लागि कम्युनिस्ट पार्टीहरूमा जनवादी केन्द्रियताको नीति रहेको हुन्छ । तलबाट सुझावहरू माथिसम्म पठाउने र माथिका निर्णय तथा नीति तथा कार्यक्रमहरू तलसम्म सञ्चार गराउन बलियो संयन्त्रको निर्माण र परिचालन गरिएको हुनुपर्छभन्ने रहेको छ । तर पछिल्लो समयमा सञ्चार र त्यसमा पनि अनलाइन प्रबिधिको विकास भएपछि कम्युनिस्ट पार्टीहरूमासमेत सर्कुलर प्रणाली हराउँदै गएको देखिएको छ । पार्टीभित्र निर्णय प्रक्रिया पारदर्शी र सहभागीमूलक बनाउनुपर्छ भन्ने मान्यता पनि रहेको छ । पार्टीमा नेतृत्व चयन, नीति निर्माण, र जिम्मेवारी बाँडफाँडमा सबै तहका कार्यकर्ताको आवाज सुन्ने प्रणाली विकास गर्नुपर्छ । त्यसैगरी पार्टीहरूमा गुटबन्दी जटिल रोगकारूपमा रहँदैआएको छ । जससँग जोडिएर निषेधको राजनीति पनि हुनेगरेको छ । सबै तहका नेतृत्वले आफन्त र आफूलाई मनपरेकाहरूलाई माथि उठाउने र अन्यलाई किनारा लगाउने प्रबृत्ति पनि बढ्दो छ । जसले पार्टीहरूलाई कमजोर बनाउने काम गरेको छ । त्यसैले पार्टीहरूमा पनि ठीक नेता तथा कार्यकर्तालाई ठीक ठाउँमा जिम्मेवारी दिने कुरामा ख्याल गरिएको हुनुपर्छ । पार्टीहरूमा देखिने आन्तरिक अन्तर्बिरोधको सही र पार्टी हित अनुकूल हलगर्दै एकता कायम गराउन निरन्तर प्रयास गरिएको हुनुपर्दछ ।

त्यसैगरी व्यक्तिगत स्वार्थ वा गुटगत राजनीतिले पनि पार्टी संगठनलाई कमजोर बनाउँछ । जुन कुरालाई नेतृत्वमा रहेकाहरूले सधै ख्याल गरेको हुनुपर्दछ । त्यसैगरी पार्टीहरूमा साझा बिचार, नीति र लक्ष्यमा आधारित एकता निर्माणगर्न आवश्यक छ । तर पछिल्ला दिनमा ब्यक्तिगत बिचारको प्रधानता बढिरहेको छभने नीति र लक्षमा आधारित एकता कसरी कायम गर्ने/गराउने भन्ने कुराको ख्यालगर्न छाडिएको देखिएको छ । पार्टी भनेकै एक प्रकारको बिचारको संगठन हो । तर पछिल्लो समयमा पार्टीलाई निहित स्वार्थ पूर्तिको संगठन बनाउने कामहरू हुनथालेका छन् । मार्क्सवाद र लेनिनवादलाई अवसरवादले बिस्थापित गर्दैलगेको देखिएको छ । पार्टीहरूमा वैचारिक स्पष्टता र प्रशिक्षणको पनि त्यतिकै दरकार पर्दछ । मार्क्सवादी सिद्धान्तलाई समय सापेक्षरूपमा प्रयागगर्ने कलाको विकास गरिनु पनि त्यतिकै आवश्यक रहेको छ । पार्टीहरूले आफ्नो पार्टीका नीति तथा कार्यक्रम र बिभिन्न सन्दर्भहरूकाबारेमा पार्टीका सबै तहमा निरन्तर प्रशिक्षण र छलफल चलाएको हुनुपर्दछ । कार्यकर्तालाई नियमित वैचारिक तथा प्राविधिक प्रशिक्षण दिनु जरुरी छ, ताकि उनीहरू समाजका बदलिँदा आवश्यकतासँग जोडिन सकून् । त्यसैगरी पार्टीहरूमा युवाको सक्रिय सहभागिताको प्रवन्ध गरिएको हुनुपर्दछ । किनकी युवामा केही गरौंभन्ने चाहना र जाँगर दुबै रहेको हुन्छ । जसलाई अनुभवी नेताहरूले आफ्नो अनुभवका आधारमा परिचालन गर्न/गराउन सक्ने होभने त्यसबाट राम्रो उपलब्धी हाँशिलगर्न सकिने हुन्छ । युवा पुस्तालाई नेतृत्वमा ल्याउने, उनीहरूको नयाँ शोच र ऊर्जा उपयोगगर्ने वातावरण बनाउनु आवश्यक छ । जसले पार्टीलाई दीर्घकालीनरूपमा बलियो बनाउँछ । त्यसैगरी पार्टी राजनीतिमा जनतासँग प्रत्यक्ष सम्बन्ध कायमगर्ने कुरा पनि धेरै महत्वपूर्ण हुन्छ । पार्टीका हरेक नेता तथा कार्यकर्ताहरूले आआफ्नो क्षेत्रका जनताको दैनिक समस्यासँग प्रत्यक्ष जोडिनुपर्छ । रोजगारी, शिक्षा, स्वास्थ्य, महँगीजस्ता जन सरोकारका मुद्धामा स्पष्ट र निरन्तर कार्यक्रमहरू ल्याइएको हुनुपर्छ । त्यसैगरी पार्टीहरूमा पारदर्शिता र जवाफदेहिताको पनि त्यतिकै महत्व रहन्छ । पार्टीका आर्थिक तथा ब्यवस्थापकीय गतिविधिमा पारदर्शिता कायमगर्नु अत्यन्त जरुरी छ ।

पार्टीभित्र र बाहिरसमेत भ्रष्टाचार वा आर्थिक लगायतका दुरूपयोगका विरुद्ध कडा कदम चाल्नुपर्छ । त्यसैगरी पछिल्लो समयमा संसारमा नयाँ, नयाँ प्रविधिको प्रविधिको विकास भैरहेको छ । त्यसबारे नेतृत्वले तत्काल जानकारी हाँशिल गरेर आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरूलाई प्रशिक्षित गरेको हुनु पर्दछ । डिजिटल प्लेटफर्ममार्फत संगठन विस्तार, सूचना प्रवाह, र जनसम्पर्कलाई आधुनिक बनाउनु पर्छ । गत फागुन २१ को निर्वाचनमा रास्वपाले डिजिटल प्लेटफर्ममार्फत चुनाव प्रचार गरेर अनपेक्षित परिणाम हात पारेको उदाहारण सबैका सामु छ । खासगरी कम्युनिस्ट पार्टीहरूमा बर्ग र बर्गसंघर्ष, जनताका अन्तर्बिरोधहरूको सही सञ्चालन गर्ने/गराउने, पार्टी समितिहरूको नेतृत्व र परिचालन कसरी गर्ने/गराउने, समाजवाद र साम्यवाद के हो ?, राजनीतिक काम कस्तो हुनुपर्छ ?,देशभक्ति र अन्तराष्ट्रिवाद भनेको के हो ? स्वाबलम्बन र गाह्रो संघर्षको सञ्चालन कसरी गर्ने/गराउने ?, समाज र पार्टीमा ब्याप्त गलत बिचारहरूलाई कसरी सच्याउने ?, पार्टीको एकता र अनुशासन के हो ?, आलोचना र आत्मालोचना कसरी गर्ने ?, पार्टीका कार्यकर्ता, युवा तथा संस्कृति र कलासम्बन्धी नीतिहरू के के हुन् ?, लगायतका कुरामा निरन्तर ख्याल गरेर सबै तहमा प्रशिक्षण र मूल्यांकन गरिएको हुनुपर्दछ । तर नेपालमा पछिल्लो समयमा खासगरी ०४६ सालको परिवर्तनपछि कम्युनिस्ट पार्टीहरू पनि नेपाली कांग्रेसको सिको गरेर बढी स्वतन्त्र र प्रजातान्त्रिक हुनखोज्दा उपरोक्त कुराहरूबाट बिमुख बन्दैगएको देखिएको छ । जसले पार्टी संगठनलाई कमजोर बनाउने काम गरेको छ । नेपालमा पटक, पटक वामपन्थी शक्तिकाबीच एकताको कुरा चलेपनि त्यो असम्भवजस्तो देखिने गरेको छ । उपरोक्त कारणलेगर्दा नै कतिपय पुराना क्रान्तिकारी र परिवर्तनकारी शक्तिहरूमा क्रमश क्षयिकरण हुँदैगएको छ । कतिपय कम्युनिस्ट नामधारी पार्टीहरूलेनै अन्य कम्युनिस्ट पार्टीहरूलाई टुटाउन र फुटाउन अभियाननै सञ्चालन गर्नेगरेको पनि देखिएको छ ।

नेपालमा पूर्ब माओवादी केन्द्र र एमालेकाबीचमा बेलाबखत हुने एकता र फुटको लुकामारीले धेरै कुराहरू स्पष्ट गरेका छन् । नेपालमा कम्युनिस्टहरू एक हुन नसक्नुको मुख्य कारणनै निजी स्वार्थ हाबी हुनु होभन्ने धेरैको निचोड रहेको छ । संसदवादी कम्युनिस्ट नेताहरूमा निजी स्वार्थ यति धेरै बढ्योकि प्रधानमन्त्रीमा पुगेपछि पैसा कमाइने, पैसा कमाएपछि फेरि चुनाव जितिने भएकाले चुनावदेखि चुनावसम्म र प्रधानमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको शोचले बिभिन्न पार्टी र शक्तिहरूलाई एक हुन दिइरहेको छैन । हिजोका कतिपय क्रान्तिकारी नेताले त निहित स्वार्थका कारण कम्युनिस्ट पार्टी र राजनीतिनै छाडेका उदाहारणहरू पनि रहेका छन् । त्यसैले सही क्रान्तिकारीहरूले त्यसरी पतनमा गएका नेता तथा कार्यकर्ताहरूकोसमेत निरन्तर अध्ययन र बिश्लेषणगर्न सक्नुपर्दछ । बिचार छाडेर हिँडेपछिनै कतिपय नेताहरूमा व्यक्तिगत स्वार्थ हाबी भएको देखिएको छ । २६ वटा दल र समूह मिलेर बनेको भनिएको नेपाली कम्युनिस्ट पार्टीले गत निर्वाचनमा २६ सिटमा पनि बिजय हुन नसकेपछि बिभिन्न स्थानमा सभागर्दै हिँडिरहेको देखिन्छ । तर पार्टीको नेतृत्व र संगठनको प्रारूपबारे सो पार्टीले अझैपनि निश्चित बाटो तयगर्न सकेको छैन । सो पार्टीका कतिपय नेताहरूलेनै आफ्नो पार्टीका नेताहरूको व्यवस्थापनगर्न चुनौती भएको बताउने गर्नुभएको छ । त्यसैलेगर्दा नेपालका सन्दर्भमा प्रायः सबै पार्टीमा पुनरगठन र आफ्नै पार्टीको पुनरमूल्यांकन आवश्यक देखिएको छ । त्यसबाटमात्र पार्टीको सुधारका सूत्रहरू पत्तालगाउन सकिन्छ । यसतर्फ सबैको समयमै ध्यान जानुपर्दछ ।

# सहकारी पीडित फेरि सडकमा आन्दोलन गर्दै





सहकारीमा फसेको आफ्नो वचत रकम फिर्ताको माग गर्दै सहकारी पीडितहरूले काठमाडौंको माईतीघर मण्डलामा विरोध प्रदर्शन गरेका छन् ।

अगुवाइमा उनीहरूले सरकारको ध्यानाकर्षण गराउन पुनः सडक आन्दोलन शुरु गरेका हुन् । विगत ४५ महिनादेखि निरन्तर सडक आन्दोलनमा रहेका पीडितहरूले सरकारसँग पटक-पटक सम्झौता भए पनि हालसम्म न्याय नपाएको गुनासो गरेका छन् ।

सरकारले गरेका सम्झौताहरू कागजमै सिमित भएको र आफूहरूको बिचल्ली भएको भन्दै उनीहरू आक्रोशित बनेका छन् । उनीहरूले वाचापत्रमा लेखेको सय दिनेप्रक्रिया हामीले पनि सम्झिएका छौं, आफ्ना छोप्ने, पराइ मात्रै हेप्ने प्रवृत्ति नदोहोरियोस्, अपराध अनुसार सञ्चालकको प्रवृत्ति अनुसार दण्ड गर्ने विधान बनोस्, ठग सञ्चालकहरूको नागरिकता, पासपोर्ट, बैंक खाता, चल अचल सम्पती रोक्का गरियोस्, नयाँ बन्ने सरकार सहकारी पीडितलाई न्याय दे लगायतका प्लेकार्डहरू बोकेर प्रदर्शन गरेका छन् ।

# फागुन २१ मा चुनाव सम्पन्न भएपछि



● शालिकराम भण्डारी ●

वर्गमा विभाजित समाज हुने खाने र गरिखानेमा राज्यको प्रभावकारी निकाय संसद उपल्लो वर्गको हातमा रहेको छ। निम्न वर्गले प्रतिनिधित्व गर्ने मौका पाउँदैन। जसले धन, शक्ति प्रयोग गर्न सक्दैन, उसको अस्तित्व हुँदैन। यो अकाट्य नियम हो। नेपालमा संसदीय व्यवस्था प्रारम्भ भएको धेरै भएको छैन। सामन्तवाद राजनीतिक ढंगले मात्र समाप्त भएको हो। आर्थिक रूपले यथावत छ। यो सत्य नै हो। सामन्तवाद पछि पुँजीवाद आउँछ।

अहिले पुँजीवादी संसदले काम गरिरहेको छ। राष्ट्रिय पुँजीपति वर्गले टाउको उठाउन पाएको छैन। दलाल तथा नोकरशाही पुँजीपतिवर्गको पकड छ। यसको मतलव अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद। पुँजीवादी लोकतन्त्रका स्थापनामा नेपाली कांग्रेस नै प्रथम हो। यसले आस्थाको केन्द्र ती बाह्य शक्ति हुन्। आजसम्मको व्यवहारले त्यस्तै देखाएको छ। अव त लगभग सँगसँगै जन्मेको कम्युनिस्ट पार्टी जसले संवैधानिक राजतन्त्र हुँदै गणतन्त्रसम्म पुगेपछि एउटा ठूलो हिस्साले आफ्नो लक्ष्य पूरा भएको सम्झेर संसदीय व्यवस्थाबाट पनि नयाँ जनवादको खुड्किलो पार गरेर वैज्ञानिक समाजवाद प्राप्त गर्न सकिने दृढ निश्चय गरी त्यतैतिर कम्मर कसेर लागेको छ। गणतन्त्रपछि भएका निर्वाचनले बनाएको संसदमा कसैले समाजवादी कार्यक्रमको सम्बन्धमा एक शब्द बोलेन। एउटा कानुन निर्माण गरिएन। विदेशी शक्तिले यो दृश्य हेरिरहेको थियो। इन्डोप्यासिफीक रिजनमा अमेरिकी साम्राज्यवाद आफ्नो बलियो उपस्थिति बनाउन जोडतोडले लागेको छ। चीनको दिनप्रतिदिन बढ्दो शक्ति कमजोर गराउनु यसको मुख्य उद्देश्य हो। यता सार्क क्षेत्रको शक्तिशाली देश भारत पनि चीनको उदयमान शक्ति देख्न कहाँ चाहन्छ ? त्यसैले यी दुई भाईको मेलमिलापमा नेपालका प्रतिक्रियावादीलाई शक्तिमा पुराउन आफ्नो अनुकूल बनाउन फागुन २१ गतेको निर्वाचन गरिएको हो।

नेपालमा ३ राजनीतिक शक्ति छन्। प्रतिगामी, यथास्थितिवादी र क्रान्तिकारी। पहिलो र दोस्रो शक्तिसँग बाह्य शक्तिको गठनबन्धन भैरहन्छ। तेस्रो शक्ति यिनीहरूसँग धेरै टाढा छ। २ मध्ये कसैलाई टाढाको देख्दैनन्–दुवैलाई प्रयोग गर्छन्। तैपनि यिनीहरूको मुख्य आज्ञापालक अहिलेसम्म भेटाउन सकेका थिएनन्। नेपालको हितसँग उनीहरूको कुनै चासो हुँदैन। नेपालमा रास्वपा नामको नयाँ पार्टी खुलेको छ। यो नै अमेरिकी साम्राज्यवादको भरपर्दो विश्वासिलो मित्र हुनेछ। यसमा कुनै शंका छैन। नेपालको परराष्ट्र नीति असंलग्न,स्वतन्त्र हुने कुरा हरायो- अमेरिकीमुखी हुने भयो। यिनी सबै चाल भित्रभित्र चलिरहेकै थिए।

२०८२ भदौं २३,२४ गतेको घटनाको कारकतत्व पनि त्यसैलाई पूरा गर्नु थियो, चुनावद्वारा पूरा गरियो अव वैधानिकता प्राप्त गर्न कुनै कठिनाई भएन। धर्मनिरपेक्षताको सट्टा हिन्दु राष्ट्र बनाउन पनि सकियो, दबाब पर्न गए गणतन्त्र फालेर संवैधानिक राजतन्त्रमा रूपान्तरण गर्न के बेर ? स्वतन्त्रता, स्वाभिमान, गणतन्त्रमा गुमेको जस्तो थियो। केही प्रतिपक्षका पार्टीहरू र जनताले जिमीतिमी धानेका थिए, तर अव त त्यो पनि शून्य बराबर भएको जस्तो छ। गत भाद्र २३,२४ अगाडि मनपरी शासन संचालन गर्ने विरुद्ध केही पार्टी र सचेत जनताले विरोध गर्ने गर्थे, त्यो पनि गुम्ला जस्तो छ। ०७२ को संविधानले कमसेकम कुरा गर्न दिन्थ्यो - संविधानमा समाजवाद उन्मुख भन्ने धारा उल्लेख गरेको थियो। त्यो पनि दुइ अहिले प्राप्त तिहाइले खाला जस्तो छ। राजा महेन्द्रको ०१७ सालको प्रतिगामी कदमले जनतालाई आन्दोलन युद्धमा उतारेको थियो, संघर्षको वातावरण जताकतै थियो। त्यही आन्दोलन संघर्षले निरन्तरता पाउने धेरै सम्भावना बढेको छ। बाटो छोडेका भू.पू. कम्युनिस्टहरू फागुन २१ को निर्वाचनमा ठूलै भाग पाउने फेरि सत्तामा पुग्ने आशा गरेका थिए- तिनीहरू साम्राज्यवादी विस्तारवादी चाल, गतिविधि राष्ट्रको निम्ति हानिकारक हुनेमा कुनै शंका फिक्री लिंदैनथे। नतिजा प्रकाशन पछि लोपोखाइ मागेर बसेका छन्, निराश छन्। कसकसैले त दुई तिहाई तिर लाग्ने आटेका छन्। किनकि आफूले गरेको अपराधपूर्ण कार्य ढाकछोप हुन सक्ने उ जनको आशा छ। त्यस्ताको आशा निराशामा बदलिंदैन पूरा हुन्छ।सामन्तवादी, पुँजीवादी व्यवस्थामा गरिने व्यवहार यस्तै हुन्छ। रविलाई जेल हालियो। थुप्रै जरिमाना तिर्न पऱ्यो, करोड भन्दा बढी उनले नागरिकता जस्तो मामिलामा त नेपाल सरकारलाई टेरेनन्। उनले गठबन्धनलाई टेरिदिएको भए सबै सामसुम हुन्थ्यो। टेरेनन्, उनको प्रवृत्ति नेपालको भन्दा पृथक रह्यो।

जेनजी लोकप्रिय नाम राखी स्कूल, कलेजका छात्र, छात्राहरूलाई उक्साई अगाडि सारेर मार्न लगाउने समूह मानेका निम्ति गोली ठोक्न आदेश दिने गठबन्धन सरकार समान रूपले दोषी छन्। विभिन्न निर्देशित मान्छेका घर, ऐतिहासिक भवन, संसद भवन, सर्वोच्च अदालत, व्यापारिक प्रतिष्ठान जलाउने जेनजीका युवा हैनन्। यी सब छुट्टै फाँटबाट खटिएर आएका व्यक्तिहरूको भुण्ड हो। यदि ती बहुमत जनताका निम्ति आन्दोलनमा गएका हुन्थे भने लुटपाट गरेको, खोसेको धन सम्पत्ति जनताको प्रयोगको निम्ति राज्यको ढुकुटीमा जम्मा गरिदिनुपर्थ्यो। जेनजी आन्दोलनमा राखिएका मागहरूको निम्ति संघर्ष जारी राख्नु पर्थ्यो, खै ? सुशीला कार्कीलाई सत्तामा पुऱ्याएपछि चुपचाप अरु सबै काम तिनैले गरिन। संसद विघटन गरिन, चुनावको मिति घोषणा गरिन्।

चुनाव पनि सम्पन्न भयो, नतिजा आइसक्यो। रास्वपाले दुई तिहाई सदस्य संख्या सदनमा पुऱ्याउने भयो। धन र दमन प्रयोग गरेर संसद कब्जा गरेका, अल्पमतको सेवाको निम्ति शासन संचालन गरेका पुँजीवादी पार्टीहरू र नामधारी कम्युनिस्टहरू अहिले हिस्स बुढी किस्स दाँतको अवस्थामा पुगेका छन्। भाद्र २३, २४ भन्दा पहिलेका संसदीय पार्टीहरूले यो सबै परिपञ्च मिलाउन बाह्य, भित्री कुन शक्तिको मुख्य हात छ- बुझ्न सकेनन्, बुझ्न चाहेनन्। बाह्य शक्ति अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद आफूहरूसँग नै सन्तुष्ट रहेको दावी गर्ने गरेका थिए। तर यी २ प्रभु यिनीसँग त्यति सन्तुष्ट रहेनछन्। तीन चार वर्षदेखि खेल खेलिरहेछ, भाद्रको घटनाले सावित गरिदियो। सत्तामा अति भरपर्दो अति विश्वासिलो समूह आउने भयो। यी २भाई ढुक्क छन्।

फागुनको २१ गते सम्पन्न निर्वाचनको परिणाम यस्तो आश्चर्य लाग्दो छ-विश्वमा कहीं कतै देख्न सुन्न पाइएको छैन। बेलायतको औपनिवेशिक शासनबाट अमेरिकालाई मुक्त गर्ने मुक्तिदाता भारतका मुक्तिदाता गान्धी नेहरू शाह, राणा वंशबाट आन्तरिक स्वतन्त्रता दिलाउने नेपालका नेताहरू यस्तो जनमत प्राप्त गर्न सकेका थिएनन्। जति तीन चार वर्ष अगाडिसम्म राजनीति क्षेत्रमा अपरिचित व्यक्तिहरूको समूहले प्राप्त गऱ्यो। यस मानेमा आश्चर्य लाग्दो भन्न परेको हो। कैयौं दशकसम्म लोकतन्त्र र गणतन्त्र अझ अगाडि जनगणतन्त्रका प्राप्तिको निम्ति दुःख कष्ट जेलनेल निर्वासित जीवन भोगेका सहिद हुनु परेकाहरूको कुनै मूल्यांकन छैन। यस्तो अवस्था पैदा गर्न गणतन्त्र प्राप्त पछि सत्तामा बसेका पुँजीवादी पार्टी र नक्कली कम्युनिस्टहरूले सामन्तवादी शासनको नीतिलाई अनुकरण गर्नाले हो। मन परिचतन्त्र, तानाशाही शासन पद्धति, घुसखोरी, भ्रष्टाचार त्याग्न नसक्नु बरु बढावा दिनाले हो। त्यसैले यो नयाँ पार्टी (रास्वपा) र राजावादीले गणतन्त्रवादी पार्टीहरूका कमी कमजोरी जनताका अगाडि देखाइ दिने मौका पाएका हुन, नत्र जनहितकारी काम गर्ने कहाँ हुन र ? यिनका घोषणापत्र, कार्यक्रम आजसम्मको व्यवहारले देखाइई सकेको छ। बाह्य शक्ति अमेरिका भारत, मित्र शक्ति रास्वपा, भू.पू. राजावादी खलकको बलियो गठबन्धन हुँदै गैराखेको छ। जति निश्पक्षता, स्वतन्त्रता, समानताको गफ गरे पनि त्यो अभिनय मात्र हुनेछ, केही समयपछि नेपालीले प्रशस्त थाहा पाउने छन्। राजा महेन्द्रले ०१७ सालपछि गरेको दमन र यिनले गर्ने दमनमा केही फरक पर्ने छैन। यो चुनाव जितेको हैन-जिताइएको हो। व्यवस्था बदली नयाँ व्यवस्थाको लागि लड्ने कम्युनिस्टहरूले गम्भीर भै सोच्न पर्छ। समाजवाद साम्यवाद लक्ष्य राख्नेहरू धनले किन्ने, शक्ति, प्रयोग गरेर जनमत कब्जा गर्ने निर्वाचन पद्धतिलाई जनताको लोकतन्त्र सम्झेर बस्न हुँदैन। जागरुक हुनुपर्छ।

# बलात्कार र हिंसा विरूद्धको कानुन र हाम्रो जिम्मेवारी



● कल्पना पौडेल 'जिज्ञासु' ●

नेपालमा २०७९ सालको भाद्र १ गतेदेखि लागू भएको नयाँ फौजदारी कानूनले बलात्कार र हिंसाका घटनामा गम्भीर कदम चालेको छ। यसले बलात्कारका अपराधमा संलग्न व्यक्तिहरूलाई जन्मकैदको सजायको व्यवस्था गरेको छ भने, १८ वर्षमुनिका युवतीसँग शारीरिक सम्बन्ध राख्दा पनि करणी ठहरिने नियम लागू गरेको छ।

नेपालमा २०७९ सालको भाद्र १ गतेदेखि लागू भएको नयाँ फौजदारी कानूनले बलात्कार र हिंसाका घटनामा गम्भीर कदम चालेको छ। यसले बलात्कारका अपराधमा संलग्न व्यक्तिहरूलाई जन्मकैदको सजायको व्यवस्था गरेको छ भने, १८ वर्षमुनिका युवतीसँग शारीरिक सम्बन्ध राख्दा पनि करणी ठहरिने नियम लागू गरेको छ। यद्यपि, यस कानूनी व्यवस्थाले मात्र समस्या समाधान गर्न सक्दैन। बलात्कार र हिंसाका घटनामा सघन रोकथामका लागि सामाजिक दृष्टिकोण र हाम्रो सामूहिक जिम्मेवारी पनि अत्यन्त महत्त्वपूर्ण छ। नेपालको फौजदारी कसुर सम्बन्धी कानून (२०७९) ले बलात्कार र हिंसाका अपराधहरूको प्रभावकारी नियन्त्रणका लागि केही नयाँ कानूनी प्रावधानहरू राखेको छ। यी प्रावधानहरूले बलात्कार र जघन्य हिंसा सम्बन्धी मुद्दामा कडा सजाय र दण्डको व्यवस्था गरेको छ, तर व्यवहारिक कार्यान्वयनका क्रममा अझै केही चुनौतिहरू छन्। बलात्कार र हिंसाका घटनाहरूलाई विचार गर्दा, हामी मानव अधिकार र नैतिकताको मूलभूत बिन्दुमा पुग्छौं। शास्त्र र दार्शनिक दृष्टिकोणबाट हेर्दा, कुनै पनि प्रकारको हिंसा मानवता विरुद्धको अपराध हो। पौराणिक र दार्शनिक दृष्टिकोणमा बलात्कारलाई केवल शारीरिक अपराधको रूपमा मात्र होइन, यसले पीडितको मानसिक र भावनात्मक अस्तित्वमा गहिरो चोट पुर्याउँछ भन्ने विचारलाई पनि जोड दिनु महत्त्वपूर्ण छ। प्रसिद्ध दार्शनिक इमककन्युअल कान्टले आफ्नो दर्शनमा नैतिकताका सिद्धान्तलाई जीवनमा उतार्न आवश्यक बताउँदै भनेका थिए कि मानवलाई ूअन्तिम उद्देश्यूको रूपमा लिनु पर्छ, र उनलाई साधनको रूपमा प्रयोग गर्नु गलत हो। यस हिसाबले, बलात्कारलाई कुनै पनि रूपमा उचित ठहराउन सकिन्न, किनकि यसले पीडित व्यक्तिलाई एक साधनको रूपमा प्रयोग गर्दै मानवता र स्वाधिनताको उल्लंघन गर्छ।

नेपालमा लागू भएको नयाँ कानून बलात्कार र हिंसाका अपराधहरूको प्रतिकारमा महत्वपूर्ण प्रगति हो। कानूनी संरचनाले बलात्कारीलाई जन्मकैदको सजायको व्यवस्था गर्दै अपराधीलाई नियन्त्रण गर्ने उद्देश्य राख्दछ। यद्यपि, कानूनी मात्र पर्याप्त हुँदैन। समाजका हरेक सदस्यको सचेतना र भूमिका अत्यन्त महत्त्वपूर्ण छ। जा'न रा'ल्स, प्रसिद्ध अमेरिकी दार्शनिक, जसले न्यायको सिद्धान्तमा विशेष योगदान पुर्याएका छन्, उनका अनुसार समाजले न्यायको संरचना सँगसँगै प्रत्येक नागरिकलाई समान अधिकार र सम्मान दिनुपर्छ। उनले सामाजिक न्यायका सिद्धान्तहरूको प्रयोग गर्दा, कानूनको कडाइ मात्र पर्याप्त हुँदैनस शिक्षा र सामाजिक संरचनामा समानता ल्याउनु पनि अत्यन्त आवश्यक छ। कानूनी कडाइ र कडा सजायको व्यवस्था बलात्कार र हिंसाको रोकथामका लागि महत्त्वपूर्ण भए पनि यसले दीर्घकालीन समाधान दिन असमर्थ हुन सक्छ। फ्रेडरिक नीत्स्चे, प्रसिद्ध जर्मन दार्शनिक, जसको दर्शनले नैतिकताका परिभाषालाई चुनौती दिएको छ, उनले भनेका थिएस् ूसमाजले मनुष्यलाई भन्दा बढी अपराध गर्ने तरिका सिकाउँछ, त्यसैले हामीलाई नैतिकता र समाजका मान्यतामा सुधार ल्याउनु आवश्यक छ। यसरी, समाजमा बलात्कार र हिंसाका घटनामा रोकथामका लागि शिक्षा र सामाजिक सुधार आवश्यक छ। लिंग समानता र महिलाको सम्मानको शिक्षा विद्यालयदेखि नै शुरु गरिनु पर्दछ। लघु स्तरमा परिवारको संस्कार र समुदायको चासो पनि बलात्कार र हिंसाका घटनामा रोकथामको महत्त्वपूर्ण अंश हुन्।

अन्तर्राष्ट्रिय स्तरमा पनि बलात्कार र हिंसाका घटनाहरूको नियन्त्रणका लागि प्रयासहरू तीव्र भइरहेको छन्। संयुक्त राष्ट्रसंघले २०२१ मा प्रकाशित गरेको रिपोर्ट "वुमन, पीस एण्ड सेक्युरिटी"ले लिङ्ग आधारित हिंसा र बलात्कारको समस्यामा ध्यान आकर्षित गर्दै यो मुद्दा केवल कानूनी दृषटिकोनमा मात्र होइन, सामाजिक र सांस्कृतिक दृष्टिकोणबाट पनि एकजुट भएर समाधान खोज्नको महत्त्वलाई प्रकट गरेको छ। नेपालसहित विभिन्न राष्ट्रहरूमा बलात्कार र हिंसाका घटनाहरूमा महिलाहरूले दीर्घकालीन पीडा भोगिरहेका छन्। यसले हाम्रो सामूहिक जिम्मेवारीलाई थप गम्भीर बनाउँछ। महात्मा गान्धीका शब्दमा, ूजसरी शान्ति र सत्यका पक्षधर हौं, त्यस्तै हिंसा र अन्यायको विरोधमा पनि हामीले आवाज उठाउनुपर्छ। यो केवल भनाइको स्तरमा सीमित नपरी, व्यवहारमा उतार्नुपर्ने सत्य हो। नेपालमा बलात्कार र हिंसाका घटनाहरूको बढ्दो क्रमले हामीलाई गम्भीर सोच्न बाध्य बनाएको छ। यी घटनाहरूले पीडितको शारीरिक र मानसिक स्वास्थ्यलाई मात्र नभएर, सम्पूर्ण समाजको मूल मान्यता र सुरक्षा तत्त्वलाई समेत हानि पुर्याउँछन्। बलात्कारजस्ता जघन्य अपराधहरूलाई नियन्त्रणमा लिन कडा कानूनी प्रावधानहरूको आवश्यकता अत्यधिक महत्त्वपूर्ण छ, जसले अपराधीलाई दण्डित गर्दै समाजमा एक कडा संदेश पुर्याउन सक्छ।

नेपालका महिला अधिकारकर्मी र विभिन्न सामाजिक संस्थाहरूले बलात्कारका घटनामा कडा सजाय लागू गर्न आवश्यक रहेको बताएका छन्। कानूनी संरचनामा सुधारले अपराधीहरूलाई कडा कारवाहीको डर पैदा गर्ने विश्वास जगाउन मद्दत पुर्याउँछ। यद्यपि, बलात्कारीलाई जन्मकैदको सजायको व्यवस्था मात्र पर्याप्त हुँदैन, उनीहरूको निगरानी र प्रभावकारी कारवाहीका लागि प्रतिबद्ध कानूनी संरचना आवश्यक छ। तर, कानूनी कार्यान्वयन र प्रभाव केवल कानूनी प्रावधानहरूको आधारमा मात्र सम्भव छैनस समाजको मानसिकता र संस्कारको सुधारमा आधारित छ। केवल कानूनी व्यवस्थाले बलात्कार जस्ता अपराधहरूको रोकथाम गर्न असमर्थ छ। सामाजिक चेतना, शिक्षा, र मानव अधिकारको सुदृढ संरचना मात्र यस समस्याको साँचो समाधान प्रदान गर्न सक्छ। नेपालको नयाँ फौजदारी कसुर कानूनले बलात्कारको परिभाषामा सुधार गरेको छ। अब, १८ वर्षमुनिका युवतीसँग शारीरिक सम्बन्ध राख्दा पनि उक्त क्रियाकलापलाई करणीको अपराधको रूपमा मानिन्छ। यस प्रावधानले किशोरीहरूको शारीरिक र मानसिक सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। बलात्कारका घटनामा संलग्न व्यक्तिहरूलाई जन्मकैदको सजाय दिने व्यवस्था गरिएको छ। यसमा केवल बलात्कारको प्रक्रिया मात्र होइन, शारीरिक वा मानसिक चोटपटक पुर्याउने अन्य प्रकारका जघन्य अपराधहरूलाई पनि समेटिएको छ। सामूहिक बलात्कारमा संलग्न व्यक्तिहरूका लागि कडा सजायको व्यवस्था गरिएको छ। नयाँ कानूनी प्रावधान अनुसार, यदि कुनै व्यक्तिले बालक वा किशोरीसँग शारीरिक सम्बन्ध राख्नका लागि स्पष्ट अनुमति ९मञ्जुरी० लिएका छैनन् भने, त्यसलाई पनि बलात्कारको दायरामा ल्याइन्छ। यसले किशोरीहरूको शारीरिक र मानसिक स्वास्थ्यको संरक्षणमा महत्त्वपूर्ण कदम चालेको छ। कानूनले नाबालिगहरूको संरक्षणमा थप कडा कदमहरू चालेको छ, र १८ वर्षमुनिका बालिका र बालकसँग शारीरिक सम्बन्ध राख्नलाई अब कानूनी अपराध मानिन्छ, जसलाई बलात्कारको रूपमा क्याटेगोराइज गरिएको छ। नेपालले अन्तर्राष्ट्रिय मानव अधिकार कन्भेन्सन र सम्झौतासँग सम्बन्धित कानूनी प्रावधानहरूलाई मान्यता दिन थालेको छ, जसले बलात्कार र हिंसा विरुद्धको प्रोटोकलहरूको कार्यान्वयनलाई सुदृढ गरेको छ।

भारतमा बलात्कारसम्बन्धी कानूनी प्रावधानहरू भारतीय दण्ड संहिता ९क्षएऋ० अन्तर्गत छन्, जसको धारा घठछ मा बलात्कारको परिभाषा र दण्ड व्यवस्था गरिएको छ। बलात्कारको अपराधमा अधिकतम सजाय जन्मकैद वा कठोर कारावास हुन सक्छ। बलात्कारको घटनामा सहभागिता ९बमभष्तलन० वा सहयोग गर्ने व्यक्तिहरूलाई पनि दण्डित गरिन्छ। २०१३ को नैतिक दण्ड सुधार ऐनद्वारा बलात्कारको सजायलाई अझ कडा बनाइयो, र १२ वर्षमुनिका बच्चीसँग बलात्कार गर्ने व्यक्तिहरूलाई कडा सजायका भागी बनाइने व्यवस्था गरिएको छ। बलात्कारको घटनामा पीडित महिला र आरोपी बीचको सहमति अथवा सहमति अभावको प्रश्न महत्त्वपूर्ण हुन्छ। संयुक्त राज्य अमेरिकामा बलात्कारसम्बन्धी कानूनहरू राज्य स्तरमा भिन्न(भिन्न छन्, तथापि संघीय स्तरमा केही समान प्रावधानहरू रहेका छन्। सामान्यतया, फेडरल कानून अन्तर्गत बलात्कारको परिभाषा "अनिच्छित यौनसम्पर्क" हो, जसमा शारीरिक बल प्रयोग वा धम्कीको माध्यमबाट आरोपित व्यक्तिलाई यौनसम्पर्क गर्न बाध्य पारिन्छ। बलात्कारको सजाय विभिन्न राज्यहरूमा फरक-फरक हुन्छ, र केही राज्यमा बलात्कारीलाई जन्मकैद, दीर्घकालीन कारावास वा दण्डका रूपमा सजाय दिइन्छ।

संघीय स्तरमा बलात्कारको कानूनी प्रक्रिया 'यौन अपराध प्रक्रिया" अन्तर्गत व्यवस्थित गरिएको छ, जसका अन्तर्गत अपराधीलाई रजिस्टर्ड सेक्स अपराधीको रूपमा पंजीकरण गर्ने प्रावधानसमेत छ। यसले बलात्कारीलाई मात्र कारावासमा राख्ने मात्र होइन, भविष्यमा समाजमा सुरक्षित र स्वच्छ वातावरण सुनिश्चित गर्नका लागि प्रतिबद्धता जनाउँछ।संयुक्त राष्ट्र संघले २०२१ मा प्रकाशित गरेको रिपोर्ट 'वुमन, पीस एण्ड सेक्युरिटी' ले विभिन्न देशहरूमा यौन हिंसा र बलात्कारसम्बन्धी कानूनलाई थप ठोस र प्रभावकारी बनाउनको लागि अन्तर्राष्ट्रिय दबाब दिएको छ। यसले बलात्कारको समस्या केवल कानूनी दृषटिकोनबाट मात्र होइन, सामाजिकरसांस्कृतिकदृष्टिकोणबाट पनि सम्बोधन गर्नको महत्त्वलाई स्पष्ट पार्छ। यद्यपि, युरोपका केही देशहरूमा बलात्कारसम्बन्धी विशेष कानूनी प्रावधानहरू रहेका छन्, जसले यो समस्या सामना गर्न एक नयाँ दृष्टिकोण प्रस्तुत गरेका छन्। उदाहरणका लागि, स्वीडेनमा बलात्कारको कानूनी परिभाषा अत्यन्त स्पष्ट र समर्पित छ। यहाँ बलात्कारलाई ूशारीरिक सम्पर्क बिना सहमतिू राख्ने मान्यता दिइन्छ। यसको अर्थ हो–यदि कुनै महिला वा पुरुष यौन सम्पर्कमा सहमति जनाउँदैन भने त्यो घटनालाई बलात्कारको रूपमा लिइन्छ। स्वीडेनको कानूनले बलात्कारलाई अत्यन्त गम्भीर अपराधको रूपमा मान्यता दिइन्छ र यसका लागि कडा सजायको व्यवस्था गरिएको छ।

युनाइटेड किंगडममा बलात्कारको परिभाषा 'अनिच्छित यौनसम्पर्क ' को रूपमा राखिएको छ, र यो परिभाषा केवल महिलासँग मात्र होइन, पुरुषसँग पनि लागू हुन्छ। यहाँ बलात्कारको सजाय सामान्यतया १० देखि १५ वर्षको कारावास हुन्छ, तर यदि अपराधीले यौन हिंसामा पुनः संलग्नता देखाउँछ भने सजाय थप कडा गरिन्छ। अष्ट्रेलियामा बलात्कारको परिभाषा संघीय अपराध ऐन अन्तर्गत कडा रूपमा परिभाषित गरिएको छ। यस ऐनको अनुसार, बलात्कार भन्नाले अनिच्छित शारीरिक सम्पर्कलाई जनाउँछ, जसमा पीडितको सहमति बिना यौन सम्पर्क स्थापित गर्न बाध्य पारिन्छ। अष्ट्रेलियामा बलात्कारका अपराधीहरूलाई राज्य अनुसार १० देखि २५ वर्षको कारावास सजाय दिइन्छ। जापानको बलात्कारसम्बन्धी कानून जापानी दण्ड संहिता अन्तर्गत व्यवस्थित छ, जहाँ बलात्कारको अपराधमा दोषी ठहरिएका व्यक्तिलाई ३ देखि १० वर्षसम्मको कारावासको सजाय हुने व्यवस्था गरिएको छ। *क्रमशः...*

# क्रान्तिमा विज्ञान प्रविधिको प्रयोगको आवश्यकता र महत्व



● लालबहादुर जाग्री ●

**दशलाख व्यक्तिहरु कहाँ पार्टीको विचार पुग्न सकेमा पाँच लाखले पढे सुन्ने हेर्ने भनेपनि यी मध्येका एक लाखले सो विचार प्रति सहानभुति समर्थन जनाएमा एक लाख मध्ये दश हजार मात्र नयाँ समर्थन पार्टीमा भित्रिन सकेमा पार्टीको सँगठनात्मक शक्ति मात्रात्मक रुपमा भए पनि विकास हुदै जाने छन। हामीले गरेको जुनसुकै कामको समीक्षा गरेर त्यसका राम्रो पक्ष र कमजोरी पक्षलाई छुट्टयाएर नयाँ काम गर्दा कमजोरी नहुने गरी गर्न आवश्यक छ। हामी वैज्ञानिक पार्टीका सदस्य, कार्यकर्ता र नेता हौ। तर हामीहरुको जीवनशैली वा दैनिक व्यवहारमा हामीले कति प्रविधिको अवलम्वन गरेर व्यक्तिगत जीवन वा पार्टी जीवनका काम गरेका छौ? एक पटक गम्भीर भएर सोच्नपर्छ कि ?प्रविधिले पार्टी क्रान्तिको कामलाई मात्र होइन, स्वयम व्यक्तिको व्यक्तिगत जीवनलाई उन्नत समृद्धि, सहज र प्रभावकारी वनाइ दिने छ। अहिले प्रविधि सँ–सँगै हामीले आफ्नो पार्टी जीवन एवं काम कावाहीलाई अन्तरघुलन गरेर लिन सकेनौं भन्ने नयाँ पुस्ता प्रविधि र समय भन्दा हामी सातकोष पछाडि रहने छौ।**

कुनै पनि राजनीतिक परिवर्तन वा सत्ता परिवर्तनका लागि कुनै पनि पार्टीले तत्काल उपलब्ध सबैभन्दा उन्नत अत्याधुनिक प्रविधिको प्रयोग गर्न सकिएन भने समय अनुसार आन्दोलनको गतिलाई अगाडि बढाउन सकिँदैन। अहिले विश्वमा भएका क्रान्तिकारी आन्दोलन विरोधीहरूले दमन गरेर मात्र समाप्त भएका छैनन्। समय सापेक्ष अनुसारका कार्यमा प्रविधिको सही र तीव्रगतिलाई आत्मासाथ नगर्दा आफ्नै कारणले कमजोर वा समाप्त हुन गएका नमिठा अनुभवहरू रहेका छन्।

विज्ञान भनेको के हो ?विज्ञान भनेको संसारका घटनाहरू, तत्वहरू, प्रक्रियाहरूको अध्ययन र अनुसन्धान गर्ने प्रणाली हो। यसमा तथ्य, थ्योरी, साध्यलाई प्रयोग गरेर विश्वको नियम र सिद्धान्तहरूलाई बुझ्न प्रयास गरिन्छ। विज्ञानका विभिन्न शाखाहरू छन्, जस्तैः भौतिक विज्ञानः पदार्थ, ऊर्जा, गति, र तिनका सम्बन्धहरूको अध्ययन गर्दछ। यसमा भौतिक, रसायन, र खगोलीय विज्ञान समावेश छन्। जीवविज्ञानः यसले जीवन र जीवजन्तुहरूको अध्ययन गर्दछ। यसमा कोशिका, वनस्पति, जनावर, पारिस्थितिकी र सन्तान वृद्धि विषयमा अध्ययन गरिन्छ। भूविज्ञानः यसले पृथ्वीको संरचना, प्रक्रियाहरू, र इतिहासको अध्ययन गर्दछ। यसमा भूगर्भशास्त्र, जलविज्ञान, र वातावरण विज्ञान समावेश छन्। समाजिक विज्ञानः यसले मानव व्यवहार र समाजका संरचनाहरूको अध्ययन गर्दछ। यसमा मनोविज्ञान, समाजशास्त्र, अर्थशास्त्र, र राजनीति विज्ञान समावेश छन्। विज्ञानले प्रयोगात्मक विधिमार्फत तथ्यहरूलाई प्रमाणित गर्ने प्रयास गर्दछ। विज्ञानको विधि प्रयोग गरेर प्राप्त ज्ञानलाई हाम्रो दैनिकीमा, प्राविधिक विकासमा, स्वास्थ्य सेवामा र क्रान्तिकारी आन्दोलनमा उपयोग गर्न सकिन्छ। हामीले मुलतः सामाजिक विज्ञान भित्रका मानव व्यवहार, समाजिक संरचना, जनताको मनोविज्ञान, अर्थशास्त्र र राजनीति विज्ञान बारे मार्क्सवादी दृष्टिकोण अवलम्वन गरेको हुन्छ।

राजनीतिमा समाज विज्ञानलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणवाट सही तरिकाले अध्ययन गरेर वुझ्ने, त्यसलाई आत्मासात गरेर आफ्नो जीवन र समाजमा लागू गर्नुपर्ने हुन्छ। द्वन्द्वात्मक भौतिकवादका मुख्य र सहायक विज्ञानका नियमहरू रहेको छन्। मुख्य नियममा प्रतिपक्षको एकता र संघर्ष, मात्रात्मक परिवर्तन र गुणात्मक रूपान्तरण, निषेधको निषेधका नियमहरू रहेका छन्। सहायक विज्ञानका नियमहरूमा विशिष्ट र सामान्य, सार र रूप, अन्तर्वस्तु र आकृति, वास्तविकता र सम्भावना रहेका छन। माओले विकास गरेको अन्तर्विरोधका नियमहरू अन्तर्विरोधको सर्वव्यापकता र विशिष्टता, अन्तविरोधको प्रधान र गौण पक्ष, एकात्मकता र संघर्ष र शुत्रताको स्थान भन्ने नियमहरू पनि समाज विकासको क्रममा समाजमा भएका अन्तरविरोधहरूलाई यही नियम अनुसार हेर्ने वुझ्ने लागू गर्ने गर्नु पर्दछ। यसो नगरेमा हामीले समाजलाइ विज्ञान सम्मत तरिकाले नभइ मनोगतरूपमा बुझ्ने गरेर गलत ठाउँमा पुग्ने सम्भावना हुन्छ। समाज विज्ञानका नियमहरू आधारभूतरूपमा क्रान्तिकारी पार्टीका सदस्य एव कार्यकर्ता नेतालाई ज्ञान हुन जरुरी छ। नेतृत्वले क्रान्तिकारी आन्दोलनलाई कहिले दक्षिणपन्थी भड्काव कहिले उग्रवामपन्थी भड्काउमा लिन सक्छ द्वन्द्वात्मक भौतिकवाद विज्ञानका नियमहरूको ज्ञान भएका पार्टी सदस्य तथा कार्यकर्ताले मात्र नेतृत्वलाई सही दिशामा अगाडि बढाउन मदत गर्न सक्छन्। समाज विज्ञानका नियमहरूका बारे थाहा नभएका कार्यकर्ताले नेताको निर्देशन पर्खिन्छ, सोही कुरामा विश्वास गर्छ निर्देशन वा आदेश सही छ वा छैन समाज विज्ञानका नियमहरू सँग मेलखान्छ वा खाँदैन आलोचनात्मक चेतको हेक्का नराखी पालना र लागू गर्छ। जसका कारण नेपालको क्रान्तिकारी आन्दोलन कहिले उग्रवामपन्थी भड्कावले क्षतिपुऱ्याउँछ भन्ने मुलतः दक्षिपन्थी भडकावले नै क्रान्तिकारी आन्दोलनलाई क्षयीकरण गरेको छ।

प्रविधि के हो? प्रविधि भनेको मानवको आवश्यकता र चाहनाहरूलाई पूरा गर्नकोलागि वैज्ञानिक ज्ञान र सीपहरूको प्रयोग गरेर बनाइएका उपकरण, प्रक्रिया र प्रणालीहरूको समुच्चय हो। प्रविधिको अर्थ केवल उपकरण वा मेसिनसम्म सीमित छैन; यसले मानव जीवनलाई सजिलो, गुणस्तरीय र प्रभावकारी बनाउनका लागि सृजना गरिएका खोज र विधिहरूलाई समावेश गर्दछ।

प्रविधिका केही प्रमुख विशेषताहरू हुन्छन्।

उपकरण र साधनः प्रविधिमा विभिन्न प्रकारका उपकरणहरू र मेसिनहरू समावेश छन्, जस्तै कम्प्युटर, स्मार्टफोन, चिकित्सा उपकरणहरू, र निर्माणकालागि प्रयोग गरिने यन्त्रहरू।

कार्य प्रणाली र प्रक्रियाः प्रविधि कुनै विशेष कार्य पूरा गर्नका लागि प्रक्रियाहरू र विधिहरू विकास गर्नेमा आधारित हुन्छ। यो अनुसन्धान, विकास, उत्पादन, र वितरण जस्ता क्षेत्रहरूमा लागू हुन्छ।

समस्याको समाधानः प्रविधि समस्याहरू पहिचान गर्न र तिनको समाधान गर्नका लागि सिर्जना गरिएको छ। जस्तै, कृषि प्रविधिहरूलाई बढाएर खाद्य उत्पादनमा वृद्धि गर्ने प्रयास गरिन्छ।

सामाजिक र आर्थिक प्रभावः प्रविधिले समाजमा र अर्थतन्त्रमा गहिरो प्रभाव पार्न सक्छ। सूचना प्रविधि, राउन्ड बाउन्ड व्यवसाय, स्वास्थ्य सेवा, र यातायातमा प्रविधिको योगदानले मानव जीवनको गुणस्तर सुधारेको छ।

प्रविधि र विज्ञानको सम्बन्धः विज्ञानले प्रविधिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ, प्रविधिले पनि वैज्ञानिक अनुसन्धानलाई अगाडि बढाउँछ मदत गर्छ। संक्षेपमा, प्रविधि मानव जीवनलाई सहज बनाउन र उच्च जीवनस्तरका लागि नयाँ समाधानहरू प्रदान गर्नमा महत्वपूर्ण विधि रहेकोछ।

नयाँ विकास भएका प्रविधिहरूमा विभिन्न क्षेत्रका नवीनतम खोज र आविस्कारहरू समावेश हुन्छन्। यहाँ केहीउल्लेखनीय प्रविधिहरूका विषयमा संक्षिप्त चर्चा गरिएको छः

आर्टिफिशियल इंटेलिजेन्स (ब्क्ष)ः ब्क्ष प्रविधि, जसले मेशिनहरूलाई मानव जस्तै सोच्न र काम गर्न सक्षम बनाउँछ, यसको विकासले विभिन्न उद्योगहरूमा क्रान्ति ल्याएको छ। उदाहरणका लागि, छविहरूको पहिचान, प्राकृतिक भाषाको प्रक्रिया र स्वचालित सिफारिस प्रणालीहरू। ब्लक चेनः वित्तीय क्षेत्रदेखि लिएर आपूर्ति श्रृंखलासम्म, ब्लकचेन प्रविधिले डेटा संरक्षण र पारदर्शितालाई सुधार्ने महत्वपूर्ण भूमिका खेलिरहेको छ। यो प्रविधिले पारंपरिक प्रक्रियाहरूलाई सुरक्षित र अधिक विश्वसनीय बनाएको छ।

इन्टरनेट अफ थिंग्स (क्ष्इत)ः क्ष्इत(प्रविधि, जसले विभिन्न उपकरणहरूलाई इन्टरननेटमा जडान गर्न सक्षम बनाउँछ, यसले स्मार्ट घरहरू, स्मार्ट सहरहरू र उद्योगका लागि स्वचालनको नयाँ स्तर प्रदान गरेको छ। क्लाउड कम्प्युटिङः क्लाउड सेवाहरूले उद्यम र व्यक्तिगत उपयोगकर्ताहरूलाई डेटा भंडारण र प्रोसेसिङको लागि सुलभ र लचिलो समाधान उपलब्ध गराइरहेका छन्। यसले काम गर्नको नयाँ तरिकाहरू र लचिलोकरणको अवसरहरू प्रदान गर्दछ।

जीन सम्पादन (ऋच्क्ष्एच)ः यस प्रविधिले जीवविज्ञानमा गहन परिवर्तन ल्याएको छ। स्वास्थ्यसम्बन्धी अनुसन्धान र चिकित्सा उपचारमा नयाँ सम्भावनाहरू खोलेको छ।

वर्चुअल र ऐडेड रियलिटी )ः यो प्रविधि खेल, शिक्षा र चिकित्सा जस्ता क्षेत्रमा इमर्सिभ अनुभवहरूको लागि प्रयोग हुँदैछ।फाइभ जी (५न) नेटवर्कः यो उच्च गतिको मोबाइल नेटवर्कले डेटा ट्रान्सफरमा ठूलो सुधार ल्याएको छ, जसले क्ष्यत् स्मार्ट प्रविधीहरूको विकासलाई रफ्तार दिएको छ। रोबोटिक्सः विभिन्न उद्योगमा रोबोट र स्वचालित यन्त्रहरूको प्रयोगले उत्पादन र सेवामा दक्षता वृद्धि गरिरहेको छ। यसै गरी सामरिक क्षेत्रमा प्रयोग हुने नयाँ प्रविधिहरूले शत्रुता र सुरक्षा रणनीतिको क्षेत्रमा ठूलो परिवर्तन ल्याइरहेको छ। यहाँ केही प्रमुख प्रविधिहरूको सक्षिप्त चर्चा गरिएकोछ-

ड्रोन टेक्नोलोजीः मानवरहित ड्रोनहरूले हवाई निगरानी, लक्षित हमलाहरू र मापन कार्यहरूमा अनुगमन तथा प्रहार गर्न सक्षम बनाउँछन्। साइबर वारफेयरः प्रणालीमा म्यानेज भएका साइबर आक्रमण र डाटा चोरी गर्ने प्रविधिहरू। यो सूचनालाई नष्ट गर्न, बिगार्न र शत्रुका संचार प्रणालीलाई जडान बिच्छेद गर्नमा प्रयोग गरिन्छ।

आर्टिफिशियल इंटेलिजेन्स : विशेष गरी मिलिटरी रोबोटिक्स, निर्णय समर्थन प्रणालीहरूमा र शत्रुताको अनुगमनमा प्रयोग गरिन्छ। ब्क्ष प्रविधि शत्रुहरूको पहिचान र विश्लेषणमा सहायक बनिरहेको छ।

स्मार्ट बम र मिसाइलः यी प्रविधिहरूले लक्षित समस्याको समाधान गर्न र अचूकता वृद्धि गर्न सक्षम बनाउँछन्। यिनीहरूले तोकिएको लक्ष्यमा सटिकता र प्रभावकारिता वृद्धि गर्छ।

हाइपरसोनिक वेपन्सः यी अत्यधिक गतिको मिसाइलहरू अत्यधिक रफ्तार र लघुगणकीय क्षमताहरूका साथ सशस्त्र रक्षामा नयाँ चुनौती ल्याइरहेका छन्। साइबर डिफेन्स सिस्टमः यी प्रणालीहरूले सेना सामान र संचारको सुरक्षा सुनिश्चित गर्नका लागि विकास गरिएका छन्, जसले साइबर आक्रमणबाट जोगाउन मद्दत गर्छ। रबोटिक्स र अनामिक यन्त्रहरूः आत्मनिर्भर रोबोटहरू र अनामिक यन्त्रहरूले जोखिमपूर्ण कार्यहरूमा सैनिकहरूको सुरक्षालाई सुनिश्चित गर्दै काम गर्छन्। आधुनिकीकरण भएका ट्यांकर र जलपोतः नयाँ प्रविधिहरूले यस्ता यन्त्रहरूलाई अधिक सक्षम र लचिला बनाएका छन्।

भर्चुअल र ऐडेड रियलिटी : प्रविधिहरू सैनिक तालिममा प्रयोग हुनुको साथै, यथार्थपरक युद्ध सामर्थ्यको विकास गर्नमा सहयोग पुऱ्याउँछन्। स्मार्ट सामग्री र रक्षाः नयाँ सामाग्रीहरू जसले सडक, इन्फ्रास्ट्रक्चर, र रक्षात्मक उपकरणहरूको सुरक्षा र स्थायित्व बढाउँछन्।

हामीले आफ्ना विचारहरूलाई लाखौ लाख जनताकहाँ पुऱ्याई सो विचारमा सहानभुति, समर्थन, सहयोग, सहभागी र संगठित गराई क्रान्तिमा जनतालाई परिचालित गर्नका लागि परम्परागत कार्यशैली तैरतरिकाहरूमा परिवर्तन गरेर अहिलेको नयाँ प्रविधिहरूलाई प्रयोग गर्नु पर्छ। जस्तै हामीले आफ्ना विचार धारणा पर्चामा छापेर ती पर्चाहरूलाई हेण्ड टु हेण्ड वितरण गर्ने गरेका छौ। एक लाख पर्चा छाप्न वितरण गर्दा जनताले समाते पनि कतिले यसमा लेखेका कुरा पढ्छन ? पढेकाले कतिले वुझ्छन ? कति वुझेकाहरूले हाम्रो विचार प्रति सहानभुति समर्थन जनाउछ ? एकलाख मान्छे सम्म पुग्छ वा पुग्दैन भन्न सकिँदैन तर लागत समय जनशक्तिको प्रयोगको हिसावले यो घेरै महङ्गो शहरी क्षेत्रमा अव्यवहारिक हुन्छ भन्ने मोवाइल प्रयोग नगर्ने जनताको क्षेत्रमा मात्र आवश्यक हुन्छ। पर्चामा लेख्ने विषय(कण्टेन) लाई स्क्रिप्ड, अडियो भिडियो वनाएर निश्चित क्षेत्र उमेर समुह समय निर्धारण गरेर बोष्टिङ गरेमा कम जनशक्तिले लाखौ लाख जनताको मोवाइल, ल्यापटप, कम्प्युटरमा रहेको फेसवुक, ह्वाटसअफ, इस्टाग्राम वा अन्य माध्यमबाट व्यक्ति-व्यक्ति कहाँ पुग्छ। त्यसको शैली शव्द र प्रस्तुति आकर्षक वनाएमा जो-जस्कोमा पुग्छ, उनीहरूले चाहेर वा नचाहेर पनि एकपटक पढ्न सुन्न हेर्न वाध्यकारी हुन्छ।

दशलाख व्यक्तिहरू कहाँ पार्टीको विचार पुग्न सकेमा पाँच लाखले पढे सुन्ने हेर्ने भनेपनि यी मध्येका एक लाखले सो विचार प्रति सहानभुति समर्थन जनाएमा एक लाख मध्ये दश हजार मात्र नयाँ समर्थन पार्टीमा भित्रिन सकेमा पार्टीको सँगठनात्मक शक्ति मात्रात्मक रूपमा भए पनि विकास हुदै जाने छन। हामीले गरेको जुनसुकै कामको समीक्षा गरेर त्यसका राम्रो पक्ष र कमजोरी पक्षलाई छुट्टयाएर नयाँ काम गर्दा कमजोरी नहुने गरी गर्न आवश्यक छ। हामी वैज्ञानिक पार्टीका सदस्य, कार्यकर्ता र नेता हौ। तर हामीहरूको जीवनशैली वा दैनिक व्यवहारमा हामीले कति प्रविधिको अवलम्वन गरेर व्यक्तिगत जीवन वा पार्टी जीवनका काम गरेका छौ? एक पटक गम्भीर भएर सोच्नपर्छ कि ?प्रविधिले पार्टी क्रान्तिको कामलाई मात्र होइन, स्वयम व्यक्तिको व्यक्तिगत जीवनलाई उन्नत समृद्धि, सहज र प्रभावकारी वनाइ दिने छ। अहिले प्रविधि सँ-सँगै हामीले आफ्नो पार्टी जीवन एवं काम कावाहीलाई अन्तरघुलन गरेर लिन सकेनौं भन्ने नयाँ पुस्ता प्रविधि र समय भन्दा हामी सातकोष पछाडि रहने छौ।

हामी दुश्मन शक्तिको दमनका कारण भन्दा पनि विकसित प्रविधिको अवलम्वन गर्न नसकेका कारण क्षयीकरण हुँदै जाने छौ। त्यसकारण प्रत्येक पार्टी सदस्यले आधारभूत नयाँ प्रविधिसँग पार्टी जीवनलाई अभ्यस्त गरेर लैजानु पर्ने अहिलेको आवश्यकता रहेको छ। प्रविधिको प्रयोगले पार्टीका सबै काम कार्वाही उन्नत, प्रभावकारी तथा सहज र सजिला बनाएर व्यापक जनतालाई संगठित एवं परिचालन गर्न सहयोग पुग्ने छ। यसले पार्टी जीवन तथा व्यक्तिगत जीवनमा पनि प्रविधिको महत्वपूर्ण भूमिका रहने छन। पार्टीले पार्टी संयन्त्रहरूलाई नयाँ नयाँ प्रविधि मैत्री वनाएर लैजानु अति आवश्यक भएर आएको छ।

## सौन्दर्य...

यी व्यक्तिका आलेख चाहिँ क्रान्तिका लागि क्रान्तिकारी चाहिँ बनेका छन ! ती आन्दोलन्बाट कलामा जन्मेका क्रान्तिकारी धारमा उभिएका क्रान्तिकारी र तिनका आलेखहर अहिले सम्म क्रन्तिकारी धारबाट बिचलित नभै क्रान्तिकारी तिर नै अभिएका क्रान्तिकारिहरूलाइ लाल सलाम तक्रयाइ रेहेका छ्न !

**२) मार्क्सवादी सस्कृति** :- सस्कृति भनेको मान्छे प्रकृति उत्पासन हो ! तिनिहरूले उत्पादन गर्ने साहित्यिखरु सस्कृती हो ! कबिता,कथा,निबन्ध,गित र उपन्यास होस ती चिजमा कला प्रयु गरि या फुलबुट्टा भरी सिर्जना गर्ने नै सस्कृति हो ! सस्कृती इसा सातौ दशक बिज्ञान सग सगै पितृसत्तात्मक रहेको वेलामा देखिन्छ ! साहित्यिक सस्कृतिमा बैज्ञानिकहरूले जवाफ दिन नसक्दा औलोकिक सस्कृतिको जन्म भएको मानिन्छ ! सस्कृती शब्द ल्याटिन भाषाबाट आएको हो ! मानव समाजमा श्रम श्रमका औजार र उत्पादन मुलक र जीवन जिउने क्रममा अवलम्बन गरेका चालचलन, रहन सहन र रितिरिवाज स्थापित हुँदै जादा कालन्तरमा सस्कृति बनेको छ ! यो सस्कृति कृषि युग देखि नै प्रचलनमा आएको हो !जब कृषिबाट अर्थ आर्जन भयो त्यसको साथसाथै वर्गको पनि जन्म भयो ! वर्ग र अर्थको प्रभावले धर्मको जन्म भयो ! धर्मको माध्यमबाट सस्कृतिमा विकृति ल्याउन थाल्यो ! समाजमा विकृतिको विरोध हुँदै नया नया चेतनाको सस्कृतिको उदय भएको आर्थिक, वैचारिक,भैगोलिक आधारमा विकास भएको छ ! मानव समाजको गतिविधिहरू नै सस्कृति भएकोले हिलोमा फुल रोप्ने कि मलिलोमा रोप्ने हो भनाइको अर्थ बैज्ञानिक सस्कृति सिकाउने कि अबैज्ञानिक सस्कृति सिकाउने भन्ने कुरा हो ! सस्कृति रूपान्तरणको लागि एकलै दुकलैले सम्भाबना कमै हुन्छ ! सामुहिकताको रूपमा गरे सफल भैन्छ ! सयौ वर्ष देखि परम्परागत रूपमा प्रचलनमा आएको सस्कृतिलाइ रूपान्तरण गर्न सजिलो छैन,जतिल छ तर राजनैतिक रूपले उथल पुथल गरि सास्कृतिक रूपलाइ जोडि गरेको खण्डमा सम्भव छ ! मानव समाज सधै गतिशिल प्राणी हो ! मानव समाजले मनाउदै आएको रितिरिवाज, चाड पर्व रहन सहन प्रगतिशिल बनाउने सस्कृति नै कुनै समाजमा गहिराइ व्यप्त गुणहरूको समग्रह र्पको नामले चिनाएको छ त्यसैले त्यहि सस्कृतिको अर्थ उत्तम या सुध्रेको स्थिती भने हो ! सस्कृति सामाजिक चेतनाको प्रतिविम्व हो ! जीवन बाच्न बचाउन आफनै खुट्टा उभिन सक्ने र गौरबकासाथ बाच्न सक्ने सक्ने श्रम सस्कृतिको गराउन जरुरी देखिन्छ ! अनि मात्र मनुष्यका भौतिक छ्येत्राको प्रगतिले सभ्र सस्कृतिको अग बन्छ ! यो बन्न प्रधान रूपबाट धर्म, दर्शन सबै ज्ञान-बिज्ञानहरू र कलाहरू सामाजिक तथा राजनैतिक सस्थाहरू र प्रथाहरूको समावेशमा हल हुन्छ ! सस्कृती सामाजिकरणको प्रतिया द्वारा सिर्जित हुन्छ ! सामाजिक विकासहरूका प्रक्रिया मा सास्कृतिक प्रतिमनहरू परिवर्तनको प्रकृया हुन्छ ! त्यसैले सस्कृति साध्य हुन्छ , सभ्यता साधन हुन्छ !सामान्री अर्थमा अभौतिक सस्कृतिलाइ अस्भ्यताको सस्कृती र भौतिक सस्कृतिलाइ सभ्यताको सस्कृतिको नामबाट पहिचान गर्दछ ! विद्वानहरूले ससकृतिलाइ विभिन्न कोणबाट परिभाषित गरेका छन ! सौन्दरु चिन्तक गोर्किको भनाइ अनुसार मानव द्वारा निर्मित दोश्रो प्रकृति नै सस्कृति हो ! एगेल्सको भनाइ अनुसार इतिहासको भौतिक्वादी धारणा अनुसार वास्तविक जिबनको उत्पादन र पुनउत्पादन अन्तत्गत्व ईतिहास प्रकृयाको नर्णायक तत्व मानिन्छ चैतन्य भन्नू हुन्छ नया जनवादी सस्कृतिको पछ्यमा आवाज उठाउनु नै सौन्दयूर्शास्त्रमा मार्क्सवादी सस्कृतिको उदय हो !

**३) मार्क्सवादी सस्कार** :- संस्कार भनेको कला सस्कृतिलाइ व्यवहारमा सिकाउने, सुनाउने,खुवाउने र बुझाउनेलाइ सस्कार भनिन्छ ! सस्कार हरेको सभ्य व्यक्तिको परिचय हो र मानविय स्वरूप पनि हो ! दार्शनिक रूपले भन्ने हो भने भौतिकवादी सस्कार सिकाउने हो या आध्यात्यामिक्वादी सस्कार सिकाउने हो ! त्यो त व्यक्ति,समाज र प्रकृतिमा पर्छ या रचनाकारको सृजना गर्ने को भर पर्छ ! मानव जाती प्रकृतिको उत्पादन हो ! मानवद्वारा सृजित सस्कार दोश्रो प्रकृति नै हो ! सस्कार सधै समान हुनु पर्छ त्यसैले सस्कार पनि वर्गिय रूपले ग्रहन गर्दछ ! सस्कार इसा सातौ दशक बिज्ञानसगसगै पृतृसत्तात्मक रहेकै वेलादेखी उदय भएको देखिन्छ ! सर्व प्रथम वाखो फोनोको को भनाइ अनुसार १८६१ मा परिवारको इतिहासमा मातृसत्तात्मक अधिकार शुरु भएको भनाइ छ ! परिवारको विकास सगसगै सस्कारको पनि विकासमा परिवर्तन भएको छ ! साहित्यिक सस्कारमा बैज्ञानिकहरूले जवाफ दिन नसक्दा औलोकिक सद्कारको जन्म भएको हो ! भौतिक चिन्तनले भौतिकवादी सस्कार मान्छन , भने अध्यात्मिक्वादी चिन्तनले अध्यात्मिकसस्कार मान्छन,बौद्धिक धर्मले कर्मकाण्डिय सस्कार मान्छन र हिन्दु धर्मावालिहरू हिन्दु धर्म अनुसार सोर्ह वटा सस्कार मान्छ्न त्यस मध्यबाट छ वटा सस्कार छोडी सक्यो ,पाच वटा सस्कार लोप भै सकेको छ र पाछ वटा सस्कारले मात्र थामी रहेका छ्न ! जातिय जातिय अनुसार पनि अनेक सस्कारहरू छन जस्तै नेवारहरूको चौध वटा सस्कार छन ! एउटै जाती,धर्म,छ्येत्रहरूमा फरक फरक सस्कार्छन र आवश्यक,अनावश्यक बैज्ञानिक ,अबैज्ञानिक कारणहरूबाट सस्कार बन्दै चलन चल्तिमा आएको छ ! इतिहासमा खासखास चरणमा समाजलाइ अधि बढाउन निश्चित सस्कृतिको आवश्यक हुदा त्यसलाइ बलियो बनाउनको निम्ति सस्कारको अनिवार्य छ ! त्यसैले आचरण र व्यवहारको क्रममा सस्कार पुस्तौसम्म हस्तान्तरण भएर आएको पाइन्छ ! जगत परिवर्तन्शिल छ भने नियम जस्तै जीवन पनि परिवर्तन्शिल छ त्यसैले समाज र समय परिवर्तन भए पछि सस्कारमा समेत परिवर्तन अनिवार्य हुन्छ ! सस्कार फेरिने,बदलिने क्रम जारी नै छ तर सामुहिक सस्कारको बानी बसालन सकेको छैन ! केही केही कम्युन त खडा गर्यो त्यो पनि दिगो रहन सकेन नेपालमा जनयुद्ध को बेलाको पनि दिगो रहन सकेन किन भने सामन्ति सस्कार छोडन वामपन्थिहरूले ठूलो ससघर्ष गरेको पाइएन ! नारा चाहिँ जनवादी सस्कार गर्नु पर्छ भनी दिन्छ तर आफ्नै घरमा गर्न नसक्दाओझेल्मा परेको छ ! जनवादी सस्कारलेमात्र व्यक्तिको , समाजको भलो हुने भएकोले सबैको हितको लागि नया जवादी पार गर्दै बैज्ञानिक समाजवाद हुँदै साम्यवाद पुग्ने लछ्य बोक्ने सस्कारले सभ्य सस्का र सभ्य सौन्दर्यशास्त्रको सभ्य समाज बन्छ !

***सन्दर्भ सुची*:-**

१) साहित्य र यथार्थता :- हार्वत फास्ट २) मार्स्कवाद र सस्कृती :- चैतन्य ( किरण) ३) सन्दर्भ सस्कृती र सास्कृतिक रूपान्तरण :- निनु चापागाइ ४) सौन्दर्यको अविछ्यण र भुमिका :- जगदिश चन्द भण्डारी ५) सस्कृती र सस्कार :- विरही ६) कला साहित्र्य दुई लाइन सघर्ष :- खेम थपलिया ७) मार्स्कवादी सस्कृती र कम्युनिस्ट नेता :- विपिन आचार्यर्य ८) साहित्य, कला ,सस्कृती सम्बन्धी मार्स्कवादी दृष्टिकोण :- गणेष ज्ञावाली

# बढ्दो भू–राजनीतिक दबाब र निकास



● प्रेम सुवेदी ●

नेपालको भू–राजनीतिक अवस्था अत्यन्त जटिल र संवेदनशिल बन्दै गएको छ। यसका आन्तरिक र बाह्य कारणहरु अवस्य छन। तर,भुल्न नहुने सत्य के हो भने जस्तो सुकेको रुखको हाँगामा बसेको चराले आफ्नो सुरक्षा त्यो हाँगामा होइन ,आफ्नो पखेटामा देख्छ , ठिक आजको भू–राजनैतिक जटिलताको समाधान खोज्न हामीले पहिले आफ्नो आन्तरिक सिमा कमजोरी र समस्याको पहिचान गर्न जरुरी छ। यसको अर्थ अवस्य यो होइन, कि बाह्य हस्तक्षेप वा उत्पीडनप्रती नजरअन्दाज गर्नु। अहिलेको बिश्व राजनीति मुख्यतः व्यापार युद्धको रुपमा शक्ति राष्ट्रहरुको होडबाजी , उत्पीडित राष्ट्रहरुको प्राकृतिक स्रोत साधनमाथी कब्जा गर्ने दाउपेचमा रहेको पृष्ठभूमिमा कमजोर र उत्पीडित राष्ट्रहरुले एकातिर आ–आफ्ना देशको आन्तरिक एकतालाई मजबुत पार्दै , आत्मनिर्भरतालाई बलियो बनाउन आवश्यक छ भने ,अर्कोतिर उत्पीडित राष्ट्रहरुको एकताद्वारा साम्राज्यवादको उत्पीडन विरुद्ध सघर्ष गरेर मात्र आफ्नो देशको सुरक्षा हुनेछ।

दक्षिण एसियामा अवस्थित एक ऐतिहासिक देश नेपाल दुई बिशाल शक्ति राष्ट्रहरु चीन र भारत बीचमा रहेको छ। यो अवस्थिती आफैमा नेपालका लागि चुनौती र सम्भावनाको ढोका पनि हो। बिश्व बजारमै दोस्रो अर्थतन्त्र रहेको चीन र पाँचौं स्थानमा रहेको भारतले नेपाललाई आ-आफ्नो सुरक्षा छातामा राख्न खोजिरहेका छन। त्यतिमात्र होइन , चीनको बढ्दो प्रभाव र अरु केही वर्षमै बिश्वको एक नम्बर अर्थतन्त्रमा पुग्ने उसको योजनालाई असफल पार्न तथा आफ्नो वर्चस्वलाई कायम गर्न अमेरिका पनि नेपालको आन्तरिक राजनीतिमा समेत प्रवेश गरिसकेको छ। यसरी नेपालको भू–राजनीतिक अवस्था यतिबेला निकै जोखिमपुर्ण स्थितिमा रहेकोले राष्ट्रिय स्वाधीनताको रक्षा र देशको बिकास गर्न स्पष्ट परराष्ट तथा सुरक्षा नीतिको आवश्यकता छ। शितयुद्ध कालिन असंलग्न परराष्ट नीतिलाई आत्मसात गरेर नै नेपालले आफ्नो स्वाधीनतालाई बलियो बनाउन सक्दछ। तर, असंलग्नताको कुरा गर्ने शक्ति राष्ट्रका अगाडि लम्पसार हुने संसदवादी पार्टी तथा शासकहरुको कारणले नै ` भू–राजनीतिक जटिलता बड्दै गएको यथार्थता हाम्रा अगाडि छ। नेपाललाई शक्ति राष्ट्रको रण मैदान हुनबाट रोक्ने उपयुक्त उपाय भनेको मुख्यतः कुशल कुटनैतिक सम्बन्ध नै हो।

अहिलेसम्म नेपालका विभिन्न पार्टी तथा शासकहरुले मुलुकको हितमा कुटनैतिक मर्यादा समेतलाई हेक्का नराख्दा बिदेशीहरुले हेप्दै आए। यदि यहि परम्परालाई कायम राखियो भने त्यसले नेपालको अस्तित्व नै समाप्त हुनेछ। अहिलेको मुख्य चुनौती भनेको देशको हितलाइ भन्दा पनि केही ब्यक्ति वा समूह बिशेषलाई केन्द्रमा राख्ने प्रवृत्तिले हाम्रो स्वाधीनता कमजोर भएको हो। तसर्थ , अन्तर्राष्ट्रिय सम्बन्ध र राष्ट्रिय सुरक्षाको प्रश्नलाई कुनै पार्टी वा ब्यक्ति बिशेषको बिषय भन्दा माथी राखेर जबसम्म साझा राष्ट्रिय नीति बनाउन सकिदैन तवसम्म यो अवस्था रहि रहन्छ।त्यसैले देशका जिम्मेवार राजनीतिक पार्टी , बौद्धिक समुदाय नागरिक समाजले बिगतमा भएका परराष्ट तथा राष्ट्रिय सुरक्षा नीतिमा रहेका कमि कमजोरीबाट शिक्षा लिदै देशको आजको जटिलतालाई समाधान खोज्ने नीति , विधि र संस्कारको खोजी गर्न जरुरी छ। त्यसका लागि सहि नीति, आपसी बिश्वास र राष्ट्रिय एकताद्वारा मात्रै देश बलियो बन्न सक्दछ। तर, अहिले नेपालको राजनीति एक आपसमा अबिस्वास, घृणा द्वैस र बिदेशीको दलाली र चाकरी गर्ने प्रतिस्पर्धामा कैद हुदै आएको पृष्ठभूमिमा कुटनैतिक कुशलताको प्रदर्शन हुने कुरामा त्यति धेरै आशा गर्ने ठाउँ नदेखिए पनि त्यो कार्य अनिवार्य बन्न पुगेको छ। आवस्यकता नै आविष्कारको जननी भए जस्तैः अहिलेको देशको आवश्यकता नै राष्ट्रिय एकता बन्न पुगेको छ। त्यसका लागि औपचारिक " राष्ट्रिय पार्टी" वा सरकारको जिम्मा लगाएर त्यो कार्य पूरा हुँदैन र त्यसका लागी सबै देशभक्त शक्तिहरु , बौद्धिक समुदाय ,नागरिक समाज तथा परिवर्तनकारी राजनीतिक पार्टीहरुको दबाब ,अभियान र आन्दोलनले मात्र सम्भव हुनेछ।

नेपालको ` भू–राजनीतिक अवस्थासङ्ग जोडिएको अर्को महत्त्वपूर्ण जटिलता भनेको आर्थिक परनिर्भरता नै हो। जवसम्म देशलाई आत्मनिर्भर बनाउन सकिदैन तबसम्म यो समस्या हाम्रो बारम्बारको नियति बनिरहन्छ। तसर्थ , देशलाई परनिर्भरताको साङ्लो बाट बाहिर निकाल्न मुख्यतः कृषि, पर्यटन , जलस्रोत र जडिबुटीको क्षेत्रमा केन्द्रित रहेर जवसम्म औद्योगिक स्थरमा बिकास गरिदैन तवसम्म हाम्रो परनिर्भरताको जन्जिर चुडिदैन। अहिले शक्ति राष्ट्रहरु नेपालको प्राकृतिक स्रोतलाई आ-आफ्नो पक्षमा पार्न विभिन्न प्रकारका प्याकेज र कार्यक्रमद्वारा नेपाललाई आफ्नो छातामा राख्न खोजी रहेको तथ्य कतैबाट छिपेको बिषय होइन। सुगौली सन्धि देखि ःऋत्रऋ सम्म भएका सबै असमान र अपमान जनक सन्धि सम्झौताहरुले त्यो कुरालाई छर्लङ्ग गर्दछ। अहिले पनि नेपालको कमजोर अर्थतन्त्र माथी खेल्न अमेरिका भारत लगायतका शक्ति राष्ट्रहरु एक पछिअर्को रुपमा लागि परिरहेका छन। यी केहि तथ्यले स्पष्ट गर्दछ कि यसका पछाडिको मुख्य कारण नेपालको परनिर्भरता नै हो। जब देशले आफ्ना आवश्यकतालाई आफै समाधान खोज्न सक्दैन ,त्यतिबेला उनीहरुका अनावश्यक दबाब र उत्पीडन कायम रहि रहन्छन। त्यसैले आजको भुराजनीतिक दबाबको जातोबाट मुक्त हुन देशको स्वतन्त्र अर्थतन्त्रको बिकासले मात्र सम्भव हुनेछ। यदि देशको अर्थतन्त्रलाई यथावत राखेर हामीले भुराजनीतिक दबाबबाट मुक्त हुने सपना देख्छौ भने त्यो भन्दा मुर्खता अरु केही हुने छैन। त्यसैले अहिलेको हाम्रो प्राथमिकता बढ्दो परनिर्भरताको न्यूनीकरण गर्दै, आत्मनिर्भरताको दिशामा अगाडि बढ्ने आफ्ना योजना , नीति , कार्यक्रम बनाउदै उत्पादनमा जोड दिएर मात्र समाधान खोज्न सकिनेछ। त्यसका लागी मुख्य बादक भनेको अहिलेको ब्यवस्था तथा नोक्करशाही अर्थ- राजनीतिलाई समाप्त नपार्द सम्म देशको स्वाधीनता र स्वतन्त्र अर्थतन्त्रको बिकासमा अबरोध रहिरहनेछ।

तसर्थ,अहिलेको दलाल तथा नोक्करशाही पुजीवादी ब्यवस्थाको विकल्प राष्ट्रिय अर्थतन्त्रको बिकासका लागि सबै मेहनतकस किसान, मजदुर , राष्ट्रिय पुजिपती ,ब्यपारी लगायत सबै देशभक्त प्रगतिशील जनतान्त्रिक शक्तिहरुको बृहत संयुक्त मोर्चाको माध्यमद्वारा मात्र भुराजनीतिक जटिलताको समाधान खोज्न सकिने छ। त्यसका लागि सबै जिम्मेवार शक्तिहरुले आ - आफ्नो क्षेत्रबाट पहल कदमी गर्नु अहिलेको बस्तुगत आवस्यकता हो। यतिबेला कुनै पार्टी बिशेषलाई केन्द्रमा राखेर होइन देशको बृहत हित र सुरक्षालाई ध्यानमा राखेर सोच्नु पर्ने बेला आएको छ। त्यसका लागि गरिने पहललाई पक्कै पनि प्रत्येक स्वाभिमानी नेपालीले साथ दिनेछ र दिनुपर्दछ।

नोक्करशाही पुँजिवादी ब्यवस्थाको विकल्प राष्ट्रिय अर्थतन्त्रको बिकासका लागि सबै मेहनतकस किसान , मजदुर ,बुद्धिजिबि , राष्ट्रिय पुजिपती , ब्यापारी लगायत देशभक्त, प्रगतिशील , जनतन्त्रिक शक्तिहरूको बृहत एकता र संयुक्तमोर्चाको माध्यमद्वारा मात्र अहिलेको भुराजनीतिक जटिलताको समाधान खोज्न सकिनेछ।त्यसका लागि सबै जिम्मेवार शक्तिहरुले आ- आफ्नो क्षेत्रबाट पहलकदमी गर्नु अहिलेको बस्तुगत आवश्यकता हो। यतिबेला कुनै पार्टी बिशेषलाई केन्द्रमा राखेर होइन ,देशको वृहत हित र सुरक्षालाई ध्यानमा राखेर सोच्नु पर्ने बेला आएको छ। त्यसका लागि गरिने पहललाइ हरेक स्वाभिमानी नेपालीले साथ र सहयोग दिनेछ र दिनुपर्दछ।

# सौन्दर्य शास्त्रमा कला,संस्कृसत र संस्कार



● कृष्णभक्त महर्जन (कगेन्द्र) ●

**इस्लामिक रिभलुसनरी गार्ड क्रप्स र इजरायली सेनाबीचको सिधा भिडन्तले सिरिया, लेबनान, इराक, यमनमा संक्रमणको जोखिम झन्झन् बढ्दै गएको छ। जसले तत्काल युद्धबाट नियन्त्रित प्रोक्सी द्वन्दहरुसम्म द्वन्द फैलाउने सम्भावना पनि बढ्दै गएको छ।**

सौन्दर्य शास्त्र भनेको साहित्यको जीवन हो। जीवन या कुनै विषयवस्तुको समय सन्दर्भ अनुसार हेरेर सुनेर, खाएर र बुझेर रूप र सारको ज्ञान प्राप्त गरी रुची अनुसार कुनै न कुनै लेख, कविता, गीत, निवन्ध र नाटक मार्फत अभिव्यक्त गर्ने या राम्रो तुल्याउने तत्वको प्रयोग गरी भाव,गुण र विद्रोहता झल्काउनेलाई सौन्दर्य शास्त्र भनिन्छ। सौन्दर्यपारख जति सरल छ त्यति नै जटिल पनि छ। कुनै कुनै जीवनमा वस्तुको रूप राम्रो हुन सक्छ र सार नराम्रो हुन सक्छ , सार राम्रो हुन सक्छ, रूप नराम्रो हुन सक्छ। अवस्था अनुसार फरक फरक हुन सक्छ। त्यसैले सौन्दर्य शास्त्रमा या चिन्तनमा साहित्यिक कलाको बढी प्रयोग हुन्छन्। कला प्रयोग गर्न जान्यो भने साहित्य सुन्दर बन्छ। कला प्रयोग गर्न जानेन भने साहित्य असुन्दर हुन्छ। कला भनेको जगतमा भएको सबै चीजको उत्पत्ति गर्ने सिर्जना हो। या कुनै चीजलाई फूलबुट्टा भरी श्रृजना गर्ने हो। कलालाई प्रयोग गर्दा रचनामा प्रयोग गर्दा समाजलाई सोच्न बाध्य पारोस र मनलाई विचार गर्न जागृत गरोस र व्यक्तिको उथल पुथल आवस यस्ता कलाले सौन्दर्य शास्त्रको साहित्यमा इतिहास बनाउँछ। संस्कृति भनेको मान्छे,प्रकृतिको उत्पादन हो। तिनीहरू उत्पादन गर्ने साहित्यहरू संस्कृति हो। कविता होस् या कथा होस् निवन्ध होस या गीत होस् उपन्यास होस कला प्रयोग गरि या फूलबुट्टा भरी श्रृजना गर्ने नै संस्कृति हुन्छ।संस्कार भनेको कला र संस्कृति व्यवहारमा सिकाउने,पुर्‍याउने खुवाउने र बुझाउनेलाई संस्कार भनिन्छ। संस्कार कस्तो सिकाउने बिग्रेको सिकाउने कि सप्रेको सिकाउने तथा क्रान्तिकारी प्रदान गराउने या प्रतिक्रियावादी प्रदान गराउने भन्ने कुरा रचनाकारको हातको सृजनामा भर पर्छ। सौन्दर्यको अनुभूति कला,संस्कृति र संस्कारको मान्यताबाट हुन्छ। सौन्दर्य शास्त्रमा साहित्य र कलाको आपसी परस्पर दुई विरोधी तत्वहरू हो। यी जीवनबोधी पनि हुन्छ र जीवन विरोधी पनि हुन्छ। साहित्य जबरजस्त इश्वरीय देन बुझाउने कोशिश गरी यथास्थिति वा पुरातनवादीबाट आएको देखिन्छ।


यो साढे २ हजार वर्ष पहिले दास -मालिकमा भएको देखिन्छ। कलाको उत्पत्ति चालिस हजार वर्ष पहिले उत्तरावर्ती युगमा भएको पाइन्छ र संस्कृति र संस्कार इसाको सातौं दशक विज्ञान संगै पितृसत्तात्मक रहँकै बेला भएको देखिन्छ। मान्छे प्रकृतिको उत्पादन हो। मान्छेमा श्रृजना गर्ने साहित्यहरू संस्कृति हो। कला संस्कार र संस्कृतिको विस्तारित र व्यवहारिक पक्ष हो। मानव समाज वर्ग विहीन ,शोषण विहीन थियो। असुर नारीहरू-(आदिवासी ) को संगतले जाति नश्ल नष्ट भएको देखिन्छ। त्यसै शिलशिलाबाट नै संस्कृति कला र संस्कारको चिन्ता १८औं शताब्दीबाट भएको देखिन्छ। मानव कल्पनाशील प्राणी हो। सामाजिक प्रणालीमा विश्लेषणको,सामाजिक शारीरिक र मानसिक प्रक्रियाबाट प्राप्त सौन्दर्य संगतिको उच्चतम अभिव्यक्त गर्दछ।आज सभ्य भएको भोलि असभ्य हुन सक्छ। या असभ्यताको प्रतिक बन्न सक्छ। समाज समय परिवर्तन सँगै सबैको परिवर्तन हुन्छ।साहित्यिक जीवनमा वैज्ञानिकहरूले जवाफ दिन नसक्दा अलौकिक कला,संस्कृति र संस्कारको जन्म भएको भनिन्छ। जस्तै जाति भेद , रंगभेद , तिलक प्रथा , कुमारी प्रथामा बल प्रयोगको विकल्प छैन। तर नरवलि प्रथा, दास प्रथा ,सति प्रथामा बल प्रयोग भएको पाइन्छ। साहित्यिक जीवन समान छैन। कोही छायावादीहरू कोही स्वच्छन्दवादी छन्। साहित्यिक श्रृजना भनेको सामाजिक चेतना हो। शिरदेखि पाउसम्म काव्यलाई लेख्यमा कलापक्ष र विचार पक्ष समेटेर लेखिन्छ। लेख्दाखेरी मूलभाषामा शब्द अभाव भएमा नजिकको भाषाबाट पैंचो लिन सकिन्छ। सिर्जनाहरू वर्ग समाज व्यवस्था अनुरूप हुन्छ। राजनीति धर्म कानुन, दर्शन, अर्थशास्त्र ,उत्पादन प्रतिविम्वको रूप र सारलाई आधारमा प्रभावले लेखे पनि साहित्यको स्वायत्त सत्ता हुँदैन। इतिहासमा सामाजिक र भाषिक इतिहासहरू र महान सिद्धान्तको सृजना समयको उपज हुन्छ। त्यसले आफ्नो युगलाई व्यक्त गर्दछ। जनपक्षीय परिवर्तन विना साँस्कृतिक रूपमा परिवर्तन हुन सक्दैन। साँस्कृतिक रूपमा रूपाण्तरण हुनु भनेको रुढीवादी चिन्तन छोड्नु हो। साहित्यमा वैज्ञानिक कारणको खोजी गरी समाधान गर्नु नै प्रगतिशील साहित्य भनिन्छ। प्रगतिशील साहित्य कलाको दार्शनिक आधार नै मार्क्सवाद हो। मार्क्सवादी परिभाषा अनुसार विचारधारात्मक शैलीका रचनाहरू रचनाकारको गहना हुन्छ। गहना पनि कस्तो गहनामा ढाल्ने पुँजीवादमा ढाल्ने कि समाजवादमा ढाल्ने कि क्रान्तिकारीमा ढाल्ने कि प्रतिक्रान्तिकारीमा ढाल्ने भन्ने कुरा सृजनाकारमा भर पर्छ। त्यसैले रचनामा चिन्तनहरू फरक फरक भएका हुन्।

१) परम्परावादी २) पुँजीवादी ३ ) समाजवादी ४ ) पुँजीवादी मानवतावाद ५)समाजवादी मानवतावाद यस्ता चिन्तनहरू अन्तर्राष्ट्रिय रूप देखिन्छ। राष्ट्रिय सम्म पनि देखा परेका छन्। यसको विभिन्न प्रवृतिहरू पनि देखा परेका छन्। जस्तैः- १) उत्तर आधुनिकतावाद २) नग्नवाद पनि देखा परेका छन्। ३) हास्य व्यङ्गवाद ४ ) शुन्यवाद ५) क्रान्तिकारीतावाद क्रान्तिकारी धारहरूको साहित्य क्षेत्रमा प्रगतिशील र प्रगतिवादी सिर्जनाहरू धेरै छन्।प्रगतिशील र प्रगतिवाद शब्द अंग्रेजीबाट रूपान्तरण भएको हो। यी दुइ मध्ये प्रगतिशीलले आंशिक रूपमा क्रान्तिकारी धारलाई प्रतिनिधित्व गर्दछ र प्रगतिवादले क्रान्तिकारी धारलाई नै प्रतिनिधित्व गर्दछ। यस्ता प्रतिनिधित्वहरूले वर्ग संघर्ष र मालेमावादी साहित्यलाई प्राथमिकता दिन्छ। क्रान्ति र मुक्ति प्रति प्रतिबद्धता र इमान्दारितापूर्वक मार्क्सवादी साहित्यको कविता, गीत,कथा,निवन्ध,लेख, नाटक,गीति नाटकमार्फत तहल्का मच्चाएको छ। यी मार्फत तहल्का मच्चाएको नेपालमा ८० वर्ष पछि झिल्का,मिल्का समकालीन रूपमा विकास भएको पाइन्छ।

नेपालमा २००९ सालदेखि प्रगतिशील लेखक संघको स्थापना संगै व्यवहारमा आएको देखिन्छ। नेपाल प्रगतिशील र प्रगतिवादी लेख्नेहरू मध्ये निरंकुशतावादीप्रति असन्तुष्टि जनाइ पहिलो चरणबद्ध रूपमा लक्ष्मी प्रसाद देवकोटाले स्वच्छन्दतावादी साहित्यको रचनाहरू वि.सं १९६६देखि २०१६ सम्म लेखी प्रचार गरेका थिए। प्रगतिवादी तथा क्रान्तिकारी धारमा धेरै रचनाकारहरू त जन्मे मुख्य गरी मोहन वैद्य किरण उपनाम चैतन्यको नाम मुख्य रूपमा आउँछ। वहाँ मार्क्सवादी दिगदर्शनका रूपमा साहित्यिक रचनाहरू गरेका छन्। माओवादी आन्दोलनमा प्रगतिवादी तथा क्रान्तिकारी आन्दोलनमा धेरै साहित्यकारहरू जन्मे। त्यस मध्ये पनि शहिद कृष्णसेन इच्छुक, जनगणतन्त्रवादी तीव्र चेतना साहित्यिक रचनाकार हुन्।

**१) मर्क्सवादी कला** :- सौन्दर्यशास्त्रमा कला भनेको जगतमा भएको सबै चिजको उत्पती गर्ने सृजना हो ! या कुनै चिज तथा हामी जे देख्छौ , जे हेर्छौं र जे गर्छौं त्यसलाइ फुल बुट्टा भरी सृजना गर्ने हो ! कलालाइ प्रयोग गर्दा वा रचनामा कला प्रयोग गर्दा समाजलाइ सोच्न वाध्य पारोस र मनलाइ विचार गर्न जागृत गरोस या व्यक्तिमा उथल पुथल आवोस ! यद्ता कलाले सौन्दर्य शास्त्रको साहित्यमा इतिहास बनाउछ ! कलाको ईतिहास खोज्दा कलाको उत्पति चालीस हजार वर्ष पहिले उत्तरावर्ती युगमा भएको पाइन्छ ! भौतिक जीवन मान्छेको चेतनाले निर्धारण गर्छ या अस्तित्वले निर्धारण गर्छ ! समाज विकास सगसगै उत्पादन र उत्पादन शक्तिको आवश्यक परेपछि आगोको कसरी निकस्ल्न सकिन्छ , हतियार कसरी बनाउने र प्रयोग कसरी गर्ने भन्ने कुरामा ढुङा ढुङा बजाइ आगो निकाल्ने, ढुङा हतियार बनाइ प्रयोग गरेको इतिहास पढेका छौ ! मान्छे प्रकृतिको उत्पादन हो ! मान्छेले उत्पादन गर्ने या सृजना गर्नेया कलाको प्रयोग गर्ने चाहिँ व्यवहारिक पछ्य हो ! सामाजिक अस्तित्व रुपि उत्पादन सम्बन्ध र कला रूपी चेतनाले निर्माण गर्दछ ! त्यसैले कला रुपि पनि विचारधारा कै एउटा रूप हो ! तै पनि कलाको आफ्नै स्वायत सत्ता हुदैन तर पनि ईतिहास बनाउन, ईतिहास बनाउछौ भने त्यसको लागि कलाले निर्णायक रूपमा नभए पनि केही हद सम्म भुमिका निर्वाह गर्दछ ! समाज बर्गिय छ र समाजमा कला साहित्य पनि पनि बर्गिय हुन्छ ! त्यसैले मार्क्स र एगेल्सले भनेका छन! ससार बदल्न आवश्यक वोधसगै कृयाशिल रहफा कला साहित्री वर्ग वोध र वर्ग चरित्रबाट अछुत हुन सकिँदैन ! विचारधारामा कला एउटा महत्वपुर्ण तत्व हो र महत्वपुर्ण भुमिका पनि हुन्छ ! दर्शन र राजनिती झै कला विशुद्ध विचारधारा त होइन र यसले इन्द्रिय वोध्भबहरूले विचारको उपस्थिती जनाउन सक्छ ! कलालाइ पनि तीन भुमिकाबाट हेर्ने गरिन्छ ती हुन सज्ञानात्मक-भनाले यथार्थ वोध गराउने कलाहो ! विचार्धारात्म्क - भनाले दर्शनको वोध गराउन्न र सौन्दर्यात्मक- भनाले सुरूप दिलाउने कुराप्रती मार्क्सवादी कला चिन्तनमा स्पष्ट छ ! माओको भनाइमा नया रुढिगत शैली र मतवाद सजिव र तिव्र छैन,प्रगतिशिल छैन , परन्तु प्रतिगामी छन ,क्रान्तिकारी छैन , क्रान्तिको मार्गमा वाधक छ ! भनाइको मतलब रुढिगत कलाको चार मइ आन्दोलनको स्वरूपको एक प्रतिक्रिया हो भनेका छन ! चार मइको आन्दोलन पनि आफैमा केही केही कमजोरीहरू पनि छन ! तर यो सघर्ष पनि एक महान उपलब्धि कलामा भएको हो ! वास्तवमा क्रान्ती गर्ने भनेको आम जनताको आवश्यकता हो ! जनतालाइ क्रान्तिकारी काममा अघि नढाइकन क्रान्ती सफल हुन सक्दैन ! त्यसैले जनतालाइ बुझाउन,सिकाउन जनताको भाषामा,गाउको भाषामा बोल्ने लेख्ने ,छोटो मीठो हुनुपर्छ ! लामा लामा भाषण्र लामो लामो लेख्ने बन्द गर्नु पर्छ ! भन्ने भनाइ माओको छ ! सबै ज्ञान जनताबाटै सिक्न सकिन्छ्, त्यसै बाट सबै कला पनि सिक्न सकिन्छ ! जनता माझ जानू भनेको घुमन्ते क्रान्तिकारी भै डुल्नु होओइन ! क्रान्तिको तयारीको लागि जाने हो या कलाको प्रयोग गरि मार्क्सवादी कला हरू सिक्न सकिन्छ ! नेपाली कलाको ईतिहास नेपाली सस्कृती जतिकै पुरानो छ ! लिच्छविकाललाइ कलाको स्वर्णिम कलाको रूपले लिने गरिन्छ ! त्यस कालका अद्वितिय कलाकृतिको उत्कष्टाको आधारले नेपाली कलाकृतिहरू अझै पुराना छन भन्ने कुरा अनुमान गर्न सकिन्छ ! नेपाली सस्कृती,नेपाली सभ्यता जति पुरानो छ त्यति नै कला पुरानो पनि छ ! कला,कलाको लागि मात्र नभएर मानव जिबनको लागि समेत अपरिहात्रृ तत्व हो ,कला अध्यात्मक मात्र होइन व्यवहारका महत्वपुर्ण पछ्य पनि हो ! नेपाली कलाको विकास क्रममा विभिन्न चरण पार गरि आएको छ ! जस्तै बुट्टा कुडने,रगरोगन गर्ने,पाण्डुलिपीमा चित्र कोर्ने,पौभा चित्रदेखी छाया चित्र बनाउने सम्मको कलाले उत्कर्षमा पुगेको देखिन्छ ! यसरी विकासको क्रम हुँदै जादा बिस्तारै बिस्तारै कला छ्येत्रमा पश्चिमेली कला जस्तै प्रभाववाद,अभिव्यक्तिवाद,अमुर्तवाद तथा अति यथार्थवाद शैलिहरूको प्रवृति देखा पर्न थाल्यो ! यी प्रवृतिहरूको विरोधमा नेपाली कलामा वाहय वस्तु तथ्ह घटनाक्रमहरिलाइ भन्दा आफू भित्रको भाव प्रकट गर्नेतिर अभ्यष्ट हुन थालेको छ ! कलाको विकासमा सिन्धुघाती सभ्यतामा विकास भएको विविध आयमको अहिलेसम्म लिखित दस्तावेज पाइएको छैन ! नेपालम कलाकै सन्दर्भमा रहि २००८-०९ सालमा सत्री मोहन जोशीले कलाकार त्रैमासिक पत्रीका नेवारीमा र नेपालीमा प्रकासितले चित्रकला , मुर्तिकला,वस्तुकला,सगित तथा साहित्यक महत्व दिएका थिए ! त्यसैले नेपाली कला आफ्नो परम्परा साथसाथै विश्वमा जन्मेका कला नविनतम प्रचलनमा छन र विगतबाट सिकि,वर्तमानलाइ आत्मासाथ गरि आफनै मौलिकताको आवाजलाइ सुनी आफनो दृष्टिपरक भाष्यमा आफुलाइ अभिव्यक्ति गर्ने मार्क्सवादी कलाकोअपनाउदै आएको छ ! २००७ ,२०२८,०४६-४७ र ०५२ सालका आन्दोलनका कलाहरूमा धेरै मार्कवादी साहित्याका कलाहरू जन्म भए ! ती कलाका प्रख्यात व्यक्तित्वहरू कोहि प्रतिक्रियावादीतिर ढल्के, कोहि अवसरवादीतिर ढल्के,कोहि सशोधनवादितिर ढल्के तर *बाँकी ४ पृष्ठमा*

# चोर ढोका



● मोदनाथ मरहट्टा ●

**'चोर ढोका'को अस्तित्व केवल भौतिक संरचनामा मात्र सीमित छैन, यसले हाम्रो मानसिक संरचनामा पनि गहिरो छाप राख्छ। जब व्यक्ति इमानदार प्रयास छोडेर छोटो बाटो खोज्छ, जब नियमलाई उल्लङ्घन गरेर लाभ लिन खोज्छ, तब उसले आफ्नो जीवनमा 'चोर ढोका' खोलिरहेको हुन्छ। मानसिक या नैतिकरुपमा यस्ता ढोकाहरु बेईमानी, छलकपट र विश्वासघातका मूल स्रोत हुन्। नैतिकताको दृष्टिले यस्तो प्रवृत्ति अनुचित मात्र हो इन, समाजिक अनुशासन र आपसी विश्वासका लागि खतरनाक हो। यस्ता ढोका 'आँखा झिमिक्क गऱ्यो बाँदरले टिपिक्क लग्यो' भनेजस्तै हुन्छ।**

मानव समाजको सभ्यताको इतिहास हेर्दा ढोकाको भूमिका अत्यन्त महत्वपूर्ण देखिन्छ। प्राचिन युग अर्थात् गृहस्थाश्रमको सुरुआतमा घर वा आवासको प्रचलन चलेदेखि ढोकाको अवधारणा आएको हुनुपर्छ।

घर विद्यालय जस्ता भौतिक संरचनामा प्रवेशका लागि ढोका राखिन्छ। समाजमा रहने मानिसको जीवनमा ढोका (द्वार) को एकदमै महत्व छ। ढोका केवल प्रवेश र निर्गमनको माध्यम मात्र होइन, सभ्यता, संस्कार र सुरक्षाको प्रतीक पनि हो। साधारण अर्थमा ढोका भन्ने बित्तिकै काठ, फलाम वा धातुबाट निर्मित हुन्छ।

घरमा ढोका हुँदैन भने मानिस लगायत सरसामान र धन सम्पत्ति असुरक्षित हुन्छन्। तर, सबै ढोकाहरू समान उद्देश्यका लागि बनाइएका भने हुँदैनन्। घर पसल वा कार्यालयमा ढोका छ भनेर भित्रका सबै वस्तुहरू सुरक्षित हुन्छन् भन्ने पनि बुझ्नु हुँदैन।

कुनै ढोका खुला र पारदर्शी हुन्छन् भने कतिपय ढोकाहरू गुप्त, रहस्यमयी र गोपनीय पनि हुन्छन्। यस्ता ढोकाहरू मध्ये 'चोर ढोका' विशेष चर्चा गर्न लायकको हुन्छ। एकाध अवस्थामा एउटा ढोका यस्तो पनि हुन्छ, जसलाई मानिसले गोप्य कामका लागि, चोरीका लागि वा अनुचित प्रवेशका लागि प्रयोग गर्ने गर्छन् त्यसैलाई 'चोर ढोका' भनिन्छ।

'चोर ढोका' भन्नाले मूल ढोका भन्दा पृथक गोप्य, सामान्यतया अरूको ध्यान नगई बनाइने सानो ढोका हो, जसबाट कसैले चोरिएर वा लुकीछिपी आवतजावत गर्न सक्छ। यस ढोकाबाट आउने-जाने मानिसको उद्देश्य प्रायः खुला र पारदर्शी हुँदैन। त्यसैले यसलाई 'चोर ढोका' नाम दिइने गरिन्छ।

'चोर ढोका' प्रायः ऐतिहासिक महल, दरबार, पुराना हवेलीहरूमा देखिन्थ्यो। इतिहासमा, राजा-महाराजाहरूले युद्ध, षड्यन्त्र वा आकस्मिक आक्रमणका बेला लुकेर भाग्नका लागि 'चोर ढोका' बनाएका हुन्थे। यस्ता ढोकाले कहिलेकाहीँ जीवन रक्षामा मद्दत गर्थे। तर, समयसँगै यसको प्रयोग अनुचित कार्यतर्फ मोडियो। घरमा वा कार्यालयमा 'चोर ढोका' हुनु भनेको शंकाको विषय मानिन्छ। किनभने यसले पारदर्शिता नष्ट गर्छ र बेईमानीलाई प्रश्रय दिन्छ। यस्तो ढोकाले व्यक्ति वा संस्थाको नियतमाथि शंका उब्जाउँछ।

आजको युगमा 'चोर ढोका' केवल भौतिक संरचनामा मात्र सीमित छैन। यसले रूपकात्मक अर्थ पनि बोकेको हुन्छ। जीवनमा हामीले जब इमानदारी छाडेर छोटो बाटो खोज्छौँ, नियम तोड्छौँ, वा अरूको हक हानि गरेर सफलता पाउन खोज्छौँ, त्यो पनि एउटा 'चोर ढोका' मार्फत् प्रवेश गर्नु जस्तै हो। यसले समाजमा बेईमानी, भ्रष्टाचार र अन्यायलाई बढावा दिन्छ। खुला सिमाना भएका मुलुकहरूमा राज्यले निर्धारण गरेका भन्सार अड्डा बाहेक अन्यत्रबाट अवैध सामानको चोरी निकासी वा पैठारी हुने गर्छ। कतिपय मुलुकमा एक देशको नागरिक बिना प्रवेशाज्ञा अर्को देशमा घुस्ने र अवैध गतिविधि हुने गरेका खबरहरू बाहिर आएका हुन्छन्। हाम्रै देशमा कयौं नागरिक सात समुद्र पारीको अमेरिका भन्ने देशमा 'चोर ढोका'बाट पसेर शरण लिएका र उतैको नागरिकता लिएका कयौं नेपालीहरू छन्। अमेरिका मात्र होइन रोजगारीका नाममा नेपाल सरकारले श्रम स्वीकृति नदिएका मुलुकमा पनि दुई नम्बरी धन्दावालाले लुकिछिपी पुऱ्याइएका सयौँ अलपत्र नागरिकहरू पनि छन्। यसरी विदेशी भूमिमा घुस्ने मुख्यबाटो यही 'चोर ढोका' हो। खास गरेर कुनै सङ्घ संस्थाभित्र अस्वाभाविक रूपले 'चोर ढोका'बाट कुनै पात्र वा समूह प्रवेश गर्छन् र अवाञ्छित गतिबिधि गर्छन् अनि त्यस संस्थाको लक्ष्य, उद्देश्यमाथि धावा बोल्छन् गडबड सुरु हुन्छ अनि त्यो संस्थाको गरिमामाथि प्रश्न उठ्छ।

घर, परिवार, समाज र राज्य सञ्चालन पारदर्शिता र उत्तरदायित्वमा आधारित हुनुपर्छ। तर जब कसैले नियमलाई अपचलन गरेर गोप्य बाटो खोज्छ, त्यो 'चोर ढोका'को मानसिकता हो। राजनीतिमा जब 'गठबन्धनको 'चोर ढोका'', 'कालो धनको 'चोर ढोका'' वा 'अवैध व्यापारको 'चोर ढोका'' प्रयोग हुन्छ, तब लोकतन्त्र कमजोर हुन्छ र भ्रष्टाचारले जरो गाड्छ। आजको वैश्विक अर्थतन्त्रमा पनि करछली, तस्करी र नक्कली सम्झौता जस्ता गतिविधिहरू आधुनिक 'चोर ढोका'का रूप हुन्। प्रशासनिक क्षेत्रमा नातावाद र बेथिति मौलाउँछ त्यहाँ 'सक्नेको हातमा लाठी' भनेजस्तै यी सबै सामाजिक असमानता र अन्यायलाई जन्म दिने कारक 'चोर ढोका' नै हुन्।

'चोर ढोका' कुनै कुनै विद्रोही सङ्गठनले पनि निर्माण गरेका हुन्छन् आफ्नो लक्ष्य पूरा गर्न वा समाजलाई राज्यले लादेको निरङ्कुसताबाट उन्मुक्ति दिने हेतुले यस्तो कार्य लुकिछिपी तयार गरिएको हुन्छ। जहाँ बैठककक्ष, अध्ययन कक्ष पूर्ण भूमिगत रूपले बनाइएको हुन्छ। हाम्रो देशमा तीसको दशकमा झापा विद्रोह कालमा इलामको चित्रेमा रत्नकुमार वान्तवाहरू र जनयुद्धकालमा रोल्पाका जनमुक्ति सेनाका कमाण्डर नन्दकिशोर पुन 'पासाङ' ले 'चोर ढोका' निर्माण गरेका थिए। आफ्नो मूल घरको भुइँमा सानो प्वाल पारेर जमिनमुनिबाट बाहिर निस्कने मार्ग निर्माण गरेका थिए। तत्कालीन युगमा त्यो सान्दर्भिक पनि थियो। सो संरचना अद्यावधि छँदै छ। तात्कालीन राज्यको बिरूद्ध हतियार उठाएका विद्रोहीहरूको त्यो सीप र कौशल बेजोडको थियो। यसैगरी माओवादीको विद्रोही कालमा राज्यले नियन्त्रणमा लिएर बन्दी बनाइएका लडाकुहरूले कारागारबाट चोरढोका मार्फत् विद्रोह गरेर युद्धमोर्चामा सामेल हुन पुगेका थिए भने कतिपय लडाकुहरूले सैन्य कष्टडिबाट चोरढोका मार्फत विद्रोह गरेका थिए। यसले के पुष्टि हुन्छ भने समाजका हरेक कुरा वर्गीय हुन्छ भनेजस्तै चोरढोका पनि वर्गीय हुन्छ। परन्तु यहाँ चर्चा गर्न खोजिएको 'चोर ढोका' भने गैरमानवीय वा भनौं उत्पीडक वर्गले कुत्सित मनसायबाट प्रयोग गरेका चोरढोकाका बारेमा हो।

'चोर ढोका'को अस्तित्व केवल भौतिक संरचनामा मात्र सीमित छैन, यसले हाम्रो मानसिक संरचनामा पनि गहिरो छाप राख्छ। जब व्यक्ति इमानदार प्रयास छोडेर छोटो बाटो खोज्छ, जब नियमलाई उल्लङ्घन गरेर लाभ लिन खोज्छ, तब उसले आफ्नो जीवनमा 'चोर ढोका' खोलिरहेको हुन्छ। मानसिक या नैतिकरूपमा यस्ता ढोकाहरू बेईमानी, छलकपट र विश्वासघातका मूल स्रोत हुन्। नैतिकताको दृष्टिले यस्तो प्रवृत्ति अनुचित मात्र होइन, समाजिक अनुशासन र आपसी विश्वासका लागि खतरनाक हो। यस्ता ढोका 'आँखा झिमिक्क गऱ्यो बाँदरले टिपिक्क लग्यो' भनेजस्तै हुन्छ।

आज 'चोर ढोका' एउटा शक्तिशाली रूपक बनेको छ। शैक्षिक क्षेत्रमा नक्कली प्रमाणपत्र, व्यापारिक क्षेत्रमा कर छली, राजनीतिक क्षेत्रमा शक्तिको दुरूपयोग, व्यक्तिगत जीवनमा अनैतिक लोभामोहको जिजीविषा राख्नु यी सबै 'चोर ढोका'का आधुनिक उदाहरण हुन्। यस्ता गोप्य बाटाहरूले प्रारम्भमा सजिलो महसुस गराए पनि दीर्घकालीन परिणाम विनाशकारी हुन्छन्। झट्ट हेर्दा 'चोर ढोका' सानो कुरा लाग्न सक्छ, तर यसको प्रभाव गहिरो हुन्छ। यो केवल भौतिक संरचना मात्र होइन, बेईमानी मानसिकता र सामाजिक संरचनाको कमजोरी हो। जबसम्म मानिस पारदर्शिता, इमानदारी र उत्तरदायित्वलाई आत्मसात गर्दैन, तबसम्म 'चोर ढोका'हरू बन्द हुँदैनन्। त्यसैले, हाम्रो लक्ष्य खुला र न्यायपूर्ण बाटोबाट अघि बढ्नु हो, किनकि साँचो विकास 'चोर ढोका'बाट होइन, पारदर्शी ढोकाबाट सम्भव हुन्छ।

'चोर ढोका' देख्दा सानो कुरा लाग्न सक्छ, तर यसको अर्थ र प्रभाव गम्भीर छ। यसले गोप्य योजनाहरू, षड्यन्त्र र बेईमानीलाई सङ्केत गर्छ। जीवनमा पारदर्शिता, इमानदारी र निष्ठा कायम गर्न हामीले भौतिक र मानसिक दुवै 'चोर ढोका'हरू बन्द गर्नुपर्छ। त्यसैले, 'चोर ढोका'बाट होइन, खुला र न्यायपूर्ण बाटोबाट अघि बढ्नु नै साँचो इमान्दारिता, नैतिकता र पारदर्शिता हो।

चोरढोका बन्नु वा प्रचलनमा आउनु भनेको अबैधानिक बाटोबाट आफ्नो स्वार्थ पूरा गराउनु हो। जब मानिसलाई निजी धनसम्पत्ति र स्वार्थको ज्यादा मोह हुन्छ तब यस्ता ढोकाहरूको प्रयोग हुन्छ। विश्वमा सबै अपराध वा लोभमोहको कारक भनेको निजी सम्पत्ति नै निम्त्याउने अवस्था हो तसर्थ यस्तो व्यवस्थाको अन्त्य गरी समाजका उपेक्षित वर्गले सम्मानरूपमा बाँच्ने व्यवस्थाको बाटो पहिल्याउनु नै चोरढोकाबाट मुक्त हुनु हो।

# साँस्कृतिक प्रतिरोध दिवसको सन्देश

२०५५ साल चैत्र ५ गते काभ्रेको अनेकोटमा भएको बीभत्स हत्याकाण्ड हो। र, राज्यको फासिवादी दमनको साहस, सौर्य र बलिदानीपूर्वक निःशस्त्र जनकलाकारहरूले प्रतिरोध गरेको एउटा रक्तरञ्जित इतहास हो। विचारको तागत कति हुन्छ भन्ने कुरा ती जनकलाकारहरूहरूले सान्दार रूपमा प्रस्तुत गरे, जो बरु गोली खान र जिउँदै आगोमा जल्न तयार भए तर वर्गवैरीसँग आत्मसमर्पण गर्न र झुक्न कदापि तयार भएनन्। अनेकोटमा जनकालाकारहरूले देखाएको यी वीरता, सौर्यता र उच्च क्रान्तिकारी आदर्शलाई 'साँस्कृतिक प्रतिरोध दिवस'को रूपमा जनयुद्ध कालदेखि नै माओवादी तथा कम्युनिस्ट क्रान्तिकारीहरूले मनाउँदै आएका छन्। र, यसपटक पनि मनाए। विशेषगरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेता कार्यकतारुले घटनास्थलमै गएर- सहिदहरूको सपना अझै पूरा भएका छैनन् भन्दै ती महान सपना पूरा गर्ने संकल्पबद्ध प्रतिबद्धता व्यक्त गरे। र, छरिएर रहेका र बाटो बिराएका कम्युनिस्टहरूलाई एकताबद्ध भएर सहिदहरूको सपना पूरा गर्ने क्रान्तिको मार्ग कोर्न आव्हान पनि गरे।




अनेकोटमा सहादत प्राप्त गर्ने कलाकारहरू चाङ्वा लामा, चिनिमाया लामा, गुम्बासिंह तामाङ, निर्मला देवकोटा, डम्बर श्रेष्ठ, शुभद्रा सापकोटा, मञ्जु कुँवरले बगाएको रगत निरन्तर क्रान्तिको एउटा एउटा उद्घोष र उत्प्रेरणा हो। क्रान्ति केवल बन्दुकले मात्र होइन, विचार र संस्कृतिले पनि लडिन्छ। क्रान्तिकारीहरूमा आफ्नो विचारप्रति कति अटल विश्वास हुनुपर्छ भन्ने प्रमाण अनेकोटले दिएको छ। वर्गवैरीहरू कति क्रूर, आततायी र नुशंसक हुन्छन् भन्ने कुरा यो घटनाले साबित गरेको छ र कम्युनिस्टहरूमा फलामे अनुशासन किन चाहिन्छ भन्ने कुरालाई यो र जनयुद्धमा घटित तमाम घटनाहरूले अमूल शिक्षा प्रदान गरेको छ। क्रान्तिकारीहरूले दुश्मनको क्रूरतालाई कहिल्यै नजरअन्दाज गर्नु हुँदैन। शान्तिपूर्ण समयमा होस् वा युद्धमा, शत्रुको प्रहार जुनसुकै बेला हुन सक्छ भन्नेमा सधैँ सजग रहनुपर्छ।

अनेकोट हत्याकाण्डले नेपाली कम्युनिस्ट आन्दोलनलाई त्याग र समर्पणको पाठ सिकाएको छ। आजका क्रान्तिकारीहरूले सत्ता र सुविधाको लोभमा फसेर ती सहिदहरूको आदर्शलाई बिर्सनु उनीहरूप्रतिको ठूलो अपमान हुनेछ। विचारमा स्पष्टता, संगठनमा अनुशासन र जनताप्रति उत्तरदायित्व नै अनेकोटले दिएको वास्तविक सन्देश हो।

यो दिवसमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य तथा प्रवक्ता सुदर्शले दिएको वक्तव्य पनि निकै सन्देशमूलक थियो। उहाँले भन्नुभएको थियो- 'सेना नभएको जनतासँग आफ्नो भन्नु केही पनि हुन्न। सत्ता बदल्नका निम्ति गरिएका आन्दोलन, युद्ध र संघर्षहरू सरकार बदल्न वा व्यक्ति बदल्नमा सीमित भयो। सत्ता भनेको सेना, पुलिस, कर्मचारी तन्त्र, अदालत, कारागार लगायतका अवयवहरू हुन्। ती सबैलाई यथावत राखेर केवल सरकार मात्रै परिवर्तन गरेर सत्ता परिवर्तन हुँदैन। पुरानै सत्ता कायम राखेर पुरानै व्यवस्थामा जानु प्रचण्डको सबैभन्दा ठूलो कमजोरी भयो। अझै पनि सच्चिने र सच्याउने ठाउँ छ। प्रचण्डजी, रास्वपाको गुलामीतिर नलाग्नुस्, क्रान्तिकारी कित्तामा उभिनुस्।

अहिले राष्ट्रिय स्वाधीनताको प्रश्न प्रमुख भएको छ। सम्पूर्ण देशभक्त, वामपन्थी, जनवादी शक्ति, क्रान्तिकारी शक्तिलाई संयुक्त मोर्चा निर्माण गरी सर्वपक्षीय सम्मेलनमार्फत् निकासका लागि स्वाधीन संयुक्त सरकार गठन गरेर अगाडि जानुपर्छ। यो निर्वाचनपछि बन्दै गरेको रास्वपाको सरकारले देशमा विद्यमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान गर्न सक्दैन, देशमा अझ ठूलो भयावह स्थिति पैदा हुन सक्छ। त्यसका निम्ति सम्पूर्ण देशभक्त, कम्युनिस्ट क्रान्तिकारी तथा वामपन्थी शक्तिहरू वृहत संयुक्त मोर्चा निर्माण गरेर अगाडि बढ्न जरुरी छ। सांस्कृतिक सहिदहरूले नै जनयुद्धको जग बसालेका हुन् सहिदहरूका सपना पूरा गर्न क्रान्तिको कार्यभारलाई नयाँ ढंगले अगाडि बढाउने प्रतिबद्धता सबैले गर्नुपर्दछ।'

यही सन्देश र शिक्षा नै आजको सन्दर्भमा अनेकोट हत्याकाण्ड तथा साँस्कृतिक प्रतिरोध दिवसबाट सबै कम्युनिस्ट क्रान्तिकारीहरू लिनुपर्ने अमूल्य निधि हुन्।

## ❑ यो साता कविता

### खोटो सिक्का चल्यो



❑ कुमार दिङलाली

*'अन्नोन' युवाहरु प्रयोग भए, अँध्यारो सुरूङको योजनामा*
*अदृश्य, आच्छादित हातबाट, क्रूर, विध्वंशक मृत्यदाताबाट।*
*जीवन खोज्ने उमेर थ्यो, भविश्य खोज्न निस्किएथ्यो*
*असंख्य-असंख्य प्रश्नको, उत्तर खोज्न तम्सिएथ्यो।*
*असंवेदित राक्षसी हृदयका, आच्छादित बन्दुके हातबाट*
*ड्याङ्-ड्याङ् गोली चल्यो, डङरङ भुँइँमा ढल्यो।*
*भ्रष्ट र भ्रष्टाचारलाई उखेलेर फ्याक्ने संकल्प थ्यो*
*पत्तै नपाई खोसियो तिनको संकल्प र सपना।*
*जुन हातले सपना खोसियो, त्यही हातले आगो झोसियो*
*संसद जल्यो, सिंहदरबार जल्यो, देशको स्वाभिमान जल्यो।*
*सर्वोच्च अदालत जल्यो, न्यायिक दस्तावेज जल्यो,*
*राष्ट्रपति भवन जल्यो, राष्ट्रको शिर ढल्यो।*
*जलेन भ्रष्टाचार, पुरावस्तु जल्यो, धरोहर जल्यो, इतिहास जल्यो।*
*एउटा कारिन्दा हटाइयो, अर्को कारिन्दा राखियो*
*हाम्रै आँखाको सामुन्ने, एउटा पानामा इतिहासको*
*पोतिनु थियो उज्यालो, कालो पोतियो।*
*आखिर ठगियो फेरि एकपटक जोसिलो किशोर पुस्ता,*
*तिनको सपना चोरियो, संकल्प कलङ्कित बन्यो।*
*पुराना खोटा हुने, नयाँ चलन चल्यो, नहुनुपर्ने सबै भयो।*
*हिमाली आँगनमा, नयाँ स्वरुपको, नयाँ अनुहारको*
*कालो धब्बा लागेको, डढेर अँगार बनेको, खोटो मुद्रा देखियो।*
*केही मान्छेहरुले भनिरहे, यो खोटो छ, यो अस्वीकार्य छ।*
*फेरि एक्कासि हुल का हुल अर्कै खाले मान्छे देखिए*
*चोक, चोकमा र सहरका गल्ली, गल्लीमा*
*होहल्ला गर्दै ठूला-ठूला ढ्वाङ् लिएर उभिए*
*तिनले भन्न थाले, यो असली मुद्रा हो, यो असली मुद्रा हो।*
*ठूलो-ठूलो सोरमा बेस्सरी कराए, मान्छेका आबाज त्यतै कतै थिचिए*
*हुल का हुल अर्कै खाले मान्छेले त्यही मुद्रा सर्वव्यापी बनाए।*
*खोटो भन्नेको आबाज सिथिल भयो, आखिर सत्य छोपियो*
*सत्यहन्ता, मृत्युदाता, समरवणिकद्वारा कलह रोपियो*
*कहीं नबिक्ने, सबैतिरबाट अस्वीकृत, त्यही खोटो मुद्रा, खोटो भएन*
*मान्छेको विवेक ढल्यो, लालीगुराँसको देशमा खोटो सिक्का चल्यो।*

### अब म चुप बस्दिन



❑ कमला नेपाली

*धेरै भयो*
*मौन बस्दै*
*सहँदै*
*आफैँलाई दोष दिँदै*
*तिमीले सिधै 'सानो जात' भनेनौ*
*व्यवहारले हजारपटक भन्यौ।*

*मेरो थर सुनेपछि*
*तिम्रो अनुहार फेरिएको*
*कुरुप दृश्य*
*मेरा नयनमा*
*सुरक्षित छन्।*

*हात मिलायौ*
*तर मन मिलाएनौ*
*समानताको नारा लगायौ*
*तर भान्सामा*
*मेरो लागि अलगै*
*थाली र लोहटा राख्यौ*
*किन ?*
*मेरो रगत फरक छ ?*
*या, मेरो आमाको कोख*
*अपवित्र थियो ?*
*जवाफ देऊ महासय।*

*म थाकिसकेँ*
*तिम्रो देखावटी सभ्यताबाट*
*बाहिर 'बराबरी' चिच्याउने,*
*भित्रै भित्र*
*मान्छेलाई टुर्क्याउने।*
*आज म चिच्याउँदै भन्छु*
*म सानो होइन*
*सानो त तिम्रो सोच हो*
*मेरो मौनता कमजोरी थिएन*
*धैर्य थियो*
*तर अब*
*मेरो धैर्य आगो बनेको छ*
*याद राख*
*जब दबाइएका आवाजहरु*
*आक्रोशमा बदलिन्छन्*
*त्यो दिन*
*तिम्रो सिंहासनसहित सोच ढल्नेछ*
*मान्छेभन्दा ठूलो*
*कुनै जात हुने छैन।*

## कम्युनिस्ट...

झूट बोल्ने, भ्रम फैलाउने वा व्यक्तिगत फाइदाका लागि सिद्धान्त बेच्ने मानिस कम्युनिस्ट हुन सक्दैन । नेपाली कम्युनिस्ट आन्दोलनमा विश्वास संकटको प्रमुख कारण यही इमानदारीताको अभाव हो ।

**तेस्रोःपारदर्शिता**

संगठनभित्र र बाहिर दुबै ठाउँमा पारदर्शी व्यवहार आवश्यक हुन्छ । निर्णय प्रक्रिया, आर्थिक गतिविधि, र राजनीतिक कार्यदिशा,यी सबैमा स्पष्टता र खुलापन हुनुपर्छ । गोपनीयता आवश्यक हुने ठाउँमा मात्र गोपनीयता, अन्यथा पारदर्शिता नै विश्वासको आधार हो ।

**चौथोः दृष्टिकोणसहितको दृढता**

भावना वा आवेगले होइन, वैज्ञानिक दृष्टिकोणले मार्गदर्शन गर्ने दृढता आवश्यक हुन्छ । कठिन परिस्थितिमा पनि सिद्धान्तमा अडिग रहने, तर व्यवहारमा लचिलो र सृजनात्मक रहने क्षमता कम्युनिस्टको विशेषता हो । नेपाली सन्दर्भमा यो अझ महत्त्वपूर्ण छ, किनकि यहाँका भौतिक, सामाजिक र सांस्कृतिक अवस्थाहरू जटिल छन् ।

**पाँचौंः साहस**

अन्याय, शोषण र गलत प्रवृत्तिको विरुद्ध उभिने साहस बिना कुनै पनि क्रान्तिकारी आन्दोलन सम्भव हुँदैन । साहस भनेको भाषणमा मात्र होइन, व्यवहारमा देखिनुपर्छ,सत्य बोल्ने, जोखिम उठाउने, र जनताको पक्षमा दृढ रहने ।

**छैटौंः अनुशासन**

व्यक्तिगत जीवनदेखि संगठनात्मक जीवनसम्म अनुशासन अत्यन्त आवश्यक हुन्छ । अनुशासनविहीन स्वतन्त्रता अराजकता हो, र अराजकता क्रान्तिको शत्रु हो । सामूहिक निर्णयलाई मान्ने, समयको मूल्य बुझ्ने, र जिम्मेवारीप्रति प्रतिबद्ध रहने बानी विकास गर्नुपर्छ ।

**सातौंः मितव्ययिता**

विलासी जीवनशैली, अनावश्यक खर्च र भौतिक सुखको लालसा कम्युनिस्ट चरित्रसँग मेल खाँदैन । सीमित स्रोतलाई जनताको हितमा प्रयोग गर्ने, साधारण जीवन जिउने, र लोभबाट टाढा रहने गुण अनिवार्य छ ।

अन्ततः, कम्युनिस्ट हुनु भनेको नारामा "क्रान्ति" भन्नु ,दस्तावेजमा लेख्नु मात्र होइन, आफैँलाई परिवर्तन गर्ने सतत प्रक्रिया हो । नेपाली कम्युनिस्ट आन्दोलनलाई पुनर्जीवित गर्न सबैभन्दा पहिला यसको नेतृत्व र कार्यकर्ताले आफ्नै चरित्र सुधार गर्नुपर्छ । जबसम्म कम्युनिस्टहरू आफ्नो जीवनमा सरलता, इमानदारी, पारदर्शिता, साहस, अनुशासन र मितव्ययिता जस्ता गुणहरू विकास गर्दैनन्, तबसम्म उनीहरूले समाज परिवर्तनको नेतृत्व गर्न सक्दैनन् ।

त्यसैले आजको सबैभन्दा ठूलो आवश्यकता भनेको अरूलाई बदल्ने होइन, आफूलाई रूपान्तरण गर्ने हो,त्यही बाटो हुँदै सच्चा क्रान्ति सम्भव हुन्छ ।

## इरानको...

कार्य सम्पादन समितिको २०८२ चैत्र २ गते बसेको बैठकपछि मोर्चाका संयोजक सन्तबहादुर नेपालीद्वारा जारी प्रेस वक्तव्यमा सो ऐक्यबद्धता प्रकट गरिएको हो । गत फेब्रुअरी २८ (माघ १६ गते) अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरी इरानका सर्वोच्च नेता आयातुल्लाह अलि खामेनेईलाई हत्या गरे सँगै यो युद्ध सुरु भएको थियो ।

वक्तव्यमा इरान-अमेरिका युद्धको प्रभावमा परेका देशमा रहेका नेपालीहरूको उद्धार र पुनर्स्थापनामा जोड दिइएको छ । नेपालमा राष्ट्रिय स्वाधीनता खतरामा पर्दै गएकाले देशभक्त, जनतान्त्रिक, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारीहरूको एकतामा जोड दिइएको छ । वक्तव्यमा ग्याँस र पेट्रोलियम पदार्थमा सिर्जना गरिएको कृत्रिम अभाव हटाउन, सुर्खेतमा इनिशा वि.क.को हत्यारालाई कार्वाही गर्न, कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सरकारसित माग गरिएको छ । मोर्चाका संयोजक सन्तबहादुर नेपालीले २०८२ चैत्र ३ गते जारी प्रेस वक्तव्यको पूर्णपाठ यसप्रकार छ-"राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालको कार्यसम्पादन समितिको बैठक २०८२ चैत्र २ गते मोर्चाका संयोजक क. सन्तबहादुर नेपालीको अध्यक्षतामा बस्यो । बैठकमा इरान-अमेरिकी युद्ध, युद्धरत देशमा रहेका नेपालीहरूको उद्धार र पुनर्स्थापना, ग्याँस र पेट्रोलियम पदार्थको कृत्रिम अभाव, कालोबजारी, इनिशा वि.क.को हत्या, कार्की आयोग प्रतिवेदन, देशभक्तहरू बीचको संयुक्त मोर्चा आदि विषयमा छलफल भयो । बैठकले लिएका निर्णयहरूलाई सार्वजनिक गर्न यो प्रेस वक्तव्य जारी गरिएको छ ।

१) भेनेजुएलामाथि आक्रमण र राष्ट्रपति मादुरो र उनकी पत्नीलाई अपहरण गरेपछि अमेरिकी साम्राज्यवादले इजरायलसँग मिलेर ईरानमाथि भीषण हमला गर्दै त्यहाँका सर्बोच्च नेता अयातुल्ला अलि खामेनेई लगायत उच्च ईरानी अधिकारीहरूको हत्या साथै १७५ जना विद्यार्थीहरूको हत्या गरेर मध्यपूर्वमा भीषण युद्धको शुरुवात गरेको छ, इरानद्वारा प्रतिकार गर्ने क्रममा त्यसले बिश्वलाई नै तेश्रो विश्व युद्धको सँघारमा धकेलेको छ र अमेरिकाको त्यो हर्कतले संयुक्त राष्ट्र संघको बडापत्र, अन्तराष्ट्रिय कानुन, अभिसन्धिहरू र राष्ट्रहरूको सार्बभौमिकताको सिद्धान्तको घोर उलंघन गरेको छ ।

विश्वका न्यायप्रेमी जनतासँगै राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपाल पनि इरानमाथि युद्ध थोपर्ने अमेरिकी-इजराइली साम्राज्यबादको घोर बिरोध गर्दछ र तत्काल यो युद्ध रोक्न कुटनीतिक पहल, वार्ता गरी समस्याको राजनीतिक समाधान खोज्न तथा ईरानी जनता र राष्ट्रको सार्वभौम सत्ताको सम्मान गर्न, युद्ध थोपरेर भएको नोक्सानीको क्षतिपूर्ति गर्न र आगामी दिनमा यस्तो नरसंहारकारी आक्रमण नगर्न सम्बद्ध पक्षहरूसित जोडदार माग गर्दछ तथा यो अत्यन्तै भयावह र अन्यायपूर्ण साम्राज्यबादी आक्रमणका बिरुद्ध इरानको न्यायपूर्ण तथा कडा प्रतिरोधप्रति हाम्रो मोर्चा ऐक्यबद्धता जनाउँदछ ।

२) यो त्रासद युद्धको चपेटामा परेर खाडीका बिभिन्न देशमा काम गर्न गएका लाखौं लाख नेपालीहरूको जीवन असुरक्षित र संकटग्रस्त बनेको र उनीहरूले हार गुहार मागिरहेको भयावह अबस्थामा तिनको जीवनको रक्षा गर्न र सुरक्षित स्वदेश फिर्ता ल्याउने शिघ्रातिशिघ्र सम्भव सबै किसिमको प्रबन्ध गर्न र तिनलाई स्वदेशमै आवश्यक रोजगारी प्रदान गर्न समेत मोर्चा राज्यसँग जोडदार माग गर्दछ ।

३) आज हाम्रो देशको राष्ट्रिय सार्वभौमिकतामाथि विदेशी हस्तक्षेपको खतरा बढ्दै गएको र हाम्रो भूराजनीतिक अवस्थितिलाई मध्यनजरमा राखेर बिशाल र शक्तिशाली छिमेकी देशहरू र अन्य आणविक शक्ति राष्ट्रहरूसँग अनाक्रमण सन्धि गर्न, असंलग्नता, पञ्चशील, संयुक्त राष्ट्र संघको बडापत्र,अन्तर्राष्ट्रिय कानुन तथा राष्ट्रहरूको सार्बभौमिकताको सिद्धान्त समेतको आधारमा परस्पर सौहार्दपूर्ण र सुरक्षित सम्वन्ध कायम राख्न सबै राष्ट्र समुदायसँग सम-मैत्री सम्वन्ध कायम गर्न मोर्चा बिशेष माग गर्दछ ।

४) युद्धको चपेटामा परेर खाना पकाउने ग्यास, परिवहन,तेल आदिको कृत्रिम अभाव देखाएर मूल्य बृद्धि हुन थालेको,मुद्रा स्फिति र कालो बजारी बढ्न गई जनतालाई आक्रान्त पार्न थालेकोले त्यसलाई कडाईका साथ रोक्न र जनतालाई अभाव, महँगी र असुक्षाको स्थितिबाट मुक्त गर्न सरकारसँग जोडदार माग गर्दछ ।

५) भदौ २३ को जेनजी विद्रोह र २४ गतेको विध्वंशको छानबिन गर्न बनेको पछिल्लो गौरीबहादुर कार्की आयोगका साथै, रायमाझी आयोग र मल्लिक आयोगका सम्पूर्ण प्रतिबेदनहरू कुनै पनि प्रकारको टालमटोल नगरी तत्काल सार्बजनिक गर्न र अपराधीमाथि बिना मोलाहिजा कडा कारबाहीको दायरामा ल्याउन, सुशासनको शुरुवात गर्न र अवैध सम्पत्तिको छानवीन गर्न माग गर्दछ ।

६) सर्खेतमा किशोरी इनिशा विकको बलात्कारपछि हत्या भएको जघन्य यौन अपराध र हत्याका अपराधीहरूमाथि कडा र हदैसम्मको कारबाही गर्न माग गर्दछ । यस्ता जघन्य यौन अपराध लगायत महिलामाथि हुने गरेका सबै किसिमका अपराध पूर्णरूपले रोक्न कानुनी र अन्य सबै आवश्यक उपायहरू कार्यान्वयन गर्न माग गर्दछ ।

७) सबै प्रकारका बाह्य हस्तक्षेपका बिरुद्ध साम्रज्यवाद विरोधी सम्पूर्ण देशभक्त, जनतान्त्रिक, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी कम्युनिष्ट शक्तिहरू पहिले भन्दा बढी संयुक्त र मोर्चाबद्ध भएर अघि बढ्नु पर्ने राष्ट्रिय आवश्यकता अझ बढेको यथार्थता माथि ध्यान दिंदै बैठकले त्यसका लागि साम्राज्यवादको विरोध गर्ने सबै शक्तिहरू मोर्चामा सम्बद्ध हुन सबै पक्षसित पुनः जोडदार आग्रह र आह्वान गर्दछ ।"

## साम्राज्यवादी...

लगायतका मागहरू राखेका छन् । त्यस सन्दर्भमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल सम्बद्ध अ.ने.रा.स्व.वि.यु.(क्रान्तिकारी) का अध्यक्ष महेश श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (बहुमत) सम्बद्ध अ.ने.रा.स्व.वि.यु.(क्रान्तिकारी)का उपाध्यक्ष रूपा बुढा,नेपाल कम्युनिष्ट पार्टी (मसाल) सम्बद्ध अखिल (छैठौं का अध्यक्ष सुवास जि.सी., नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सम्बद्ध सम्बद्ध अखिल (समाजवादी)का अध्यक्ष नरेन्द्र बि. क.जनपक्षीय विद्यार्थी युनियनकी सुनिता बुढाथोकी, बैज्ञानिक समाजवादी विद्यार्थी युनियनका प्रतिनिधि लयायतले विरोध सभामा मन्तव्य राखेका थिए ।

## २८औं...

आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य चक्रपाणी शर्मा, १० नं ब्यूरोका सचिव सोमान तामाङले मन्तव्य राख्नुभएको थियो भने प्रा.डा. जगदीशचन्द्र भण्डारी, धनेश्वर पोखरेल, प्रा.डा. नन्दीश अधिकारी, मित्रलाल पंज्ञानी, आस्था घिमिरे, कमला नेपाली लगायतले क्रान्तिकारी कविता वाचन गर्नुभएको थियो । कार्यक्रममा रक्तिम सांस्कृतिक परिवारका अध्यक्ष नारायण शर्माले गीति अभिनय प्रस्तुत गर्नुभएको थियो ।

काभ्रेको अनेकोटका सहिदहरू चाङ्वा लामा, चिनिमाया लामा, गुम्बासिंह तामाङ, निर्मला देवकोटा, डम्बर श्रेष्ठ, शुभद्रा सापकोटा, मञ्जु कुँवरको शालिकमा माल्यार्पण र श्रद्धाञ्जलीसहित सुरु भएको कार्यक्रमको अध्यक्षता अखिल नेपाल जनसांस्कृतिक महासंघका संयोजक हिरामणि दुःखीले गर्नुभएको थियो भने सञ्चालन गौरी देवकोटाले गर्नुभएको थियो । कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य तथा काभ्रे सचिव ढोगप्रसाद अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सहिद परिवार जीतबहादुर तामाङ, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका १० नं. ब्यूरो इन्चार्ज तथा पार्टी पीवीएम सुरेश श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

जनवादी-वैज्ञानिक समाजवादी क्रान्तिकारी तयारी गरौं, वैदेशिक हस्तक्षेपका विरुद्ध प्रतिरोधी संस्कृतिको निर्माण गरौं भन्ने मूल नाराका साथ गरिएको कार्यक्रममा नेताहरूले सांस्कृतिक सहिदहरूले नेपालको नयाँ जनवादी क्रान्तिमा पुर्याउनु भएको योगदान र बलिदानको उच्चता र आदर्शको विशद चर्चा गर्नुभएको थियो ।

## ६१औं...

गरी दलित संगठनहरूले जातिभेद उन्मुलन दिवस मनाएकाहुन् । चार दलित संगठनहरू क्रान्तिकारी दलित मुक्तिमोर्चा नेपाल,एकीकृत दलित मुक्ति मोर्चा नेपाल, जातव्यवस्था उन्मूलन मोर्चा नेपाल, संयुक्त दलित अधिकार मञ्च आयोजक रहेका थिए ।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य सन्तबहादुर नेपालीले मन्तव्य राख्दै भन्नुभयो," नेपालमा राजनीतिक रूपले मात्रै प्रतिगमन नभएर सामाजिक तथा सांस्कृतिक रूपले पनि प्रतिगमन भएको छ। समाजलाई अग्रगामी र प्रगतिशील विचारले नेतृत्व गरेर अगाडि बढाउनुपर्ने हो, त्यसको सट्टामा साम्राज्यवादका एजेण्ट दलाल पुँजीवादीहरू राज्य सत्तामा हावी भएका कारणले गर्दा राजनीतिक रूपले देशमा प्रतिगमन भएको छ। त्यसैगरी सामाजिक तथा सांस्कृतिक रूपले पनि समाजमा प्रतिगमन भएको छ। २०७२ को संविधानले दलितहरूलाई मौलिक अधिकारको व्यवस्था गरेको छ , छुवाछुत कसुर सजाय ऐन २०६८ ले छुवाछुत गर्नु भनेको फौजदारी अभियोगको रूपमा लिएको छ र यदि कसैले जातीय विभेद गर्दछ भने त्यसलाई राज्य नै पीडित नागरिकको पक्षबाट लड्नुपर्ने संवैधानिक र कानुनी व्यवस्था छ। संविधान र कानुनमा त व्यवस्था छ तर समाजमा सामन्ती प्रवृत्ति कायमै भएका कारणले गर्दाखेरि यी संविधान र कानुनका कुराहरू लागु हुन सकेका छैनन् । अहिले पनि काठमाडौँ जस्तो राजधानीमा डेरा खोज्दा जात लुकाउनुपर्ने अथवा जातका कारणले डेरा नपाउने समस्याहरू छन् ।" नेपालीले अगाडि भन्नुभयो, "कम्युनिस्ट आन्दोलन कमजोर हुँदा दलित अधिकार कमजोर हुने र कम्युनिष्ट आन्दोलन अगाडि बढेको अवस्थामा नै दलितहरूले आफ्ना अधिकार पाउने हुँदा कम्युनिष्ट आन्दोलनलाई बलियो बनाएर लैजानुपर्ने आजको आवश्यकता छ ।" सुर्खेतमा हालै बलात्कार गरी हत्या गरिएकी इनीशा बिकको सन्दर्भलाई जोड्दै नेपालीले भन्नुभयो, "ती अपराधीहरू, हत्या गर्ने अपराधीहरू चारजना गिरफ्तार भएका छन् तर सिङ्गै राज्य व्यवस्था र राज्य सञ्चालनमा रहेका व्यक्तिहरू, राजनीतिक दलहरू अपराधीहरूलाई चोख्याउने तिर लागिरहेका छन् । धेरै ठूलो अपराध हुँदा पनि मानिसमा एउटा संवेदनशीलता देखिएन । "

अर्को सन्दर्भमा नेपालीले नेपालमा राष्ट्रिय मुक्ति राष्ट्रिय संघर्षमा नै जानुपर्ने हो कि भन्ने स्थिति सिर्जना भएको पनि बताउनुभयो। जेन्जी विद्रोहपछि गठन भएको सरकार र त्यो सरकारले गरेको निर्वाचन सबैलाई हेर्दा यहाँ अमेरिकी साम्राज्यवादको प्रमुख खेल भएको बुझिन्छ भन्दै नेपालीले लगातार रूपमा इण्डोपेशिफिक रणनीतिका उच्च अधिकारीहरू नेपाल आइरहेका छन् भन्दै राष्टिय स्वाधीनताका लागि नेपालीहरू सतर्क हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका जागृत रायमाझीले मन्तव्य राख्नुभएको थियो। रायमाझीले दलित मुक्तिको प्रश्न केवल दलितको मात्रै मुक्ति नभएर सबै जातीय उत्पीडनको मुक्तिको प्रश्नसँग जोडिएको बताउनुभयो। उहाँले जात व्यवस्थाले ठगी खाने मानिसहरूको समूह निर्माण गरेको र ठगीधन्दालाई परिष्कृत गर्दै लगेको समेत स्पष्ट गर्नुभयो। दक्षिण एसियामा वर्गीयताको प्रश्नलाई अन्य महादेशको सन्दर्भभन्दा बेग्लै ढंगले बुझ्नुपर्ने उहाँको भनाइ थियो । यहाँ जात व्यवस्थाले वर्ग पनि निर्माण गरेको उल्लेख गर्नुभयो।उहाँले दक्षिण एसियाको विशिष्टतालाई हेरेर यहाँको क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउनुपर्ने कुरामा जोड दिनुभयो। एकीकृत दलित मुक्तिमोर्चाका संयोजक कृष्ण सेवाले सबै खालका जनताका सङ्घर्षहरू संसदवादमा गएर बिलिन भएको बताउनुभयो। उहाँले संसदवादले दलित मुक्ति आन्दोलनलाई पनि कमजोर पारेको बताउनुभयो। उहाँले दलितहरूलाई मान्छेको रूपमा समाजले अझै पनि हेर्न नसकेको स्थिति रहेको स्पष्ट गर्दै यस खालका समाजको स्थितिलाई बदल्नको लागि संघर्षबाहेक अर्को उपाय नभएको पनि स्पष्ट गर्नुभयो ।

६१औं जातीय विभेद उन्मूलन दिवसका सन्दर्भमा चार दलित संगठनहरूले जारी गरेको संयुक्त प्रेस विज्ञप्तिलाई क्रान्तिकारी दलित मुक्तिमोर्चा नेपालकी कार्यालय सदस्य शोभा विश्वकर्माले वाचन गरेर सुनाउनुभएको थियो। कार्यक्रमको अध्यक्षता क्रान्तिकारी दलित मुक्तिमोर्चा नेपालका संयोजक टेकबहादुर विश्वकर्मा र सञ्चालन शान्ति गजमेरले गर्नुभएको थियो। शहिदहरूप्रति एक मिनेट मौन धारण गरिएको थियो।

**संयुक्त वक्तव्य**

**सार्पभिल्लेको स्मरण, दलित मुक्तिको संकल्प**

दक्षिण अफ्रिकाको सार्पभिल्ले मा २१ मार्च १९६० मा रंगभेदी शासनविरुद्ध शान्तिपूर्ण प्रदर्शन गरिरहेका निहत्था नागरिकमाथि राज्यले गोली चलाइ ६९ जनाको हत्या गरेको थियो। उक्त ऐतिहासिक नरसंहारको स्मरणमा आज २१ मार्च, अन्तर्राष्ट्रिय जातिभेद उन्मूलन दिवस मनाउने सन्दर्भमा जातिभेद, रंगभेद र नस्लभेद विरुद्ध संघर्षका क्रममा सहादत प्राप्त गर्ने ज्ञातअज्ञात महान् वीर सहिदहरूप्रति असीम स्मरण तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै, बेपत्ता र घाइते योद्धाहरूको उच्चसम्मान र स्मरण गर्दै नेपालका दलित मुक्ति आन्दोलनका संगठित मोर्चा तथा संगठनहरूले २१ मार्चको सन्दर्भमा यो संयुक्त प्रेस विज्ञप्ति जारी गरेका छौँ।

जातीय विभेद विरुद्धको संघर्ष विश्वभरका उत्पीडित समुदायको प्रेरणाको स्रोत बनेको सार्पभिल्ले को घटनाले नेपाली समाजमा ऐतिहासिक कालखण्डदेखि वर्ण व्यवस्थामा आधारित जात प्रणाली र व्यवस्थाका आधारमा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्पीडन, बहिष्करण, बन्चितिकरण, विभेद, भेदभाव, छुवाछूत र शोषणका विरुद्ध लड्न प्रेरणा दिइरहेको छ । जात, रंग लगायतका आधारमा दलित समुदायमाथि ऐतिहासिक अन्याय, सामाजिक बहिष्करण, संरचनागत विभेद र राज्यपोषित उत्पीडन हुँदै आएको छ। जसलाई 'विशिष्ट प्रकारको (अउलङ्घनीय) श्रम विभाजन र अशिष्ट (छुवाछूतसहितको) समाज व्यवस्थाूका रूपमा मार्क्सले संश्लेषण गर्नु भएको थियो ।

नेपालमा संवैधानिक समानताको घोषणा भए तापनि व्यवहारमा जातीय विभेद, छुवाछूत, भेदभाव, भूमिहीनता, श्रमशोषण र सामाजिक बहिष्करण आजपनि कायमै रहेको छ। वर्ण व्यवस्थामा आधारित जात प्रणालीरव्यवस्था र त्यसको संरक्षण गर्ने शासकीय संरचनालाई जस्ताको तस्तै राखेर दलित मुक्ति सम्भव कदापि हुन सक्दैन। ऐतिहासिक सर्वहारा वर्ग दलित समुदायको वास्तविक मुक्ति 'नयाँ जनवादी राज्यसत्तारवैज्ञानिक समाजवादी व्यवस्था' स्थापनाबाट मात्र सम्भव हुनसक्छ र सत्ता, साधन र संरचनाले सृर्जित उत्पीडनको अन्त्य गर्न सक्छ ।

उत्पीडित ऐतिहासिक सर्वहारा वर्ग दलित समुदायको न्यायपूर्ण आन्दोलनलाई ज्ञापनपत्र, मागपत्र र अनुरोधपत्रमा सिमित गर्दै उत्पीडित दलितहरूलाई भोटबैंक मात्र बुझ्ने संसदीय विचार चकनाचुर भएको पछिल्लो चुनावी परिणामले देखाएको छ। साथै संसदीय सुधारवादको भ्रम जालमा दलित समुदायलाई अल्झाउने संसदवादी जाल च्यात्तिएको छ। अतः, ऐतिहासिक सर्वहारा वर्ग दलित समुदाय सदैव क्रान्तिकारी छलाङ र पहलको बाटो अपनाएको इतिहास कायम राख्दै र क्रान्तिकारी दलित आन्दोलन तथा वर्ग संघर्षको संगठित, सचेत र रूपान्तरणकारी मूलबाटोमा लामबद्ध बन्न ६१ औं अन्तर्राष्ट्रिय जातिभेद उन्मूलन दिवसको सन्दर्भमा, नेपालमा क्रियाशील क्रान्तिकारी दलित मुक्ति मोर्चा संगठनहरू सम्पुर्ण दलित तथा उत्पीडित वर्ग, न्यायप्रेमी प्रगतिशील जनसमुदायलाई आह्वान गर्दछौं।

क्रान्तिकारी अभिवादन सहित !

मितिः ०७ चैत २०८२

...............................

*टेक बहादुर विश्वकर्मा*
*संयोजक*
*क्रान्तिकारी दलित मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय सम्मेलन आयोजक समिति*

...............................

*रूपा सुनार*
*महासचिव*
*जात व्यवस्था उन्मूलन मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

...............................

*कृष्ण सेवा*
*संयोजक*
*एकीकृत दलित मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

...............................

*सुजन शहासंकर*
*अध्यक्ष*
*दलित अधिकार मञ्च, नेपाल*
*केन्द्रीय समिति*

## कम्युनिस्टहरूको...

सबै तितरवितर भई टुक्रिएको जगजाहेर नै छ । जहाँसम्म तत्कालीन माओवादीको प्रश्न छ, त्यसले ०६४ को निर्वाचनमा ५७५ सिट मध्ये एक्लैले २२० सिट जितेर पहिलो पार्टी बनेको थियो । त्यसपछि ओरालो लागेको सो पार्टीले २०७९ मा प्रत्यक्ष र समानुपातिकमा ३२ सिट र अहिलेको निर्वाचनमा दुवै तर्फ गरी १७ सिटमा झरेको छ । तत्कालीन माओवादी केन्द्र अहिले अन्य साना कम्युनिस्ट घटकहरूसित एकता गरेर नेपाली कम्युनिस्ट पार्टी बनाए पनि त्यसको आकार बढ्न सकेन । तत्कालीन माओवादी सर्वहारावर्गको हातमा राज्यसत्ता ल्याउने भनेर १० वर्षे जनयुद्ध गरेको थियो । तर प्रचण्ड तथा बाबुरामले जनयुद्धलाई धोका दिए । नयाँ जनवाद र वैज्ञानिक समाजवादको लक्ष्यलाई लत्याएर साम्राज्यवादको योजनामा ल्याइएको लोकतान्त्रिक गणतन्त्रमा सीमित भए । त्यसकारण नेकपाको दलाल पुँजीवादी यात्रा पनि राजनीतिक हिसावले चुनवाङ बैठकबाटै कम्युनिस्ट राजनीतिबाट पतन भएको हो भन्ने कुरामा विमति छैन ।

यसबाट के स्पष्ट छ भने जो कम्युनिस्ट नै होइन, उसको "पत्ता साफ" हुने कुरा भएन । पत्तासाफ त कम्युनिस्टको होइन, संशोधनवादीको हो । संसदीय निर्वाचनमा उनीहरूको हार पनि पार्टी सदस्य तथा कार्यकर्ताको हार होइन, यो हार त अवसरवादी नेताहरूको हार हो , जसले लाखौं जनतालाई नयाँ जनवादको बाटो डोऱ्याएर बीचमै अलपत्र पारे । त्यसकारण यो निर्वाचनमा कार्यकर्ताहरूको हार भएको छैन, अवसरवादी नेताहरूको हार भएको छ ।

रास्वपा यो निर्वाचनमा अत्यधिक मतले विजयी भएको छ । विचरा उसको त कुनै विचार, सिद्धान्त, कार्यक्रम, नीति केही छैन । सुदन गुरुङ जे मन लाग्यो, त्यही बोल्छन् । स्वर्णीम वाग्ले प्रदेश खारेजको कुरा गर्छन् । रवि अझै सोंचेको छैनौं भन्छन् । बालेन त्यही भएर मिडिया फेस गर्दैनन् । यसको अर्थ रास्वपा संगठित पार्टी भन्दा पनि भीड पार्टी हो । पार्टीले जो टिकट माग्न गयो, उसैलाई दियो । आज तिनीहरू जितेर आएका छन् । एमालेका कार्यकर्ता दर्जन भन्दा बढी छन् भन्ने आएको छ । कांग्रेस, माओवादीका पनि त्यति नै होलान् । समानुपातिकमा त झन हरिविजोग छ । समग्रमा भन्नुपर्दा भदौ असोजमा मकै धेरै फलेर घरमा राख्ने ठाउँ नभए जस्तै रास्वपामा जनताले उठे जति सबैलाई जिताएर पठाएपछि थन्काउन हम्मेहम्मे परेको छ । जसले हिजोका दिनमा एमाले, माओवादीले क्रान्ति र परिवर्तन ल्याउँछन् भनेर विश्वास गरी जीवन नै उत्सर्ग गरेर पार्टीलाई सत्तामा पुऱ्याए, ती कार्यकर्ताहरूले लामो समयसम्म पनि नेताहरूको दलाल प्रवृत्तिमा सुधार नआएपछि र उनीहरूले भ्रष्टाचार, कुशासन, नातावाद, कृपावाद, महंगी कमिशन खोरी, मानवतस्करी, घुस, ठगीलाई प्रोत्साहित गरेपछि यो निर्वाचनमा उनीहरू बाटो बदल्न पुगे । जनताको परिवर्तन प्रतिको चाहना ठीक भए पनि दलको रोजाई भने गलत भएको छ । उनीहरूको मत गलत ठाउँमा गएको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनमा नै बारम्बार धोका हुँदै आएको छ । रुस, चीन, पूर्वी यूरोप मात्र होइन, एसियाई देशहरूमा समेत कम्युनिस्ट आन्दोलनले धोका खाएको छ, हाम्रो देशमा पनि त्यसको असर पर्नु स्वभाविक हो । तैपनि जनता आज पनि राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको लागि हुने संघर्षमा रत्तिभर विचलित छैनन् । जनता अझै पनि फेरि ज्वारभाटा बनेर उठ्नेछन् ।

महान चिनियाँ नेता क. माओ-त्सेतुङले भनेका थिए- साम्राज्यवादले आफ्नो पतन आफै निम्ताउँछ । साम्राज्यवादले गर्दा प्रथम विश्वयुद्ध भयो, रुस लगायत कैयौं देशहरूमा समाजवाद स्थापना भयो । दोस्रो विश्वयुद्ध भयो, चीन लगायत कैयौं देशमा समाजवाद स्थापना भयो । विश्वको एक तिहाई भूभागमा मजदुरहरूले समाजवाद स्थापना गरे । यदि साम्राज्यवादीहरू तेस्रो विश्वयुद्ध गरे भने संसारका सबै देशहरू साम्राज्यवादबाट मुक्त हुने छन् र समाजवादको स्थापना हुनेछ । (भाव संक्षेपमा) अहिले एकल ध्रुवीय अमेरिकी साम्राज्यवादका विरुद्ध इरानी जनता जीवन मरणको युद्ध लडिरहेका छन् । आफूलाई शक्तिशाली ठान्ने इजरायली विस्तारवाद एक प्रकारले ध्वस्त भएको छ र प्रधानमन्त्री नेतान्याहुको मृत्यु भएको अनुमान छ । उत्तर कोरिया पनि व्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको छ । अमेरिकी साम्राज्यवादले उत्तर कोरियालाई तर्साउनका लागि दक्षिण कोरियाको सेनासित मिलेर संयुक्त सैनिक अभ्यास गरेपछि उसले प्रतिकात्मक विरोधस्वरूप क्षेप्यास्त्र फालेको हो । अर्कोतर्फ इरानमाथि अमेरिकी प्रहार भइरहेको सन्दर्भमा उत्तर कोरियाले युद्धमा सहयोग गर्ने पनि बताइएको छ । इरानले हर्मुज जलडमरुमा ठूला देशहरूका जहाज रोकि दिएपछि तेलको हाहाकार मच्चिएको छ । अमेरिकी साम्राज्यवादले इरानले राखेका ३ शर्त मानेन र आत्मसमर्पण गरेन भने तेस्रो विश्वयुद्धको सबै देशले सामना गर्नुको विकल्प छैन ।

तेस्रो विश्वयुद्धको सम्भावना बढ्दै गएको वर्तमान परिवेशमा अमेरिकी साम्राज्यवाद एकातिर खाडी क्षेत्रबाट सैनिक क्याम्प हटाउन बाध्य हुँदै गएको छ र अन्य देशबाट पनि सेना फिर्ता गर्दैछ, अर्कोतिर नेपालमा भने अमेरिकी सेना तैनाथ गर्न थालिएको छ । घोषित रूपमा नेपालले एसपीपी स्वीकार नगरे पनि रास्वपाको सरकार बन्ने भएपछि अमेरिकी सैन्य अधिकारी तथा सेनाहरू आउन शुरु गरिसकेका छन् । यसबाट दक्षिण एसियामा युद्धको खतरा पनि बढेको छ । क. माओले भन्नु भएको थियो, "साम्राज्यवादीहरू कागजी बाघ हुन" त्यो कुरा इरानसितको युद्धले प्रमाणित गरे पनि दक्षिण एसियामा प्रमाणित हुन बाँकी छ । यो अवस्थामा नेपालका कम्युनिस्टहरूको दायित्व के हुनेछ ?

नेपालमा कम्युनिस्ट आन्दोलनको लामो क्रान्तिकारी पृष्ठभूमि छ । कम्युनिस्ट आन्दोलनको सँगसँगै कम्युनिस्ट आन्दोलनलाई समाप्त पार्न र नेपाली जनतालाई स्वाधीन, आत्मनिर्भर, सुखी र समृद्ध देख्न नचाहेर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले सीआइए र 'रअ' द्वारा विभिन्न संघसंस्थाहरू खडा गरेर दलाल राजनीतिक पृष्ठभूमि तयार गर्न थालेका थिए । त्यस दौरानमा कैयौं राष्ट्रवादी नेताहरू मारिए, तत्कालीन राजा वीरेन्द्रको त वंश नै समाप्त भयो । पछिल्लो समयमा ठूला दलका नेताहरू आफ्नो आत्मसुरक्षाका लागि अमेरिका र भारतले अगाडि सारेका असमान, अपमाजनक र राष्ट्रघाती सन्धि तथा परियोजनाहरू स्वीकार गर्दै आए । आज साम्राज्यवादबाट पुराना दलालहरूबाट काम लिइसकेपछि उनीहरूलाई मिल्काएर नयाँ दलालहरूलाई अगाडि सार्ने काम भएको छ । अमेरिकी साम्राज्यवादले नयाँ दलाल अगाडि सारे पनि नेपाली जनताको राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको समस्या हल हुने छैन । त्यो समस्याको समाधान दलाल पुँजीवादबाट सम्भव पनि छैन । सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवाद र वैज्ञानिक समाजवादले मात्र समाधान गर्न सक्छ । त्यसका लागि कम्युनिस्ट पार्टीले नै साम्राज्यवाद तथा तिनका दलालहरूका विरुद्ध संघर्ष गर्नुपर्ने हुन्छ । नेपालमा त्यसका लागि वस्तुगत अवस्था परिपक्व हुँदै गएको छ । कुनै एउटा पार्टीको संघर्षबाट त्यो सम्भव छैन । नेपालका साम्राज्यवाद विरोधी देशभक्त तथा क्रान्तिकारीहरूको संयुक्त मोर्चा आवश्यक छ । त्यसप्रकारको सशक्त मोर्चा बनाउने दायित्व कम्युनिस्टहरूको काँधमा आएको छ ।

प्रतिगामी तथा साम्राज्यवादका दलालहरूले जसरी कम्युनिस्टहरू "पत्तासाफ" भए भनेर हल्ला गरेका छन्, त्यो खाली कम्युनिस्टको खोल ओढेका दलाल कम्युनिस्ट नेताको हकमा मात्र सत्य हो । तर जनताप्रति समर्पित नेता, कार्यकर्ता तथा समर्थक शुभचिन्तकहरू परिवर्तनप्रति आज पनि संघर्षशील छन् । कुनै दल दलाल सत्तामा पुग्नु मात्रले देशको समस्या समाधान हुँदैन । त्यसैले साम्राज्यवाद विरोधी शक्तिहरू अब एक जुट हुने अवस्था आएको छ । नत्र भने साम्राज्यवाद कागजी बाध होइन, साँच्चिकै बाध बनेर नेपाललाई निल्ने छ ।

पार्टीको रूपमा कम्युनिस्टहरू "पत्तासाफ" भए पनि कम्युनिस्ट विचारको 'पत्तासाफ" भएको छैन । कुनै पनि चीजको विकास वा विनास त्यसको आन्तरिक पक्ष निर्णायक हुनेगर्छ । जुन पार्टीहरू आज संशोधनवादमा पतन भए, त्यहाँ पुँजीवादी विचारको वर्चश्व हुन गएर हो । त्यहाँ क्रान्तिकारी पक्षले अन्तर्विरोधलाई सही ढंगले संचालन गर्न सकेनन् र पार्टी दलालीकरण तथा बुर्जुवाकरण हुन पुग्यो । त्यसले गर्दा साम्राज्यवादका दलालहरूलाई सहयोग पुग्दै आयो । कम्युनिस्टहरू जन्मनुमा कसैको निर्देशनले होइन, देशको परिस्थितिले जन्माउने कुरा हो । समाजवाद पुँजीवादको गर्भबाट जन्मन्छ । त्यो भनेको पुँजीवादले यस्तो स्थिति उत्पन्न गर्छ कि वर्गबीचको संघर्षले समाजवादी क्रान्ति अनिवार्य हुन जान्छ । नेपालमा अब त्यो स्थिति आइसकेको छ । आवश्यक परे कम्युनिस्टहरूको नेतृत्वमा लामो समयसम्म राष्ट्रिय मुक्ति आन्दोलन चलाउनु पर्ने स्थिति पनि आउन सक्छ । साम्राज्यवादका दलालहरूले अब के बुझ्नु पर्छ भने जबसम्म वर्ग रहन्छ, वर्गसंघर्ष चलिरहन्छ । वर्ग संघर्षमा जनताले साम्राज्यवादको साथ दिंदैनन् । यदि दिन्थे भने स्वयं अमेरिकी साम्राज्यवादको मुखिया ट्रम्पका विरुद्ध अमेरिकी जनताले संसार हल्लाउने गरी प्रदर्शन गर्ने थिएनन् । नेपालमा पनि कम्युनिस्टहरू नयाँ परिस्थितिमा नयाँ तरिका र शैलीमा अब संगठित हुनुको विकल्प छैन । जनता साम्राज्यवादी दमन, उत्पीडन सहेर बस्दैनन् । न त हिजो हाम्रा पूर्वजहरू साम्राज्यवादको जुआ मुनि बसेका थिए, न आजका हामी नेपालीहरू साम्राज्यवादको जुआ मुनि बस्नेछौं । साम्राज्यवादविरुद्ध अब सबै सच्चा कम्युनिस्टहरू जुट्नु पर्ने र आन्दोलनको ज्वारभाटा ल्याउनुपर्ने अवस्था आएको छ ।

# आलोपालो

## कम्युनिस्ट चरित्र : अभिमान होइन, जनतासँगको इमान



● लक्ष्मण उप्रेती ●

कम्युनिस्ट हुनु एउटा राजनीतिक पहिचान मात्र होइन, यो जीवनपद्धति हो,एक प्रकारको नैतिक, वैचारिक र व्यवहारिक अनुशासन। तर व्यवहारमा हामीले बारम्बार देखेका छौँ कि कतिपय आफूलाई कम्युनिस्ट भन्नेहरू अभिमानी, घमण्डी, पाखण्डी, ठूला कुरा गर्ने, लोकप्रियतावादी र व्यक्तिगत महत्त्वाकांक्षाले ग्रस्त देखिन्छन्। यस्तो प्रवृत्ति व्यक्तिगत कमजोरी मात्र होइन, यो सम्पूर्ण नेपाली कम्युनिस्ट आन्दोलनलाई नै कमजोर बनाउने गम्भीर रोग हो।

नेपालको कम्युनिस्ट आन्दोलनले लामो इतिहास बोकेको छ,जनयुद्ध, जनआन्दोलन, वर्गसंघर्ष र परिवर्तनका अनेक चरणहरू पार गर्दै आएको यो आन्दोलन आज वैचारिक र नैतिक सङ्कटको मोडमा उभिएको छ। आन्दोलनले ठूलो त्याग र बलिदानको जगमा उभिए पनि, पछिल्लो समय केही नेतृत्व र कार्यकर्तामा देखिएको अहंकार, अवसरवाद र सत्ताकेन्द्रित सोचले यसको मूल चरित्रमै प्रश्न उठाइरहेको छ।कम्युनिस्ट विचारधारा मूलतः जनताको मुक्ति, समानता र शोषणमुक्त समाज निर्माणको लक्ष्यमा आधारित हुन्छ। यस्तो महान लक्ष्य बोकेको व्यक्तिमा यदि अहंकार, घमण्ड र पाखण्ड प्रवेश गर्छ भने त्यो लक्ष्य आफैँ विकृत हुन थाल्छ। अभिमानले मानिसलाई जनताबाट टाढा बनाउँछ, घमण्डले आत्मआलोचनाको क्षमता नष्ट गर्छ, र पाखण्डले व्यवहार र विचारबीच गहिरो दूरी सिर्जना गर्छ। परिणामतः नेता र कार्यकर्ता जनताको प्रतिनिधि होइन, सत्ताको आकांक्षी पात्रमा रूपान्तरित हुन्छन्।

नेपाली कम्युनिस्ट आन्दोलनमा यस्ता प्रवृत्तिहरूले संगठनभित्र गुटबन्दी, अविश्वास र विचलन पैदा गरेका छन्। वर्गसंघर्षको मार्गमा अगाडि बढ्नुपर्ने ठाउँमा व्यक्तिगत स्वार्थ र प्रतिस्पर्धाले ठाउँ लिएको छ। जनतासँग जोडिनुपर्ने शक्तिहरू सत्ताको वरिपरि घुम्न थालेका छन्। यसले आन्दोलनलाई जनआधारबाट क्रमशः कमजोर बनाइरहेको छ। कम्युनिस्टले "ठूलो" देखिनु हुँदैन, "ठूलो" हुनु पनि हुँदैन,उनीहरू जनताको बीचमा सामान्य, सरल र सहज हुनुपर्छ। जनताको जीवन, दुःख, श्रम र संघर्षसँग नजिक रहने मानिस नै साँचो अर्थमा क्रान्तिकारी कम्युनिस्ट हुन्छ। लोकप्रियतावाद, अर्थात् जनतालाई आकर्षित गर्नका लागि खोक्रा नारा र भावनात्मक खेल खेल्नु, कम्युनिस्टको बाटो होइन। कम्युनिस्टले सत्य बोल्नुपर्छ, यथार्थ देखाउनुपर्छ, र कठिन भए पनि वैज्ञानिक बाटोमा जनतालाई अगाडि बढाउनुपर्छ।

***त्यसैले कम्युनिस्टको वास्तविक चरित्र कस्तो हुनुपर्छ ?***

**पहिलोः सरलता**

जीवनशैलीमा सादगी, व्यवहारमा सहजता, र सोचमा स्पष्टता,यी बिना कम्युनिस्ट चरित्र अधुरो हुन्छ। सरलता कुनै कमजोरी होइन, बरु उच्च स्तरको चेतना हो, जसले मानिसलाई जनतासँग जोडिराख्छ। नेपाली समाजजस्तो विविधता र असमानता भएको समाजमा सरलता नै जनतासँग सम्बन्ध मजबुत बनाउने आधार हो।

**दोस्रोः इमानदारीता**

इमानदारीता आर्थिक वा व्यक्तिगत व्यवहारमा मात्र होइन, विचारमा पनि हुनुपर्छ। जे विश्वास गरिन्छ, त्यसलाई व्यवहारमा उतार्ने साहस नै इमानदारीता हो। जनतासँग *बाँकी ७ पेजमा*


# मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनौं।

**वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।**

नेपाल सरकार

विज्ञापन बोर्ड


# महोत्तरी जिल्ला सेक्रेटरी उपेन्द्र यादवको निधन

महोत्तरी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महोत्तरी जिल्ला सेक्रेटरी उपेन्द्र यादवको निधन भएको छ। २०८२ चैत्र ६ गते चितवन स्थित क्यान्सर अस्पतालमा उपचारका क्रममा यादवको मृत्यु भएको हो। पार्टीभित्र उहाँ कमरेड विशालको नामबाट परिचित हुनुहुन्थ्यो।महोत्तरी जिल्ला , रामगोपालपुर नगरपालिका वडा नम्बर ५ उहाँको स्थायी ठेगाना हो। २०५९ सालमा उहाँले पार्टी सदस्यता प्राप्त गर्नुभएको थियो। उहाँले पार्टीका विभिन्न मोर्चाहरूमा काम गर्नुभएको थियो। उहाँले पार्टीका मोर्चाहरू जस्तै मधेसी राष्ट्रिय मुक्तिमोर्चा नेपाल र किसान मोर्चामा काम गर्नुभएको थियो।



उहाँको जन्म २०२५ साल मङ्सिरमा भएको थियो। उहाँको परिवारमा बुवा देवनारायण यादव ,श्रीमती जीलेखा यादव ,छोरीहरू रविना, साजन र मनिषा तथा छोराहरू बादल र आकाश हुनुहुन्छ। उहाँको आमाको मृत्यु भइसकेको छ। उपेन्द्र यादवले एस.एल.सी. सम्मको अध्ययन पुरा गर्नुभएको थियो। पेशाका हिसाबले उहाँ कृषक हुनुहुन्थ्यो।क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १३ नम्बर व्यूरोले जिल्ला सेक्रेटरी उपेन्द्र यादवको निधन भएकोमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गरेको छ।

## भारतले...

वाणिज्य तथा उद्योग मन्त्रालयले पनि मातहतका निकायलाई अनुमति दिइसकेका छन्। केन्द्रको निर्देशनपछि राज्य सरकारले व्यापारका लागि अनुमतिपत्र (पास) प्रदान गर्ने अधिकारी र मुद्रा विनिमयका लागि बैंक तोक्न तथा भन्सार विभाग र धार्चुला प्रशासनसहितलाई द्विपक्षीय व्यापारका लागि कार्ययोजना बनाउन निर्देशन दिएको छ।

समाचारअनुसार उक्त कार्ययोजनामा बास, ट्रान्जिट क्याम्प, बैंकिङ सेवा, सञ्चार, सुरक्षा र व्यापारीहरूका लागि चिकित्सा सुविधाहरू समावेश हुनेछन्। साथै चिनियाँ पक्षका स्थानीय समकक्षी अधिकारीहरूसँगको समन्वय तथा सम्पर्क पनि कार्ययोजनामा छन्।

केन्द्र सरकारको निर्देशनपछि स्थानीय प्रशासनले लिपुलेक हुँदै भारत र चीनबीचको व्यापार खुलाउने विषयमा दुई दिन अगाडिबाट काम थालेको पिथौरागढका पत्रकार प्रेम पुनेठा बताउँछन्। कान्तिपुरसँगको कुराकानीमा उनले भने, 'हिमाली क्षेत्रको मौसमलाई हेर्दै १ जुनदेखि ३० सेप्टेम्बरसम्म ४ महिना व्यापार चलाउने तयारी छ। मौसमले साथ दियो भने त्यो समय बढ्न पनि सक्छ।' पत्रकार पुनेठाका अनुसार जिल्ला अधिकारीले सीमा व्यापार सञ्चालनका लागि आवश्यक सबै तयारी जुनअगाडि पूरा गर्न सबै निकायलाई निर्देशन दिएका छन्। सीमा क्षेत्रमा सञ्चारको सुविधालाई दुरुस्त पार्न जिल्ला अधिकारीले बीएसएनएल सञ्चार कम्पनीलाई पनि निर्देशन दिएका छन्।

पिथौरागढ प्रशासनले शुक्रबार जारी गरेको 'प्रेस नोट'मा लिपुलेक पास हुँदै भारत-चीन व्यापार मार्ग खुलाउन जिल्ला अधिकारीको नेतृत्वमा बैठक भएको भनिएको छ। दुई देशबीचको सीमा व्यापार सम्झौताअनुसार भारतले चीनबाट ऊन, पस्मिना, नुन, बोरेक्स, रेसम, मक्खन, याकको कपाल, छाला आदि ल्याउन पाउँछ। त्यस्तै, कपडा, कम्बल, मसला, गहुँको पीठो, सुक्खा मेवा, तरकारी, तामाको उत्पादन, कृषि उपकरण, स्टेसनरी, जुत्ता, वनस्पति तेल निर्यात गर्न पाउने जिल्ला प्रशासनको 'प्रेस नोट'मा उल्लेख छ।

यसैबिच, नेपालका केही कुटनीतिक क्षेत्रका विज्ञहरूले नेपालको सहमतिबिना नेपाली भूमि भएर व्यापार गर्न नमिल्ने भन्दै यस विषयमा नेपाल सरकारले बोल्नुपर्ने धारणा राखेका छन्। पूर्व राजदूत नीलाम्बर आचार्य भन्छन्, "लिपुलेक पास हुँदै भारत र चीनबीच व्यापार सुरु गर्ने कुरा कति हदसम्म अगाडि पुगेको हो, त्यसको यथार्थ जानकारी मलाई थाहा छैन। तर, नेपालको भूमि भएर भारत र चीनले केही गर्न खोज्छ भने नेपाल सरकार आँखा चिम्लेर त पक्कै बस्न मिल्दैन। नेपालमा भर्खर चुनाव भएको छ। नयाँ सरकार बन्दै छ। नेपालको अडान भारतलाई थाहा छ। नयाँ सरकार आए पनि सीमाका विषयमा त्यही अडान रहन्छ नै। त्यही भएर, भारतले नेपाललाई अप्ठ्यारो पुग्ने गरी कदम नचाल्नुपर्ने हो। कसरी अगाडि बढ्छ हेरौं।'

सन् २०१५ यताका घटनाक्रम

सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पहिलो पटक चीन भ्रमणमा जाँदा 'लिपुलेक पास हुँदै व्यापार गर्ने' सहमति भएको थियो। उक्त सहमतिप्रति तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले तुरुन्तै विरोध जनाएको थियो। दुवै देशलाई कूटनीतिक 'नोट'समेत पठाएको थियो। त्यसयता नेपालले पटक-पटक विरोध जनाउँदै आएको छ। उक्त क्षेत्रमा भारतले सडक निर्माण गर्दा पनि नेपालले विरोध जनाइसकेको छ।

नेपालको विरोध र कूटनीतिक 'नोट'लाई बेवास्ता गर्दै भारतले २०१९ मा जारी गरेको नयाँ नक्सामा लिम्पियाधुरासहित पूर्वका कालापानी र लिपुलेक क्षेत्रलाई भारतीय सीमाभित्र देखाएपछि दुई देशबीचको विवाद सतहमा आएको थियो। भारतले जारी गरेको नक्साप्रति नेपालले अर्को कूटनीतिक 'नोट' पठाएर आपत्ति जनाएको थियो। तर, भारतले कूटनीतिक वार्ताका माध्यमबाट विवादलाई समाधान गर्नुपर्ने नेपालको आग्रहलाई बेवास्ता गरेपछि नेपालले जेठ २०७७ मा संविधान संशोधन गरेर लिम्पियाधुरासम्मको भूभागलाई समेटेर नयाँ नक्सा जारी गरेको थियो।

नेपालको मुख्य दाबी सुगौली सन्धिमा आधारित छ। सन्धिका अनुसार काली (महाकाली) नदी पूर्वको सम्पूर्ण भूभाग नेपालको हो। भारतले कालापानीमा रहेको सानो खोल्सालाई काली नदीको मुहान भएको झुठो दावी गर्दै आएको छ। जबकि ऐतिहासिक नक्सा र तथ्यहरूले लिम्पियाधुराबाट बग्ने नदी नै वास्तविक काली नदी भएको पुष्टि गर्छन्। सन् २०१५ भारतीय प्रम मोदीको चीन भ्रमणका क्रममा लिपुलेकबाट व्यापार विस्तार गर्ने ४१ बुँदे सहमति गरेको सार्वजनिक भएपछि नपालले तत्कालै दुवै देशलाई 'कूटनीतिक नोट' पठाएर विरोध जनायो। सन् २०१९ मा भारतले जम्मु-कस्मिरको पुनर्गठनपछि जारी गरेको नयाँ राजनीतिक नक्सामा लिपुलेक र कालापानी समावेश गर्‍यो। त्यसको नेपालमा तीव्र जनदबाब र विरोध भयो। जनदबाबपछि परराष्ट्र मन्त्रालयले औपचारिक रूपमा आपत्ति प्रकट गर्‍यो। सन् २०२० मा भारतले धार्चुलादेखि लिपुलेक जोड्ने सडक उद्घाटन गर्‍यो। त्यसको प्रतिरोध स्वरूप नेपालले जेठ ७, २०७७ मा लिम्पियाधुरासहितको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गर्‍यो।

सन् २०२४-२५ भारत र चीनबीच पुनः व्यापार सुरु गर्ने सहमति गरे। नेपालले त्रिदेशीय बिन्दुमा आफ्नो सहमतिबिना कुनै पनि गतिविधि नगर्न पुनः सचेत गराएको छ।

नेपालको पोजिसन

नेपालले लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटिएको नक्सालाई संवैधानिक मान्यता दिन निसान छाप परिवर्तन गर्‍यो। यसले यो विषयलाई अब राष्ट्रिय अस्मिताको विषय बनाएको छ। नेपालले पटक-पटक परराष्ट्र सचिवस्तरीय वार्ताको प्रस्ताव पठाए पनि भारतले 'उपयुक्त समयमा' वार्ता गर्ने भन्दै टार्दै आएको छ। प्रत्यक्ष रूपमा राष्ट्रसंघमा नपुगे पनि नेपालले आफ्ना आधिकारिक नक्साहरू र ऐतिहासिक प्रमाणहरू अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने काम गरिरहेको छ।

अहिलेको मुख्य चुनौती भनेको चीनको भूमिका पनि हो। नेपालले चीनलाई पनि आफ्नो भूभागमा भारतसँग सम्झौता नगर्न आग्रह गर्दै आएको छ, तर चीनले यसलाई नेपाल र भारतबीचको सीमा विवादका रूपमा मात्र लिने गरेको देखिन्छ।

नेपालसँग भएका आधिकारिक प्रमाण

तर सुगौली सन्धि १८१६ को धारा ५ मा स्पष्ट भनिएको छ कि 'नेपालका राजाले काली नदीभन्दा पश्चिमको भूभाग र त्यहाँका बासिन्दासँगको सम्बन्ध त्याग्नेछन्।" यसको अर्थ काली नदीपूर्वको सम्पूर्ण भूभाग नेपालको हो। सन् १८६० को सीमा सन्धि, जसमा नेपालको पश्चिमी सिमाना काली नदी नै भएको पुनः पुष्टि गरिएको छ। नेपालले ब्रिटिस इन्डियाले नै जारी गरेका पुराना नक्साहरूलाई नै मुख्य प्रमाण मानेको छ। सन् १८१६, १८२७ र १८५६ मा जारी आधिकारिक नक्साहरूमा लिम्पियाधुराबाट बग्ने नदीलाई नै 'काली नदी' भनेर स्पष्ट लेखिएको छ।

कुटी, नाबी र गुन्जी गाउँ गाउँहरू काली नदीको पूर्वमा पर्छन्, जुन अहिले भारतको नियन्त्रणमा भए पनि ऐतिहासिक नक्सा अनुसार नेपालका हुन्। नेपालसँग यस क्षेत्रमा आफ्नो सार्वभौमसत्ता रहेको पुष्टि गर्ने ठोस प्रशासनिक प्रमाणहरू छन्- जनगणना-२०१८ सालमा वरिष्ठ पत्रकार भैरव रिसालको नेतृत्वमा लिम्पियाधुरा क्षेत्रका कुटी, नाबी र गुन्जी गाउँमा नेपालले जनगणना गराएको थियो। ती क्षेत्रका बासिन्दाले नेपाल सरकारलाई बाली र मालपोत तिरेका रसिदहरू अझै सुरक्षित छन्। त्यसैगरी, वि.सं.२०१५ सालको आम निर्वाचनमा त्यस क्षेत्रका नागरिकले मतदान गरेको रेकर्ड नेपालको निर्वाचन आयोगसँग छ।

अन्तर्राष्ट्रियकरणको अपरिहार्यता

यो मुद्दालाई भारतले सुनुवाइ नगरेपछि अन्तर्राष्ट्रिकरण गर्ने कि नगर्ने भन्ने विषयमा ठूलो बहस भइरहेको छ। नेपालभित्रै र कूटनीतिक वृत्तमा ठूलो बहस हुने गरेको छ। नेपालले यो विषयलाई राष्ट्रसंघको महासभा वा सुरक्षा परिषद्मा लैजान सक्छ। तर, यसका लागि बलियो कूटनीतिक तयारी र शक्ति राष्ट्रहरूको समर्थन आवश्यक पर्छ।

सीमा विवाद समाधानका लागि हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयमा जान सकिन्छ। तर, यहाँ एउटा मुख्य कानुनी अवरोध छ- भारतले यो न्यायालयको क्षेत्राधिकारलाई सीमित गरेको छ, जसअनुसार 'दुई देशबीचको आपसी सहमतिबिना' यस्ता मुद्दा त्यहाँ लैजान मिल्दैन। नेपालले आफ्ना आधिकारिक नक्साहरू, ऐतिहासिक प्रमाणहरू र सुगौली सन्धिको प्रतिलिपि विश्वका सबै महत्वपूर्ण देशका पुस्तकालय, विश्वविद्यालय र अन्तर्राष्ट्रिय संस्थाहरूमा पठाएर 'सफ्ट कूटनीति' मार्फत दबाब सिर्जना गर्नुपर्ने आवाजहरू पनि उठिरहेका छन्।

त्यसमा बुझ्नुपर्ने कुरा के छ भने नेपाल र भारतबीच सीमा विवाद समाधानका लागि 'परराष्ट्र सचिव स्तरीय संयन्त्र' पहिले नै बनेको छ। जबसम्म यो संयन्त्र जीवित रहन्छ, अन्तर्राष्ट्रिय समुदायले 'पहिले आफैं वार्ताबाट टुङ्ग्याउनुस्' भन्ने जवाफ दिने सम्भावना बढी हुन्छ। त्यसैगरी लिपुलेकको विषयमा भारत र चीन दुवै एकै ठाउँमा उभिएका छन्। दुईवटा परमाणु शक्ति सम्पन्न छिमेकी राष्ट्रहरूका विरुद्ध अन्तर्राष्ट्रिय मञ्चमा एक्लै लड्नु नेपालका लागि कूटनीतिक रूपमा निकै चुनौतीपूर्ण हुन सक्छ नेपालसँग सन् १८१६ देखिका नक्साहरू भए पनि भारतले सन् १८५० पछि आफ्नै हिसाबले बनाएका नक्साहरूलाई आधार मान्ने गरेको छ। यी विरोधाभासी नक्साहरूमध्ये कुनलाई 'अन्तिम' मान्ने भन्नेमा अन्तर्राष्ट्रिय निकायहरूमा लामो बहस हुन सक्छ।

तसर्थ, परराष्ट्र सचिव स्तरमा मात्र नभई प्रधानमन्त्री स्तरमै सिधा संवाद गरी भारतलाई वार्ताको टेबुलमा ल्याउने, नेपालले आफ्नो दाबी पुष्टि गर्ने पुराना नक्सा, जनगणनाको रेकर्ड र तिरोभरोको कागजातलाई अंग्रेजी र अन्य भाषामा अनुवाद गरी व्यवस्थित 'डोजियर' तयार पार्ने, र, लिपुलेक व्यापारिक नाका भएकोले चीनसँग पनि यो नेपालको भूमि हो र यहाँ हुने कुनै पनि सम्झौतामा नेपालको सहमति अनिवार्य छ भनी स्पष्ट कूटनीतिक संवाद गर्ने लगायतका कदमहरू चाल्नुपर्ने विज्ञहरूको सुझाव रहेको छ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।